सन्दर्भ सामग्री

# गुलरिया गाथा

## कक्षा ८

गुलरिया नगरपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रकाशकः**
गुलरिया नगरपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
गुलरिया, बर्दिया

**प्रमुख संरक्षकः**
श्री मुक्तिनाथ यादव – प्रमुख

**संरक्षकः**
श्री सावित्रा गौतम – उप प्रमुख

**सल्लाहकारः**
श्री ओमकार शाह – प्रमुख प्रशासकीय अधिकृत
श्री सतिश यादव – शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख (शाखा अधिकृत)
श्री रुपसिङ खत्री – लेखा अधिकृत

© **सर्वाधिकारः**
गुलरिया नगरपालिका

कक्षा ८ पाठ्य सामग्री निर्माण समिति
संयोजकः श्री पिताम्बर पोखेल
सदस्य : श्री प्रभात सुवेदी
सदस्य : श्री भीम प्रसाद पौडेल
सदस्य : श्री डिल्लीराज घिमिरे
सदस्य : श्री श्रीहरि ज्ञवाली
सदस्य : श्री रचना ज्ञवाली

संशोधन तथा परिमार्जन समिति
संयोजकः श्री सतिश यादव
सदस्य : श्री सूर्यलाल थारु
सदस्य : श्री श्रीहरि ज्ञवाली
सदस्य : श्री इश्वरी पौडेल
सदस्य : श्री लक्ष्मण चौधरी

**कम्प्युटर लेआउट :**
श्री प्रभात सुवेदी, श्री लक्ष्मण चौधरी

**भाषा सम्पादनः**
श्री प्रमोद कुमार तिमिल्सेना, श्री भिष्मराज ढकाल

**आवरण डिजाइनः**
श्री प्रभात सुवेदी

**पहिलो संस्करण : २०८०, असार**

**दोस्रो संस्करण : २०८१, वैशाख**

**मुद्रणः**
स्वर्गद्वारी प्रिन्टर्स भुरीगाउँ, बर्दिया
सम्पर्कः ९८४७९९२०९९, ९८६८२९२०९२

# भूमिका

मानव चेतना र सभ्यताको विकास बिना समाज परिवर्तनको कल्पना गर्न सकिदैन । समाजको परिवर्तनबाट मात्र राष्ट्रको विकास सम्भव हुने भएकोले सबै पक्षको समुचित विकासको आधारशीला नै शिक्षा हो । शिक्षा मार्फत प्रदान गरिने ज्ञान, सिप र अभिवृत्तिको हस्तान्तरण गर्ने विधिहरुमध्ये औपचारिक शिक्षा एउटा प्रमुख माध्यम हो । औपचारिक शिक्षाको प्रारम्भिक चरण भनेको आधारभूत शिक्षा हो । आधारभूत शिक्षालाई गुणस्तरीय र जीवनोपयोगी सिपमा आधारित बनाउँदै प्रभावकारी कार्यान्वयन गर्न सकिएमा शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्त गर्न सकिन्छ ।

नेपालको संविधान अनुसूची ८ मा माध्यमिक तहसम्मको शिक्षालाई सञ्चालन व्यवस्थापन र नियन्त्रण गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरेको सन्दर्भ र प्राथमिक शिक्षा पाठ्यक्रम २०४९, यसैगरी आधारभूत शिक्षा (कक्षा ६-८) पाठ्यक्रम, २०६९ तथा आधारभूत तह (कक्षा १-३) को पाठ्यक्रमले कक्षा १-३ मा साप्ताहिक ५ कार्यघण्टा र कक्षा ४-८ मा साप्ताहिक ४ कार्यघण्टाको १०० पूर्णाङ्क स्थानीय विषय/भाषा समावेश गरेकाले गुलरिया नगरपालिकाले पालिकाभित्र रहेका स्थानीय कला, संस्कृति, ऐतिहासिक परम्परा, धार्मिक, पूरातात्त्विक तथा पर्यटकीय स्थानहरुको संरक्षण र सम्बर्द्धन गर्ने उद्देश्यका साथ "गुलरिया गाथा" स्थानीय पाठ्यक्रम निर्माण गरी शैक्षिक सत्र २०७९ देखि पालिकाभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुमा लागु गर्नेगरी तयार गरिएकोमा पाठ्यक्रममा निर्दिष्ट विषयवस्तुहरुको सिकाइका लागि कक्षा १ देखि ८ सम्मको पाठ्य सामग्रीको दोस्रो संस्करण आवश्यक संशोधन तथा परिमार्जनका साथ तयार गरिएको छ ।

प्रस्तुत सन्दर्भ सामग्रीबाट नगर क्षेत्रमा रहेका महत्त्वपूर्ण विषयवस्तुहरुको परिचय गराई बालबालिकाहरुलाई आफ्नो ठाउँका कला र संस्कृतिसँग परिचित गराउन र आफ्नोपनको सकारात्मक सोचको विकास गराउँदै श्रमप्रति सम्मान गर्ने, स्वाभिमानी तथा स्वावलम्बी धारणाको विकास गर्ने, राष्ट्रिय पाठ्यक्रमले समेट्न नसकेका स्थानीय तहका विषयवस्तुहरूसँग परिचित गराउन सहयोग पुग्ने अपेक्षा गरिएको छ । यो पाठ्यसामग्री गुलरिया नगरपालिकाको शिक्षाको उद्देश्य हासिल गर्ने, स्थानीय विषयवस्तु ज्ञान, सिप, संस्कृति, प्राकृतिक सम्पदाको सम्भावना आदिलाई समेटेर तयार गरिएकोले बालबालिकाहरुको सिकाइमा सघाउ पुग्ने छ ।

गुलरिया नगरपालिकाले तयार गरेको पाठ्यक्रम अनुरुपका विषयवस्तुका साथै यस क्षेत्रको कला, संस्कृति, धर्म, कृषि, पर्यटन, सम्पदा, स्थानीय पेसा व्यवसाय र प्रविधिलाई पाठ्य सामग्रीमा समेटिएको छ । गुलरिया नगरपालिकामा लामो समयसम्म कार्यरत अनुभवी शिक्षकहरुको विज्ञ समूहबाट छलफल, अन्तर्क्रिया तथा कार्यशाला बैठकको आयोजना गरी तथा स्थलगत भ्रमण समेत गरी आफ्नो मिहिनेत र लगनबाट यो पाठ्य सामग्री तयार गर्न महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने सबैप्रति गुलरिया नगरपालिका हार्दिक कृतज्ञता व्यक्त गर्दछ । गुलरिया नगरपालिकाको पाठ्यक्रम कार्यान्वयनलाई प्रभावकारी बनाई बालबालिकालाई गुणस्तरीय शिक्षाको अवसर सुनिश्चित गर्ने कार्यमा सम्बद्ध सबैबाट सक्रिय योगदानको समेत अपेक्षा गरिएको छ । कक्षा १ देखि ८ सम्म प्रकाशन गरिएको सन्दर्भ सामग्रीलाई अझै प्रभावकारी बनाउनका लागि यस नगरपालिकाले सामग्री प्रयोगकर्ता लगायत सम्बन्धित सबै पक्षबाट निरन्तर रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छ । प्राप्त सुझावहरुका आधारमा आगामी संस्करणहरुमा परिमार्जन गर्दै लगिने छ ।

**मुक्तिनाथ यादव**
**नगर प्रमुख**

# विषय - सूची



| एकाइ | विषयवस्तु | पृष्ठ सङ्ख्या |
|---|---|---|
| **एकाइ-एक** | **हाम्रो गुलरिया** | **१** |
| पाठ १ | : हाम्रो गुलरिया : हाम्रो प्रदेश | २ |
| पाठ २ | : हाम्रो प्रदेश : हाम्रो पालिका | ४ |
| पाठ ३ | : स्थानीय तहका अङ्गहरु | ९ |
| पाठ ४ | : स्थानीय ऐन तथा नियमावलीहरु | १४ |
| **एकाइ-दुई** | **हाम्रो संस्कार, संस्कृति र परम्परा** | **१६** |
| पाठ १ | : परम्परागत सङ्गठन प्रणाली | १७ |
| पाठ २ | : हाम्रा संस्कारहरु | २१ |
| पाठ ३ | : सामाजिक समस्या र समाधान | ३१ |
| **एकाइ-तिन** | **स्थानीय पेशा व्यवसाय र प्रविधि** | **३७** |
| पाठ १ | : परम्परागत तथा आधुनिक सिप | ३८ |
| पाठ २ | : हाम्रा स्थानीय प्रविधिहरू | ४३ |
| पाठ ३ | : हाम्रो कृषि प्रणाली | ४८ |
| पाठ ४ | : कृषि उत्पादन र बजारीकरण | ५४ |
| पाठ ५ | : परम्परागत यातायातका साधनहरू | ५७ |
| पाठ ६ | : पशुजन्य उत्पादन | ५९ |
| **एकाइ-चार** | **हरियाली विद्यालय र स्वच्छ नगर** | **६२** |
| पाठ १ | : स्वच्छ समुदाय | ६३ |
| पाठ २ | : इको क्लब | ६५ |
| पाठ ३ | : हरियाली नगर निर्माणका आधारभूत कार्यहरू | ६८ |
| पाठ ४ | : फोहोर व्यवस्थापन | ७१ |
| **एकाइ-पाँच** | **विपद् सावधानी र सुरक्षा व्यवस्थापन** | **७४** |
| पाठ १ | : विपद् | ७५ |
| पाठ २ | : प्रकोप व्यवस्थापन | ७९ |
| पाठ ३ | : मनोपरामर्श | ८१ |
| पाठ ४ | : सवारी चालक अनुमतिपत्र | ८४ |
| **एकाइ-छ** | **हाम्रो सम्पदा** | **८८** |
| पाठ १ | : स्थानीय सम्पदा | ८९ |
| पाठ २ | : जिल्लाका सम्पदाहरु | ९३ |
| पाठ ३ | : लुम्बिनी प्रदेशका प्रमुख सम्पदाहरु | ९६ |
| पाठ ४ | : सम्पदाको संरक्षण | १०१ |

# एकाइ १

# हाम्रो गुलरिया

**सिकाइ उपलब्धि**

- लुम्बिनी प्रदेशको नक्सा कोर्न र बर्दिया जिल्लाका पालिका र मुख्य मुख्य स्थानहरु देखाउन,
- नगर सभाको बैठक बस्ने विधि काम कर्तव्य र अधिकार बारे बताउन,
- नगरकार्यपालिकाको व्यबस्थापिका र न्यायिक समितिको काम कर्तव्य र अधिकार बारे बताउन र
- नगरपालिकाले जारी गरेका मुख्य-मुख्य ऐन र नियमावलीको संक्षिप्त जानकारी दिन ।



# पाठ १

## हाम्रो गुलरिया : हाम्रो प्रदेश

### गुलरिया गाथा

रचना : प्रभात सुवेदी

गाउँछौँ गाथा गुलरियाको ।
हाम्रो आफ्नै फुलरियाको ॥

पूर्वे पऱ्यो बढैयाताल, पश्चिम मधुवन हजुर ।
उत्तर पऱ्यो बारबर्दिया, दक्षिण आफ्नै सूरजपुर ॥
सरयू नदी, बेल र कुश, कृष्णसार, खैरापुर ।
तपोभूमि, स्वर्गैतुल्य, उर्वर हाम्रो भूमि हजुर ॥

अनेक धर्म, भाषाभाषी, आफ्नै मौलिक संस्कृति ।
बचाउनु छ परम्परा, हटाउँदै विकृति ॥
रम्दै गर्छौं खेतीपाती, उन्नत बिउ लगाउँदै ।
पशुपालन, बगर खेती, प्रविधिमा रमाउँदै ॥

स्वच्छ नगर, हरियाली, सौन्दर्यको खानी यो ।
सफा सुग्घर, मिठो वचन, यही राम्रो बानी हो ॥
मठमन्दिर, गुम्बा, मस्जिद, चर्च हाम्रा धरोहर ।
अलौकिक शक्तिप्रति, विश्वास हाम्रो बरोबर ॥

**शब्दार्थ :**

**गाथा :** कसैको प्रशंसा वा गुणगान

**फुलरिया :** बगैँचा

**तपोभूमि :** तपस्या गर्ने ठाउँ

**उर्वर :** अन्नपात खुब उब्जनी हुने, मलिलो

**मठमन्दिर :** देवताको अर्चना गर्ने स्थल

**गुम्बा :** बौद्ध धर्मावलम्बीहरूको देवालय

**चर्च :** इसाईहरुले उपासना गर्ने भवन

**अलौकिक :** अनौठो, यस लोकमा नभएको

**अभ्यास :**

१. **'गुलरिया गाथा'** गीतमा गुलरिया नगरपालिकालाई कसरी चिनाइएको छ ?

२. गीतमा गुलरिया नगरपालिकाको भौगोलिक विशेषतालाई कसरी समेटिएको छ ?

३. गीतले नगरवासीहरूलाई कस्तो सामाजिक सन्देश प्रवाह गर्न खोजेको छ ? लेख्नुहोस् ।

४. दिइएको अन्तरालाई व्याख्या गर्नुहोस् :

अनेक धर्म, भाषाभाषी, आफ्नै मौलिक संस्कृति ।
बचाउनु छ परम्परा, हटाउँदै विकृति ॥
रम्दै गर्छौं खेतीपाती, उन्नत बिउ लगाउँदै ।
पशुपालन, बगर खेती, प्रविधिमा रमाउँदै ॥

५. **'गुलरिया गाथा'** गीतमा गुलरिया नगरपालिकालाई पवित्र, स्वर्गभूमि र तपोस्थलका रुपमा चिनाइएको छ, कसरी ? गीतका आधारमा लेख्नुहोस् ।

**क्रियाकलाप :**

१. 'गुलरिया गाथा' गीतलाई कक्षाका सबै साथीहरूले लय मिलाई गाउनुहोस् ।

२. लुम्बिनी प्रदेश वा गुलरिया नगरपालिकामा भएका प्रमुख चिनारी तथा विशेषताहरू समेटी एउटा गीत वा कविता रचना गरी शिक्षकलाई देखाउनुहोस् । (एउटा स्थायी र कम्तीमा दुई अन्तरा हुनुपर्ने छ । नमुनाका लागि एउटा कविता दिइएको छ ।)

खेल्दै छन् वनमा मयूर लहरै ती बाघगैँडा पनि
भन्छन् आउ सबै म नाच गरुँला ती कृष्णसारै भनी ।
जप्दै छौँ मनले चढाइ जल यो ठाकुरका पाउमा
सङ्गसङ्गै वनमा गरेर सयरै यी हर्षका गाउँमा ॥ - प्रभात सुवेदी

(विशेष निर्देशन : यो क्रियाकलापमा शिक्षकहरुले विद्यार्थीहरुका लागि विशेष सहजीकरण गरिदिने र आवश्यक पृष्ठपोषण पनि दिने ।)

## पाठ २ हाम्रो प्रदेश : हाम्रो पालिका

### २.१ हाम्रो प्रदेश :

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राज्य संरचनाको व्यवस्था गरेको छ । संविधान बमोजिम नेपाललाई ७ प्रदेशमा विभाजन गरिएको छ जसमध्ये हाम्रो प्रदेशको नाम लुम्बिनी प्रदेश हो । यो प्रदेशले नेपालको कुल भूभागको १५.१ प्रतिशत भूभाग ओगटेको छ। यो प्रदेशको क्षेत्रफल २२,२८८ वर्ग कि.मि. रहेको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार यस प्रदेशको कुल जनसङ्ख्या ५१,२२,०७८ रहेको छ । यस प्रदेशको पूर्वतर्फ गण्डकी प्रदेश, पश्चिमतर्फ सुदूरपश्चिम प्रदेश, उत्तरतर्फ गण्डकी प्रदेश र कर्णाली प्रदेश तथा दक्षिणतर्फ भारत पर्दछ । यस प्रदेशमा नवलपरासी (बर्दघाट सुस्ता पश्चिम), रुपन्देही, कपिलवस्तु, पाल्पा, अर्घाखाँची, गुल्मी, रुकुम (पूर्व), रोल्पा, प्युठान, बाँके, दाङ, बर्दिया गरी तराई र पहाडी प्रदेशका १२ओटा जिल्लाहरु समेटेर बनेको यो प्रदेशको तराईमा वर्षभरि गर्मी हावापानी पाइन्छ भने पहाडमा मध्यम किसिमको हावापानी पाइन्छ । लुम्बिनी प्रदेशबाट प्रतिनिधि सभामा २६ र राष्ट्रिय सभा मा ८ जना सदस्यहरुले प्रतिनिधित्व गर्ने व्यवस्था रहेको छ भने प्रदेश सभा प्रत्यक्ष निर्वाचित ५२ जना र समानुपातिक तर्फ ३५ जना गरी जम्मा ८७ सदस्यीय रहने व्यवस्था छ। यस प्रदेशमा जम्मा १०९ ओटा स्थानीय तहहरु छन् जसमध्ये ४ ओटा उपमहानगरपालिका, ३२ओटा नगरपालिका र ७३ ओटा गाउँपालिका रहेका छन् । लुम्बिनीको राजधानी राप्ती उपत्यका (देउखुरी) दाङमा रहेको छ । यस प्रदेशका ठूला सहरहरु रुपन्देही जिल्लाको बुटवल र सिद्धार्थ नगर, बाँके जिल्लाको नेपालगञ्ज, पाल्पा जिल्लाको तानसेन र दाङ जिल्लाको घोराही र तुलसीपुर हुन् । एसियाकै ठुलो दाङ उपत्यका र सिस्ने लगायतका हिमालहरु यस प्रदेशमा पर्दछन् ।


लुम्बिनी प्रदेशका जनताहरुको प्रमुख पेसा कृषि हो भने कृषि बाहेक होटल, पर्यटन व्यवसाय तथा नोकरीमा पनि मानिसहरु संलग्न छन् । भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनी तथा स्वर्गद्वारी यहाँका प्रमुख धार्मिक पर्यटकीय स्थल हुन् । त्यस्तै वागेश्वरी मन्दिर, रामग्राम, सुपादेउराली, पाल्पाको भैरवनाथ, रुरुक्षेत्र, रानीमहल आदि यस प्रदेशका धार्मिक स्थल हुन् । यस बाहेक बर्दिया राष्ट्रिय निकुञ्ज, बाँके राष्ट्रिय निकुञ्ज, कृष्णसार संरक्षण क्षेत्र पनि पर्यटनका लागि प्रसिद्ध छन् ।

नेपालको कुल जनसङ्ख्याको १७.५६ प्रतिशत जनसङ्ख्या रहेको यो प्रदेशमा जातीय तथा भाषिक विविधता रहेको छ । ब्राह्मण, क्षेत्री, मगर, थारु, तामाङ, मुसलमान आदि यहाँका प्रमुख जातजाति हुन् भने नेपाली, थारु, अवधि, भोजपुरी, मगर र उर्दु आदि यो प्रदेशमा बोलिने प्रमुख भाषाहरु हुन् ।

## २.२ नगरपालिका :

गाउँपालिका भन्दा अलि ठुलो क्षेत्र र जनसङ्ख्या समेटेको स्थानीय तहलाई नगरपालिका भनिन्छ । यो एक भौगोलिक तथा प्रशासनिक इकाइ हो ।

### गुलरिया नगरपालिका :




गुलरिया नगरपालिका नेपालको लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा अवस्थित जिल्ला सदरमुकाम पनि हो । यो नगरपालिका नेपालगञ्ज उपमहानगरपालिकादेखि ३५ किलोमिटर पश्चिममा पर्दछ । वि.सं. २०५३ साल माघ ११ गते बर्दिया जिल्लाका तत्कालीन खैरापुर, मथुराहरद्वार र गुलरिया गाउँ विकास समितिलाई समायोजन गरी गुलरिया नगरपालिका घोषणा गरिएको थियो । वि.सं. २०७३ सालमा स्थानीय तह लागु हुँदा साविकको गुलरिया नगरपालिकाका र मोहम्मदपुर गाउँ विकास समितिलाई समेटेर गुलरिया नगरपालिकाको क्षेत्र विस्तार गरिएको हो । राष्ट्रिय जनगणना २०७८ अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या ७४,५०५ रहेको छ । यसको क्षेत्रफल ११८.२१ वर्ग किलोमिटर रहेको छ । यस नगरपालिकाको सिमाना पूर्वमा वढैयाताल गाउँपालिका, पश्चिममा मधुवन नगरपालिका, उत्तरमा बारबर्दिया नगरपालिका र दक्षिणमा भारतको उत्तरप्रदेश (बहराइच जिल्ला) पर्दछ ।

**परियोजना कार्य :**

१. ५-५ जनाको समूह बनाई लुम्बिनी प्रदेशको नक्सा कोर्नुहोस र बर्दिया जिल्लाका पालिकाहरु देखाउनुहोस् ।

२. ५-५ जनाको समूह बनाई लुम्बिनी प्रदेशको नक्सा कोर्नुहोस् र निम्न स्थानहरु देखाउनुहोस् ।

क) बबई (भादा) नदी

ख) कृष्णसार संरक्षण क्षेत्र

ग) वागेश्वरी मन्दिर (नेपालगञ्ज)

घ) लुम्बिनी

## २.३ नगरसभा

नगरपालिकाको व्यवस्थापकिय कार्य गर्ने अङ्गलाई नगरसभा भनिन्छ । नेपालको संविधानको धारा २२३ मा नगरसभाको व्यवस्था रहेको छ । नगरप्रमुखको अध्यक्षतामा देहाय बमोजिम नगरसभाको गठन हुन्छ :

क) नगरप्रमुख

ख) नगर उपप्रमुख

ग) हरेक वडाबाट निर्वाचित वडाध्यक्ष

घ) हरेक वडाबाट निर्वाचित एक महिला र एक दलित महिला सहित चारजना सदस्यहरु

ङ) दलित वा अल्पसङ्ख्यक समुदायवाट निर्वाचित नगर कार्यपालिकाका तीनजना सदस्यहरु

### बैठक बस्ने विधि

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ४ दफा १९ मा व्यवस्था भए बमोजिम नगरसभाको बैठक :

१) सभाको बैठक सामान्यतया वर्षको २ पटक बस्ने छ ।

२) सभाको बैठक अध्यक्ष वा प्रमुखले बोलाउने छ ।

३) सभाका एक तिहाई सदस्यहरुले सभाको बैठक बोलाउन आवश्यक छ भनी अध्यक्ष वा प्रमुख समक्ष विषय वा कारण खुलाई लिखित अनुरोध गरेमा १५ दिनभित्र अध्यक्ष वा प्रमुखले सभाको विशेष बैठक बोलाउनु पर्ने छ ।

४) सभाको बैठक बस्ने मिति, समय, स्थान र बैठकको कार्यसूची सहितको सूचना बैठक बस्ने दिन भन्दा कम्तीमा ७ दिन अगावै अध्यक्ष वा प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले सभाका सबै सदस्यलाई पठाउनुपर्ने छ ।

५) सभामा तत्काल कायम रहेका सम्पूर्ण सदस्य सङ्ख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सभाको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

६) सभाको बैठकको अध्यक्षता अध्यक्ष वा प्रमुखले र निजको अनुपस्थितिमा उपाध्यक्ष वा उपप्रमुखले गर्ने छ ।

७) सभाको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा सभाको बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

८) सभाको बैठकको निर्णय सभाको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गर्नुपर्ने छ ।

९) प्रमुख प्रशासकीय अधिकृतले सभाको सचिव भइ काम गर्ने छ ।

१०) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

११) यस दफामा रहेको व्यवस्था प्रदेश कानुनले सभाको बैठक सम्बन्धमा अन्य व्यवस्था नगरेसम्म मात्र लागु हुनेछ ।

**नगरसभाको काम कर्तव्य र अधिकार**

नगरसभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

- संघीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय ऐन कानुन तर्जुमा गर्ने,
- ऐन कानुनलाई समय अनुकुल संशोधन गर्ने,
- बजेट पारित गर्ने,
- नीति तथा कार्यक्रम पारित गर्ने,

- बजेट संशोधन तथा रकमान्तर गर्ने,
- विधेयक पारित तथा प्रमाणिकरण गर्ने र
- मध्यकालीन तथा दिर्घकालीन योजना पारित गर्ने ।

**अभ्यास :**

१) नगरसभाको गठन विधि लेख्नुहोस् ।

२) नगरसभाको काम कर्तव्य र अधिकार उल्लेख गर्नुहोस् ।

**सामुहिक कार्य :**

१) कक्षामा नगरसभाको बैठक बसेको अभिनय गर्नुहोस् ।

# पाठ ३

## स्थानीय तहका अङ्गहरू

नेपालको संविधान ले स्थानीय तहमा स्थानीय कार्यपालिका, स्थानीय व्यवस्थापिका र न्यायिक समिति गरी सरकारका तीन वटै अङ्गहरुको व्यवस्था गरेको छ । यिनीहरुको छोटकरीमा तल चर्चा गरिन्छ ।

### (क) स्थानीय कार्यपालिका

स्थानीय तहको सम्पूर्ण कार्य विभाजन र सम्पादन गर्ने कार्यकारिणी अङ्गलाई स्थानीय कार्यपालिका भनिन्छ। नेपालको संविधानको भाग १७ मा स्थानीय कार्यपालिकाको व्यवस्था गरिएको छ । स्थानीय कार्यपालिका अन्तर्गत गाउँपालिकामा गाउँ कार्यपालिका र नगरपालिकामा नगर कार्यपालिका रहने व्यवस्था छ । नगरपालिकामा नगरप्रमुखको अध्यक्षतामा देहाय बमोजिमको नगर कार्यपालिकाको गठन हुन्छ ।

| | | |
|---|---|---|
| १. | नगरप्रमुख | कार्यपालिका प्रमुख |
| २. | नगर उपप्रमुख | कार्यपालिका उपप्रमुख |
| ३. | हरेक वडाका वडा अध्यक्षहरु | सदस्य |
| ४. | नगर सभाले सभाका सदस्यहरूमध्येबाट निर्वाचित गरेको पाँचजना महिला सदस्यहरु | सदस्य |
| ५. | नगर सभाले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका तीनजना सदस्यहरु | सदस्य |

| गुलरिया नगरपालिकाको नगर कार्यपालिका गठन | |
|---|---|
| १. नगरप्रमुख (कार्यपालिका प्रमुख) | - १ जना |
| २. नगर उपप्रमुख | - १ जना |
| ३. वडा अध्यक्ष | - १२ जना |
| ४. नगर सभाले सभाका सदस्यहरूमध्येबाट निर्वाचित गरेको महिला सदस्यहरु | - ५ जना |
| ५. नगर सभाले दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित गरेका सदस्यहरु | - ३ जना |
| | जम्मा - २२ जना |

### स्थानीय कार्यपालिकाको काम कर्तव्य र अधिकार

स्थानीय कार्यपालिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१) स्थानीय कानुन बनाउन गाउँ/नगरसभामा विधेयक पेश गर्ने,

२) गाउँ/नगरसभाले बनाएका स्थानीय कानुन लागु गर्ने

३) स्थानीय सरकारको वार्षिक बजेट तथा कार्यक्रम बनाउने

४) संघ र प्रदेश सरकारको योजना तथा कार्यक्रम मुताबिक स्थानीय तहको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने गराउने

### (ख) स्थानीय व्यवस्थापिका

स्थानीय तहका लागि आवश्यक कानुन निर्माण गर्ने विधायिकी अङ्गलाई स्थानीय व्यवस्थापिका भनिन्छ । नेपालको संविधानको भाग १८ मा स्थानीय व्यवस्थापिका सम्बन्धि व्यस्था गरिएको छ। स्थानीय व्यवस्थापिका अन्तर्गत गाउँपालिकामा गाउँसभा र नगरपालिकामा नगरसभा पर्दछन्। नगरपालिकामा नगरप्रमुखको अध्यक्षतामा देहाय बमोजिम नगरसभा गठन हुन्छ ।

| | |
|---|---|
| १. नगरप्रमुख | अध्यक्ष |
| २. नगर उपप्रमुख | उपाध्यक्ष |
| ३. हरेक वडाबाट निर्वाचित वडा अध्यक्ष | सदस्य |
| ४. हरेक वडाबाट निर्वाचित एक महिला र एक दलित महिला सहित चारजना सदस्यहरु | सदस्य |

५. दलित वा अल्पसंख्यक समुदायवाट निर्वाचित नगर कार्यपालिकाका तीनजना सदस्यहरु — सदस्य

| गुलरिया नगरपालिकाको नगरसभा गठन | |
|---|---|
| १. नगरप्रमुख | - १ जना |
| २. नगर उपप्रमुख | - १ जना |
| ३. वडा अध्यक्ष | - १२ जना |
| ४. हरेक वडाबाट निर्वाचित एक महिला र एक दलित महिला सहित चारजना सदस्यहरु | - ४८ जना |
| ५. दलित वा अल्पसङ्ख्यक समुदायवाट निर्वाचित नगर कार्यपालिकाका तीनजना सदस्यहरु | - ३ जना |
| | जम्मा - ६५ जना |

**स्थानीय व्यवस्थापिकाको काम कर्तव्य र अधिकार**

स्थानीय व्यवस्थापिकाको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ :

१) संघीय तथा प्रादेशिक कानुनको अधीनमा रही स्थानीय ऐन कानुन तर्जुमा गर्ने,

२) स्थानीय ऐन कानुन निर्माण गर्ने

३) स्थानीय ऐन कानुन समय अनुकुल संशोधन गर्ने

४) गाउँ/नगरपालिकाले पेश गरेको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने

५) नीति तथा कार्यक्रम पारित गर्ने

६) बजेट पारित गर्ने, बजेट संशोधन तथा रकमान्तर गर्ने

७) विधेयक पारित तथा प्रमाणिकरण गर्ने

## (ग) न्यायिक समिति

नेपालको संविधानको भाग १७ धारा २१७ बमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न स्थानीय तहका उपप्रमुखको संयोजकत्वमा गठन हुने तीन सदस्यीय समितिलाई न्यायिक समिति भनिन्छ । नगरपालिकामा नगर उपप्रमुखको संयोजकत्वमा देहाय बमोजिम न्यायिक समिति गठन हुन्छ ।

| | | |
|---|---|---|
| १ | नगर उपप्रमुख | संयोजक |
| २ | नगर सभाले आफुमध्येबाट निर्वाचित गरेका दुई जना सदस्यहरु | सदस्य |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ८ दफा ४७ अनुसार न्यायिक समितिको अधिकार क्षेत्र देहाय बमोजिम रहेको छ। न्यायिक समितिलाई देहायका विवादको निरुपण गर्ने अधिकार हुनेछ :

क) आलीधुर, बाँध पैनी, कुलो वा पानीघाटको बाँडफाँट तथा उपयोग,

ख) अर्काको बाली नोक्सानी गरेको,

ग) चरन, घाँस, दाउरा

घ) ज्याला मजदुरी नदिएको,

ङ) घरपालुवा पशुपंक्षी हराएको वा पाएको,

च) जेष्ठ नागरिकको पालनपोषण तथा हेरचाह नगरेको,

छ) नावालक छोराछोरी वा पति पत्नीलाई इज्जत आमदअनुसार खान लाउन वा शिक्षादीक्षा नदिएको,

ज) वार्षिक पच्चीस लाख रुपैयाँसम्मको विगो भएको घर वहाल र घर बहाल सुविधा,

झ) अन्य व्यक्तिको घर, जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रुख विरुवा लगाएको

ञ) आफ्नो घर वा बलेसीबाट अर्काको घर, जग्गा वा सार्वजनिक बाटोमा पानी झारेको

ट) सँधियारको जग्गा तर्फ झ्याल राखी घर बनाउनु पर्दा कानुन बमोजिम छोड्नुपर्ने परिमाणको जग्गा नछोडी बनाएको

ठ) कसैको हक वा स्वामित्वमा भए पनि परापूर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउने चौर, कुलो, नहर, पोखरी, पाटी पौवा, अन्त्यष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुऱ्याएको ।

ड) संघीय वा प्रदेश कानुनले स्थानीय तहबाट निरुपण हुने भनी तोकेका अन्य विवाद।

**न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र विवादको निरुपण गर्ने अधिकार हुनेछ :**

क) सरकारी सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो एक अर्काको हकको जग्गा च्यापी वा मिची वा मिसाई खाएको

ख) सरकारी सार्वजनिक वा सामुदायिक बाहेक आफ्नो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको,

ग) पति पत्नी बिचको सम्बन्ध विच्छेद,

घ) अङ्गभङ्ग बाहेकको बढीमा एक वर्षसम्म कैद हुन सक्ने कुटपिट,

ङ) गाली बेइज्जती,

च) लुटपिट

छ) पशुपंक्षी छाडा छोडेको वा पशुपंक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको,

ज) अरुको आवासमा अनाधिकृत प्रवेश गरेको,

झ) अर्काको हक भोगमा रहेको जग्गा आबाद वा भोगचलन गरेको,

ञ) ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्‍याएको

ट) प्रचलित कानुन बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति बादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी विवाद ।

# पाठ ४



## (क) गुलरिया नगरपालिकाको शिक्षा ऐन, २०७५

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता तथा मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय र राष्ट्रिय तथा विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धात्मक जनशक्ति तयार गर्न यस गुलरिया नगरपलिकाभित्र स्थापना हुने, स्थापना भई संचालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न शिक्षा ऐनमा गरेका व्यवस्थाहरू :

- नगर शिक्षा समिति सम्बन्धी व्यवस्था
- नगर शिक्षा अधिकृतको काम कर्तव्य र अधिकार
- विद्यालय व्यवस्थापन समिति
- सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
- संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धाण, अनुगमन र नियमन
- परीक्षा सञ्चालन तथा गुणस्तर मापन

## (ख) गुलरिया नगरपालिकाको सहकारी ऐन, २०७५

सहकारी मूल्य मान्यता र सिद्धान्त अनुरुप स्थानीय स्तरमा छरिएर रहेको पूँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिक समानताका आधारमा एकीकृत गर्दै सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न समुदायमा आधारित सदस्य केन्द्रित लोकतान्त्रिक स्वायत्त र सुशासित संगठनको रुपमा सहकारी संस्थाहरुको प्रवर्धन गर्न सहकारी खेती, उद्योग, वस्तु तथा सेवा व्यवसायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवम् दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता सञ्चालन एवं नियमन सम्बन्धी व्यवस्था गर्न यो ऐन जारी गरिएको हो ।

**गुलरिया नगरपालिकाले जारी गरेका ऐनहरु**

- गुलरिया नगरपालिका कर्मचारी समायोज ऐन, २०७८
- गुलरिया नगरपालिका शिक्षा ऐन, २०७५
- गुलरिया नगरपालिकाको सहकारी ऐन, २०७५
- गुलरिया नगरपालिकाको विनियोजन ऐन, २०७५
- गुलरिया नगरपालिकाको न्यायिक समिति सम्बन्धी ऐन, २०७५
- गुलरिया नगरपालिकाको आर्थिक कार्यविधि नियमित गर्न बनेको ऐन, २०७५
- गुलरिया नगरपालिकाको कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५
- गुलरिया नगरपालिकाको विनियोजन ऐन, २०७५
- गुलरिया नगरपालिकाको स्थानीय कृषि व्यवसाय प्रवर्धन ऐन, २०७५

**गुलरिया नगरपालिकाले जारी गरेका निर्देशिका कानुनहरु**

- गुलरिया नगरपालिकाको जग्गा खण्डीकरण नियन्त्रण मापदण्ड, २०७९
- गुलरिया नगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण, २०७९
- गुलरिया नगरपालिकाको कार्यसम्पादन नियमावली, २०७५
- गुलरिया नगरपालिकाको बजेट योजना दिग्दर्शन, २०७५
- गुलरिया नगरपालिकाको नगरकार्यपालिकाको निर्णय आदेश वा अधिकार पत्रको प्रमाणिकरण नियमावली, २०७५
- गुलरिया नगरपालिकाको बजार अनुगमन निर्देशिका, २०७५

**अभ्यास :**

१) गुलरिया नगरपालिकाले जारी गरेका ऐन तथा नियमावलीको सूची तयार पार्नुहोस् ।

२) गुलरिया नगरपालिकाले जारी गरेको कुनै एउटा नियमावली उल्लेख गर्नुहोस् ।

३) कुनै पनि स्थानीय तहले ऐन नियम बनाएर लागु गर्नुको मुख्य उद्देश्य के-के हुन् सक्छन् ? खोजी गरी कक्षामा प्रदर्शन गर्नुहोस् ।

# एकाइ ७

# हाम्रो संस्कार संस्कृति र परम्परा

## सिकाइ उपलब्धि

- परम्परागत सङ्गठन प्रणाली (बडघर प्रथा, महतिया, पञ्चप्रथा आदि) को काम कर्तव्य र अधिकार तथा महत्त्व बताउन
- नगरपालिकाभित्रका समुदायको संस्कार संस्कृतिको परिचय, महत्त्व र प्रवर्धनका उपायहरु भन्न ।
- समुदायमा विद्यमान सामाजिक समस्याहरु जस्तै: कमलरी प्रथा, कमैया प्रथा, बाल विवाह, गौना, थौना, बहुविवाह, दाईजो आदि प्रथाका निराकरणका उपायहरु बताउन ।



नेपाल बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक देश हो । यहाँका जातजातिका आ-आफ्नै परम्परागत सङ्गठन प्रणाली रहेका छन् । हामी यो पाठमा बडघर प्रथा, महतिया प्रथा र पञ्च प्रथाका बारेमा चर्चा गर्नेछौं ।

### (क) बडघर प्रथा :



थारु समुदायमा आफ्नो समुदायको नेतृत्त्व गर्ने व्यक्तिलाई बडघर भनिन्छ । यो प्रचलन थारु समुदायमा प्राचीन कालदेखि चलनचल्तीमा रहेको छ । थारु समुदायमा माघे सङ्क्रान्ति (माघी) लाई नयाँ वर्षको रुपमा मनाउने चलन छ। विशेष गरेर माघ महिनाको दोस्रो दिनमा गाउँभरिका सबै मानिसहरु एकै ठाँउमा भेला भएर सबैको सहमतिमा प्रजातान्त्रिक तरिकाले गाउँको नेतृत्त्व गर्ने व्यक्ति छनौट गरिन्छ र यसै व्यक्तिलाई बडघर भन्ने प्रचलन रहेको छ। यो विशेष गरेर एक वर्षको लागि चुनिन्छ। थारु समुदायमा अत्यन्तै महत्त्वपूर्ण प्रचलनका रुपमा यस प्रचलनलाई लिइने भएकोले हालसम्म पनि यो प्रचलन कायमै रहेको छ ।

**बडघरको काम, कर्तव्य र अधिकार**

- गाउँघरमा हुने साना-तिना झैझगडा र विवाद मिलाउने ।
- गाउँका मानिसहरुलाई कामको बिभाजन गरी काममा लगाउने ।
- आफ्नो गाउँको बाटोघाटो सरसफाइ गराउने ।
- गाउँघरमा कसैलाई समस्या परेमा सहयोग जुटाउने ।
- गाउँघरमा कसैले बदमासी गरेमा उसलाई चेतावनीस्वरुप दण्ड, जरिबाना तिराउने।
- गाउँघरमा विवाह, भोज, मर्दापर्दा कामको बाँडफाड गरी काममा लगाउने ।

**बडघर प्रथाको महत्त्व :**

- गाउँघरमा अनुशासन कायम राख्न मद्दत पुगेको छ ।
- गाउँमा कुनै समस्या परेमा बडघरकोमा जाने चलन छ । बडघरले नै सबैको सहयोगमा समस्यालाई समाधान गर्ने गरेको छ ।
- गाउँका मानिसहरुलाई कामको बाँडफाँड गरी काममा लगाउनाले गाउँको विकास गर्नमा मद्दत पुगेको छ ।
- जरिबाना तिर्नुपर्ने डरले समाजमा अवाञ्छित क्रियाकलापहरुमा कमी आएको छ ।
- जनसहभागितामा काम गरिने हुनाले सामाजिक कामहरु गर्न सजिलो भएको छ ।

**(ख) महतिया प्रथा :**

तराईमा बसोबास गर्ने मधेसी समुदायमा आफ्नो निश्चित क्षेत्रमा नेतृत्त्व गर्नको लागि तोकिएको व्यक्तिलाई महतिया भन्ने प्रचलन रहेको छ। मधेसी समुदायमा यो प्रचलन प्राचिन कालदेखि रहेको छ । यस प्रथाले समाजमा रहेका विकृतिलाई हटाउन, जनतालाई न्याय दिलाउन र समाजमा रहेका समस्याहरुलाई समाधान गर्नको लागि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। यस प्रथामा महतियाको आदेशअनुसार कामको बाँडफाँड गर्ने, गलत काम गर्ने जो कोहीलाई पनि दण्ड जरिबाना तोक्ने प्रचलन रहेको छ। यस समुदायमा कुनै पनि ठूला कार्यक्रममा गाउँका सबै व्यक्ति महतिया सँगै बसेर खाना खाने चलन रहेको छ । यसरी भोज खाने समयमा नै कसैलाई दण्ड जरिबाना तोक्नु पर्ने भएमा तोक्ने प्रचलन छ। यसरी दण्ड जरिबाना तोकिएको व्यक्तिले पुनः गाउँका सबै मानिसहरुलाई भोज (भण्डारा) खुवाई सजायबाट मुक्त हुने फुकुवा हुने (जरिबानाबाट मुक्त) हुन्छ । शिक्षाको विकास, कानुनको ज्ञान, सामाजिक सचेतना सँगसगै आजभोलि यो प्रथा घट्दो क्रममा रहेको छ। आजकल यो प्रथा केही समुदायमा मात्र प्रचलनमा रहेको पाइन्छ ।

**महतिया को हुन् ?**

- महतिया गाउँको सबैभन्दा प्रतिष्ठित व्यक्ति ।
- गाउँको नीति नियम बनाउने आधिकारिक व्यक्ति ।
- समाजमा अनुशासन कायम गर्न दण्ड जरिबाना र पुरस्कार तोक्ने अधिकार प्राप्त व्यक्ति ।

- गाउँमा कामको बाँडफाँड गर्ने अधिकार प्राप्त व्यक्ति ।

**महतिया प्रथाको महत्त्व :**

- गाउँमा अनुशासन कायम गर्न यस प्रथाले महत्त्वपूर्ण भूमिका खेलेको छ ।
- समाजमा हुने झै-झगडालाई मिलाई न्याय स्थापित गर्न ।
- समाजको कुशल नेतृत्त्वकर्ताको रुपमा रही सामाजिक कार्यमा सक्रिय रहन ।
- गाउँको संरक्षण कर्ता, गाउँमा शान्ति सुव्यवस्था कायम गर्न ।

**(ग) पञ्च प्रथा :**

पञ्च भनेको पाँच वा पाँच भन्दा बढी व्यक्तिहरुको समूह हो । प्रथा भनेको पिता पूर्खाको पालादेखि चल्दै आएका रीतिरिवाज, चालचलन र परम्परागत परिपाटीलाई बुझिन्छ। पञ्चायती शासन व्यवस्थामा पञ्च भन्नाले गाउँ वा नगर सभाका मतदाताहरुद्वारा छानिएको मुख्य व्यक्तिहरुलाई जनाउँथ्यो । जसमा वडा अध्यक्ष र वडा सदस्यहरु आदि पर्दथे । तत्कालीन समयमा ती पञ्च व्यक्तिले गाउँ समाजमा हुने सबै किसिमका विवाद मिलाउने, समाजका समस्याहरुलाई समाधान गर्ने कार्य गर्दथे । ती व्यक्तिहरुलाई समाजका सबै व्यक्तिले मान्ने प्रचलन थियो । त्यसैको अवशेषका रुपमा वर्तमान समाजमा यस्ता प्रथाहरु कायमै रहेका छन् । वर्तमान समाजमा पनि गाउँका प्रतिष्ठित व्यक्तिहरु बसी गाउँ समाजका समस्याहरुलाई समाधान गर्ने, नीति नियमहरु बनाउने, गाउँका साधारण विवाद मिलाउने कार्य गर्दछन् । यसका साथै समाजमा न्याय प्रदान गर्ने, समाजका विकृति र विसङ्गति विरुद्ध आवाज उठाउने गर्दछन् ।

यसरी गाउँका प्रतिष्ठित बुद्धिजीवीहरुको समूहलाई पञ्चको रुपमा र उनीहरुले गर्ने कार्यलाई प्रथाको रुपमा चिनिन्छ । यस्तो प्रथा प्रायजसो सबै समुदायमा पाइन्छ । अन्य प्रथाहरुमा जस्तै यस प्रथाले पनि समाजलाई व्यवस्थित बनाउन, समाजमा न्याय प्रदान गर्न महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । आजभोलि पञ्च प्रथाको स्वरुप फेरिएको छ । पञ्चले गर्ने कार्यहरु टोल विकास समिति, आमा समूह, युवा क्लब जस्ता स्थानीय समूहहरुले गर्दै आइरहेका छन् ।

## क्रियाकलाप

१. तपाईँको समुदायमा प्रचलित प्रथाको काम, कर्तव्य र अधिकार सम्बन्धमा विद्यमान अवस्था पहिचान गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२. तपाईको समुदायमा प्रचलित प्रथाले समाजमा द्वन्द्व व्यवस्थापनमा खेलेको भूमिकालाई लघुनाटक बनाई कक्षामा प्रस्तुत गर्नुहोस् ।

## अभ्यासः

१. वडघर प्रथा कुन समुदायमा प्रचलित छ ? बडघरको छनौट कसरी गरिन्छ ? लेख्नुहोस् ।

२. वडघरले समुदायमा गर्ने कामहरुको सूचि तयार पार्नुहोस् ।

३. महतिया प्रथाको महत्त्व उल्लेख गर्नुहोस् ।

४. पञ्च प्रथाले समाजमा कसरी न्याय प्रदान गर्दछ ? उल्लेख गर्नुहोस् ।

# हाम्रा संस्कारहरू

संस्कारको शाब्दिक अर्थ राम्रोसँग गरिने काम वा राम्रो कार्य हो । व्यवहारमा संस्कार शब्दले शुद्ध पार्नु, चोखो पार्नु, शुद्धीकरणको धार्मिक कर्म भन्ने अर्थ बुझाएको छ भने अवगुण, दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम, रहनसहन, मर्यादा, सम्पर्क, शिक्षा आदिका कारणबाट मान्छेका मनमा पर्ने प्रभावलाई पनि संस्कार मानिएको छ । आमाको गर्भबाट जन्मेको मानव शिशुलाई शिक्षादीक्षा, सदभाव, वातावरण, परिवेश आदि कुराले सुसंस्कृत बनाउने काम संस्कारले गर्दछ । आधुनिकताका नाममा भित्रिएका विकृतिबाट हाम्रा परम्परागत संस्कारहरु उपेक्षित भएका छन् । हाम्रा संस्कारका कतिपय सन्दर्भहरु जीवनवादी र वैज्ञानिक भएका कारण यसको अध्ययन अनुसन्धान पनि भैरहेको छ । आजको मान्छे आफ्ना संस्कार प्रति आकर्षित हुदै गएको छ । संस्कार संस्कृतिको संरक्षणबाट मात्र हाम्रा सभ्यता जोगाउन सकिन्छ । हामीले हाम्रा संस्कारहरु संरक्षण गर्न सकेनौं भने हाम्रो पहिचान पनि मेटिएर जान्छ ।

## २.१ मधेसी समुदायको जन्मदेखि मृत्युसम्मका संस्कारहरु

**क. जन्मसंस्कार :**

बच्चाको जन्म भैसकेपछि सुत्केरी आमालाई घरमा छुट्टै कोठामा राखिन्छ । सुत्केरी महिलालाई पौष्टिक युक्त खाना पुरी, रोटी, हरेरा (सोठ, बेसार, दुध, पिठो मिसाएको खाना) खान दिने चलन छ । बच्चा जन्मेको छैठौं दिनमा छैठी (छट्ठी) गर्ने चलन छ । यस दिनमा बच्चाकी फुपूले बच्चालाई गाजल लगाइदिने र बच्चाको परिवारले फुपूलाई नगद जिन्सी सामान (दक्षिणा) दिने चलन रहेको छ । बच्चा जन्मेको ११ दिनमा न्वारन (बराहा) गर्ने चलन छ । यस समुदायमा पण्डित नबोलाइकन आफै बच्चाको नाम राख्ने गरिन्छ । त्यस दिनलाई सुत्केरी चोख्याउने पनि भनिन्छ ।

**ख. मुण्डन :**

बच्चा जन्मेपछि उम्रेको पहिलो केश (कपाल) लाई बच्चाको बिजोर वर्ष जस्तै १, ३, ५, ७ वर्षमा मुण्डन (खौरिने) गर्ने चलन रहेको छ । परिवारले सन्तान प्राप्ति र बच्चाको स्वास्थ्यको कामना गर्दै आफूले भाकल गरेको मन्दिरमा आफन्ती सबैलाई बोलाएर मुण्डन

गर्ने चलन रहेको छ । मुण्डनमा कपाल काट्ने काम चाहिँ नाउ (कपाल काट्ने व्यक्ति) ले गर्दछ र कपाल थाप्ने काम बच्चाकी फुपूले आफ्नो साडीको आँचलमा गर्ने चलन छ । मुण्डनमा सहभागी भएका सबैले फुपूलाई र कपाल काट्ने नाउ (कपाल काट्ने मानिस) लाई आफ्नो क्षमता अनुसार दक्षिणा दिने प्रचलन रहेको छ ।

**ग. नाक, कान छेड्ने :**

शुभ दिन हेरेर नाक, कान छेड्ने गरिन्छ ।

**घ. विवाह :**

मधेसी समुदायमा विवाह गर्ने आफ्नो रीति र संस्कारहरु रहेका छन् । विवाह संस्कार निम्नानुसारको विधि तथा प्रक्रियाबाट पूरा गर्ने गरिन्छ :

**अ) सगाई :**

केटा पक्ष र केटी पक्षबीच सहमति

**आ) छेदना, तिलक, मगनी**

केटी पक्ष केटा पक्षको घरमा आएर फलफुल, लत्ताकपडा, जिन्सी, नगद सामग्रीसहित गई केटालाई छेक्ने चलन छ । गोप्यरुपमा दाइजो आदिका बारेमा कुराकानी पनि यसै समयमा गर्ने गरिन्छ ।

**इ) विवाह :**

यस समुदायमा गोत्र फरक पारी आफ्नै जातिमा विवाह गर्ने गरिन्छ । विवाह पहिला पहिला ५ दिन लगाएर गर्ने गरिन्थ्यो भने आजभोली यसलाई छोट्याएर २ दिनमा गर्ने गरिन्छ ।

**ई) गौना :**

विशेष गरेर यस समुदायमा पहिला सानै उमेरमा विवाह गरिदिने र पछि उमेर अलि परिपक्व भएपछि पण्डितलाई तिथि हेराई गौना गर्ने प्रचलन रहेको छ भने आजभोलि उमेर पूरा भएर विवाह गर्दा विवाहमै गौनाको पनि प्रक्रिया पूरा गर्ने गरिन्छ ।

उ) थौना :

गौना गरेको १ वर्षभित्र थौना गर्ने चलन रहेको छ । १ वर्षभित्र कुनै कारणवश हुन नसकेमा बिजोर वर्षमा पण्डितले तिथि हेरी तोकेको दिनमा थौना गर्ने गरिन्छ । थौना गर्दा केटीलाई केटा पक्षका आफन्तहरुले आएर गाउँभर पाहुर बाँडी भोलिपल्ट केटाको घरमा लिएर जाने प्रचलन हो । थौना गर्दा केटा भने घरमै बस्ने चलन छ ।

ङ मृत्यु संस्कार :

मधेसी समुदायमा मृत्युपश्चात् गर्ने आफ्नै संस्कार रहेको छ । मृतकलाई माटोमा पुरेमा महिलाको नौ दिनमा चोखिने र पुरुषको ११ दिनमा चोखिने चलन रहेको छ । मृत व्यक्तिलाई जलाएमा (आगो दिएमा) १३ दिनमा चोखिने चलन रहेको छ । यस समुदायमा बाबु आमा मरेमा जेठो छोरो किरिया बस्ने चलन छ । अरु छोराछोरीले किरिया बस्नु नपर्ने प्रचलन रहेको छ । तर मृतकको १० औं दिनमा सबै छोरानातिहरुले कपाल फाल्ने चलन छ ।

## २.२ थारु समुदायको जन्मदेखि मृत्युसम्मका संस्कारहरु :

क. जन्म संस्कार :

यस समुदायमा बच्चाको जन्मपछि आमा र बच्चालाई छुट्टै कोठामा राख्ने गरिन्छ । आमा र बच्चालाई स्याहार गर्नका लागि घरको एक जना महिला र सुँडेनी (सुत्केरी गराउने र आमा बच्चा स्याहार गर्ने महिला) लाई जिम्मेवारी प्रदान गरिएको हुन्छ । बच्चाको नाइटो छुटीसकेपछि पाँचौं वा सातौं दिनमा सर्वप्रथम सुँडेनीद्वारा बच्चालाई नुहाइदिने गरिन्छ । आमा पनि उक्त दिन नुहाइधुवाइ गर्दछिन् । नुहाएर आइसकेपछि घरभरि सुनपानी छर्कने प्रचलन रहेको छ । सुँडेनीलाई मिठो मसिनो खानदिने गरिन्छ । बच्चाको नाम राखी नयाँ लुगा पनि लगाइदिने गर्दछन् ।

ख. कपाल खौरने (मुरभ्वाज) :

बच्चा जन्मेपछि उम्रेको पहिलो केशलाई बच्चाको मामाले खौरिदिने प्रचलन छ जसलाई थारु भाषामा मुरभ्वाज भनिन्छ । कपाल खौरिसकेपछि मामाले बच्चालाई आफूले

सकेको उपहार दिने चलन छ। यस दिनमा आफन्तलाई बोलाई भोज खुवाउने चलन पनि रहेको छ।

**ग. पुट बह्राउ (छोरा जन्मेपछि गर्ने पूजा) :**

छोरा जन्मेपछि कुलमा सन्तानको वृद्धि भयो भनी पूजा गर्ने चलन छ। यस पूजामा कुल देवतालाई सम्झी बोका र सुँगुरको बलि दिने र आफन्तलाई भोज खुवाउने गरिन्छ।

**घ. विवाह :**

थारु समुदायमा विवाह गर्ने आफ्नो रीति र संस्कारहरु रहेका छन्। छोराछोरीहरु विवाह गर्नको लागि योग्य भैसकेपछि केटा पक्षले केटी पक्षका बारेमा र केटी पक्षले केटा पक्षका बारेमा सोधपुछ गर्ने कार्य गरिन्छ। यसलाई 'सोहरा, दोहरा चलैना' भनिन्छ। दुवै पक्षको कुराकानी मिलि सकेपछि सल्लाह बमोजिम केटा र केटी पक्ष एक ठाउँमा जम्मा भई सार्वजनिक रुपमा विवाह गर्न तयार भएको मान्यता दिनको लागि पक्का पोह्नी खाने गरिन्छ। यसपछि विवाहको लागि तिथि मिति तय भैसकेपछि विवाहको तयारी गर्ने कार्य गरिन्छ। आफन्तहरुलाई निमन्त्रणा गरिन्छ।

थारु समुदायमा जन्ती जानुभन्दा एक दिन अघि सगुनको रुपमा जन्तीले खाना खाने भन्ने चलन अनुसार चामल, दाल, नुन, तेल, बेसार र अन्य तरकारी दुलहीको घरमा पठाउने गरिन्छ। यसलाई 'चाउर जैना' भनेर भनिन्छ। अर्को दिन जन्ती जाने गरिन्छ। यसलाई थारु समुदायमा 'बरात जैना' भन्दछन्। यस समुदायमा दुलहासँगै दुलहाको भाइलाई पनि दुलहा जस्तै श्रृङ्गार गरी पठाइन्छ। दुलहाको भाइलाई 'सैबल्वा' भन्ने गरिन्छ। आफ्नो चालचलन अनुसार देउतालाई पूजा गरी दुलही लिन जाने गरिन्छ। दुलही लिएर आईसकेपछि दुलहाको घरको मूलढोका नजिकै पर्छिने कार्य गरिन्छ। विवाहको मुख्य कार्य भनेको पर्छिने नै हो। त्यसपछि घरका आफन्तलाई चिनाउने ढोगभेट गर्ने कार्य गरिन्छ। यसलाई 'पाइलगैना' भनिन्छ।

**ङ. मृत्यु संस्कार :**

यस समुदायमा मृत्यु पछि सद्गत गर्नको लागि सबै घरधुरी अनिवार्य जुट्नु पर्छ। मृतकलाई उल्टो खटियामा सुताई सद्गत गर्ने स्थानमा लाने चलन छ। गाउँको सुनसान

ठाउँमा चिहान (गरिया) खन्ने कार्य गरिन्छ । मृतकलाई लिई गोतियार सबैले गरियाको वरिपरि परिक्रमा गरी शवलाई चिहानमा राखी माटोले पुर्ने गरिन्छ। मलामी गएका सबैले नुहाइधुवाइ गरी घर फर्कनु पर्दछ ।

### च. काजकिरिया विधि

थारु समुदायको चलनअनुसार छोरा जन्मेकाको हकमा मात्र किरिया बस्ने चलन छ । अविवाहित र छोरा नभएकाको हकमा सद्गत गरेकै दिनमा चोखिने गरिन्छ । छोरा भएकाको हकमा बाबुको जेठो छोरा र आमाको कान्छो छोरा वा घर सल्लाहअनुसार किरिया बस्ने गरिन्छ । किरिया बसेकाले सेतो कपडा लगाउने गर्दछन् । काजकिरिया नगर्दासम्म घरका अन्य परिवारहरुले नुन, बेसार, तेल नहालेको तरकारी सेवन गर्ने प्रचलन रहेको छ । काजकिरियाको अन्तिम दिन सबै पुरुषहरुले कपाल खौरनु पर्दछ । अन्तिम दिनमा पकाई राखेको खाना मृतकको आत्मालाई चढाई घर परिवारले खाने र पछि घरमा आएका आफन्तहरुलाई पनि खान दिइन्छ। यस दिनलाई मर्निकर्नी भनिन्छ।

## २.३ पहाडी समुदायमा प्रचलित संस्कारहरु :

पहाडी समुदायमा रहेका प्रचलनहरु हिन्दु संस्कार र सभ्यतासँग सम्बन्धित भएकाले पनि मानव जीवनमा १६ ओटा संस्कारहरु रहेको शास्त्रहरुमा उल्लेख छ। जसमध्ये अहिले भने केही संस्कारहरु मात्र अवलम्बन गरेको पाइन्छ। शास्त्रीय मान्यताअनुरुपका संस्कार हरुमा निम्न संस्कारहरु पर्दछन् :

(१) गर्भाधान संस्कार (२) पुंसवन संस्कार (३) सीमन्तोन्नयन संस्कार

(४). जातकर्म संस्कार (५) नामाकरण संस्कार (६) निष्क्रमण संस्कार

(७) अन्नप्राशन संस्कार (८) चूडाकर्म संस्कार (९) विद्यारम्भ संस्कार

(१०) कर्णभेद संस्कार (११) यज्ञोपवीत संस्कार (१२) वेदारम्भ संस्कार

(१३) केशान्त संस्कार (१४) समावर्तन संस्कार (१५) विवाह संस्कार

(१६) अन्त्येष्टि संस्कार

उपरोक्त संस्कारहरुमध्ये प्रचलनमा रहेका केही संस्कारहरको संक्षिप्त परिचय तल दिइएको छ।

**क. नामाकरण संस्कार :**

मानिसले भाषा जानेदेखि नै उसको जीवनमा प्रयोग हुने वस्तुको नाम राख्ने कार्यको सुरुवात गऱ्यो । त्यसपछि व्यक्तिको पनि नाम राख्नु पर्ने महसुस गरी यसलाई धार्मिक संस्कारमा परिणत गरी नामाकरण संस्कारको रुपमा रहेको पाइन्छ। बच्चा जन्मेको ११ औं दिनमा जन्म, समय, तिथि, बार, नक्षत्र आदि हेरेर नामाकरण संस्कार गरिन्छ ।

**ख. अन्नप्राशन संस्कार :**

जन्मेको ६ महिनासम्म बच्चा आमाकै दुधमा निर्भर हुन्छ । त्यसपछि बच्चाको शारीरिक अवस्था विकसित हुँदै जाँदा आमाको दुधको मात्रा पनि कम हुँदै जाने भएकाले शारीरिक वृद्धि र विकासका लागि खाद्यपदार्थको आवश्यकता पर्दछ । त्यसैले बच्चालाई पौष्टिक तत्वसहितको अन्न तयार गरी खुवाउने संस्कारलाई अन्नप्राशन संस्कार भनिन्छ। यो संस्कार बच्चा जन्मेको ६ महिनामा गरिन्छ।

**ग. चुडाकर्म संस्कार :**

बालक जन्मेपछि पहिलो पटक कपाल काटिदिने संस्कारलाई चुडाकर्म संस्कार भनिन्छ। यो संस्कार बच्चा जन्मिएको १ वर्ष भित्र वा तेस्रो वर्षमा गरिन्छ। पहिलो पटक मामाले कपाल काटिदिने चलन छ।

**घ. कर्णभेद (कान छेड्ने) संस्कार :**

उपयुक्त तिथि अर्थात शुभ दिन हेरेर कान छेड्ने चलन छ। खासगरी सरस्वती पूजा अर्थात् बसन्त पन्चमीका दिन कान छेड्ने प्रचलन रहेको छ। यसका अलावा आ-आफ्ना अनुकुलताअनुसार अन्नप्राशन, व्रतबन्धमा पनि छेड्ने प्रचलन रहेको छ ।

**ङ उपनयन (व्रतबन्ध) संस्कार :**



यो संस्कार शिक्षा ग्रहण गराउनका लागि गुरुको जिम्मा लगाउनु पनि हो। बालकलाई दृढ, आत्मविश्वासी तथा स्थिर बनाउने र विद्यार्थी

जीवनमा गुरुको सेवा गर्न भिक्षा माग्ने, शिक्षाको लागि काशी जाने अभिनय गर्नु आदि हो । यो संस्कार ब्राह्मणको ८ वर्षमा, क्षेत्रीको ११ वर्षमा र बैश्यको १२ वर्षमा गर्ने चलन रहेतापनि आजभोलि बालकले आफूलाई सम्हाल्न अर्थात् विधि पूरा गर्न सक्ने भएपछि गर्ने चलन रहेको छ ।

**च. विवाह संस्कार :**

विवाह जीवनको महत्त्वपूर्ण संस्कार हो । विवाह सामाजिक सर्वस्वीकृत परिपक्व पुरुष र स्त्रीबिच स्थापित हुने स्थायी सम्बन्ध हो । विवाह पश्चात नै पारिवारिक जीवनको सुरुवात हुन्छ । पहाडी समुदायमा फरक गोत्र र आफ्नै जातिमा विवाह गर्ने प्रचलन रहेको छ । आजभोलि यस समुदायमा अन्तरजातीय विवाह पनि बढ्दो क्रममा रहेको देखिन्छ ।

**छ. अन्त्यकर्म संस्कार (मृत्यु संस्कार) :**

मानव जीवनको अन्त्य मृत्युपश्चात् हुन्छ । मृत्युकाल र मृत्युपछि गरिने संस्कार सम्बन्धी कर्मलाई अन्त्यकर्म भनिन्छ। अन्त्यकर्म संस्कारमा वैतरणी दान, दशदान, उत्क्रान्ति (प्राण जाने समयमा) दान गराउने चलन छ । मानिसको मृत्यु भइसकेपछि सन्तानहरुले दाहसंस्कार सम्पन्न गर्दछन् । दाहसंस्कार गरेपछि १३ दिनसम्म किरिया कर्म गरी मृतकको बैकुण्ठ वासको कामना गरिन्छ । १३औं दिन आफन्ती तथा मलामी गएकाहरूलाई बोलाएर टीकाटाला गरी पितृ प्रसाद खुवाउने चलन रहेको छ ।

## २.४ मुसलमान समुदायमा प्रचलित संस्कारहरु :

**क. जन्मसंस्कार :**

यस समुदायमा बच्चा जन्मेको सात दिनदेखि सवा एक महिना भित्रमा नामाकरण (हकिका) गरिन्छ । यसमा छोरी भएमा बाख्राको पाठी र छोरा भएमा बाख्राको पाठो काट्ने चलन छ । नामाकरण (हकिका) मा बच्चाको कपाल पनि काट्ने गरिन्छ । बच्चा जन्मेको सात दिनदेखि पाँच वर्षभित्र छोरालाई मुसलवानी बनाइन्छ, यसलाई खतना भनिन्छ ।

**ख. विवाह संस्कार :**

मुसलमानहरुको विवाह पद्धतिलाई निकाह भनिन्छ। विवाह हुनुभन्दा पहिला मगनी गरिन्छ । मगनीमा केटाले आफ्नो क्षमता अनुसार कपडा, गहना, श्रृङ्गारको सामान लैजाने गर्दछ। मगनी पछि इस्लामी पात्रो (जन्त्री) अनुसार विवाहको लगन भएको दिनमा विवाह गर्ने मिति तोकिन्छ। विवाहमा जन्ती (बरात) जान्छन्। जन्तीसँगै धर्मगुरु (वकील), साक्षी (गवाह) पनि सँगै हुन्छन्। साक्षी केटा पक्ष वा केटी पक्ष जुनसुकै पक्षको व्यक्ति हुन सक्छ । विवाहको दिनमा धर्मगुरु (वकिल) र साक्षी (गवाह) लाई सँगै राखेर केटीसँग इजाजत (अनुमति) लिएर आएपछि केटीलाई मूलमन्त्र पढाइन्छ । मुसलमान समुदायमा दुलाहालाई नूरचश्म र दुलहीलाई नूरचश्मी भनिन्छ । इजाजत लिएर आएपछि केटालाई मूलमन्त्र (कलमा १ देखि ५ सम्म) पढाइन्छ । केटीलाई मूलमन्त्र पढाउँदा तिम्रो लागि आवश्यक पर्ने खाना, कपडा, तिम्रो आवश्यकता पर्ने सबै कुरा पूरा गर्दछौं भन्ने गरिन्छ। यसपछि केटीले ३ पटक कबुल गरेपछि फेरी केटासँग आएर कलमा (मूलमन्त्र) पढाउँदै ३ पटकसम्म कबुल गराउने गरिन्छ। त्यसपछि विवाहमा उपस्थित सबैले अल्लाहसँग प्रार्थना गर्ने गर्दछन्। प्रार्थनामा विवाहित केटी केटा दुबैको घरबार राम्रोसँग बसोस, सुख, शान्ति, मेलमिलाप होस भन्ने कामना गरिन्छ।

**ग. मृत्युसंस्कार :**

मृत्यु हुने व्यक्ति मृत्युको अन्तिम अवस्थामा छ भन्ने थाहा भइसकेपछि उसलाई कलमा पढेर सुनाइन्छ। मृतकले सास फेर्न छोड्ने वित्तिकै नाक र मुखमा कपुर राखिदिने चलन छ । त्यसपछि मृतकलाई नुहाइदिने र नयाँ कपडा लगाइ लास बोक्ने खटियामा सुताइन्छ । खटियामा सुताएपछि अन्तिम श्रद्धाञ्जलीको लागि फूल चढाउने गरिन्छ । लासलाई चिहानघाट (कब्रस्तान) मा लगेर गाड्ने गरिन्छ। कब्रस्तानबाट मृतकले अर्को जुनी प्राप्त गर्दछ भन्ने धार्मिक विश्वास रहेको छ। मृत्यु भएको ३ दिन, ५ दिन, ७ दिनमा धर्मगुरु अथवा अग्रजको निर्देशनमा शुद्ध हुनको लागि खानपिन गर्ने चलन छ। यस दिनमा चना र वतासा मिठाइ खाने चलन छ। यस समुदायमा काजकिरिया गर्ने चलन छैन। मृत्यु भएका पुर्खाहरुको नाममा प्रत्येक बिहिबार गरिबलाई प्रसाद दिने चलन रहेको छ।

यसका अलावा मुसलमान समुदायमा जकात, नमाज, हज, इमान र रोजा यी पाँचओटा कर्महरू अनिवार्य रहेका छन्।

### २.५ हाम्रा संस्कार र संस्कृतिको महत्त्व :

हरेक समुदायमा आ-आफ्नै मौलिक परम्परा र संस्कृतिहरु रहेका हुन्छन् । संस्कार र संस्कृति भनेका मानिसले आफ्ना आवश्यकता पूरा गर्न बनाएका प्रचलनहरु हुन् । त्यसैकारण हाम्रा सामाजिक संस्कारहरु समय सापेक्ष परिवर्तन हुँदै पनि आएका छन् । यसरी संस्कृति परिवर्तन हुनु स्वाभाविक हो तर कुनै पनि समुदायको संस्कृतिको मौलिकतामा भने ह्रास आउनु हुँदैन । समाजमा रहेका हाम्रा संस्कार र संस्कृतिहरु सामाजिक नियन्त्रणका माध्यमहरु पनि हुन् । संस्कार र संस्कृति बिनाको समाज परिकल्पना गर्न सकिँदैन । तसर्थ हाम्रा संस्कार र संस्कृतिको महत्त्वलाई बुँदागत रुपमा निम्नानुसार उल्लेख गरिएको छ :

- आफ्नो मौलिक संस्कार र संस्कृति पहिचान कायम रहने ।
- सन्ततिलाई संस्कार हस्तान्तरण गर्न सजिलो हुने ।
- आफ्नो संस्कार र संस्कृतिप्रति गर्व गर्न पाइने ।
- अरुको संस्कृतिको बारेमा अध्ययन गर्न पाइने ।
- समाजमा सहयोग र सहकार्यको विकास हुने ।
- समाजलाई सुसंस्कृत र अनुशासित बनाउन मद्दत पुग्ने ।
- सामाजिक एकता कायम राखी अपनत्त्व वृद्धि गर्ने ।

### २.६ हाम्रा संस्कार र संस्कृति प्रवर्धनका उपायहरु :

- सबैले आफ्नो संस्कार र संस्कृतिको पालना गर्ने ।
- समाजमा सांस्कृतिक विविधतालाई लिएर झैझगडा नगर्ने, अरुको संस्कार र संस्कृतिलाई सम्मान गर्ने ।
- समाजमा मिलेर आ-आफ्नो सांस्कृतिक पहिचान कायम राख्ने ।
- नेपाल विविधतामा एकता भएको देश हो भन्ने कुरालाई आत्मसात् गरी व्यवहारमा लागु गर्ने ।

## क्रियाकलाप

१. शिक्षकको सहयोगमा आफ्नो संस्कार र संस्कृतिको परिचय, महत्त्व झल्किने विषयवस्तु समावेश गरी भित्ते पत्रिका प्रकाशन गर्नुहोस् ।

## अभ्यास :

१) संस्कार भनेको के हो ? छोटकरीमा लेख्नुहोस् ।

२) मधेसी समुदायमा जन्मसंस्कार कसरी सम्पन्न गरिन्छ ? छोटकरीमा लेख्नुहोस् ।

३) अन्नप्राशन संस्कार भनेको कस्तो संस्कार हो ? यो कहिले गरिन्छ ?

४) मुसलमान समुदायमा मृत्यु संस्कार कसरी गरिन्छ ? छोटकरीमा लेख्नुहोस् ।

५) थारु समुदायमा जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरु के-के हुन ? लेख्नुहोस् ।

६) पहाडी समुदायमा (खासगरी हिन्दुमा) प्रचलित १६ संस्कारहरुको सूची तयार गर्नुहोस् ।

# पाठ ३ सामाजिक समस्या र समाधान

नेपाली समाज धार्मिक, सामाजिक र सांस्कृतिक विविधतायुक्त समाज हो । यहाँ विभिन्न रीतिरिवाज, चालचलन र परम्परागत अभ्यासको अनुसरण हुँदै आएको छ । कतिपय हाम्रा चालचलन र संस्कृतिमा विकृति र समस्या पनि देखिएका छन् । हाम्रो समाजमा देखिएका विद्यमान सामाजिक समस्या र तिनको समाधानका बारेमा यस पाठमा चर्चा गरिएको छ ।

### क) कमलरी प्रथा :

यो प्रथा पश्चिम तराईको थारु समुदायमा प्रचलित रहेको छ । कमैयाको छोरी साहुको घरमा घरेलु काममा प्रयोग गरिने प्रथा नै कमलरी प्रथा हो । नेपाल सरकारले वि.सं. २०७० साल असार १३ मा यो प्रथा अन्त्यको घोषणा गरेको थियो । हाम्रो देशमा अझै पनि कमैयाहरुको आर्थिक स्थितिमा सुधार नआएको कारण छोरीहरुलाई धनी मानिसको घरमा काम गर्न पठाउने गरेको पाइन्छ । यसरी काममा पठाइएका छोरीहरु शिक्षा आर्जन गर्न र हरेक किसिमका अवसरहरुबाट वञ्चित हुने गरेका छन् । मानव अधिकार विरुद्ध रहेको यो प्रथालाई समाजबाट जरैदेखि हटाउनु पर्दछ । मानिसहरुमा चेतना वृद्धि, कानुनको कार्यान्वयन, शिक्षा र अवसरमा वृद्धि, रोजगारीको व्यवस्था र किसानहरुको गरिबीलाई निवारण गर्न सकेको खण्डमा यस्ता अनुचित सामाजिक व्यवहारलाई निरुत्साहित गर्न सकिन्छ ।

### ख) कमैया प्रथा :

यो प्रथा खासगरी थारु जातिमा प्रचलित प्रथा हो । यो साहुसँग ऋण लिने  र ऋण चुक्ता गर्न नसक्दासम्म साहुको घरमा बसी काम गर्ने प्रथा हो । आफ्नो आवश्यकता पूरा गर्न आफ्नो जग्गा जमिन धनसम्पत्ति साहुकोमा बन्दक राखी ऋण लिने र उक्त ऋण नतिर्दासम्म साहुको घरमै बसेर काम गर्ने प्रथा हो । नेपाल सरकारले यो प्रथा अन्त्यको घोषणा वि.सं. २०५७ साल साउन २ गते गरेको थियो । यो प्रथा कैलाली, कञ्चनपुर, दाङ,

बाँके, बर्दिया, सुर्खेत लगायतका जिल्लाहरुमा पाउन सकिन्छ। कमैयाहरुको आर्थिक स्थितिमा सुधार नभएको कारणले अझै पनि यो प्रथा प्रचलनमा रहेको पाइन्छ । कमैया प्रथालाई जरैदेखि हटाउनको लागि शिक्षा र चेतनामा वृद्धि, कानुनको कार्यान्वयन, रोजगारीका अवसर र कमैयाहरुको गरिबी हटाउन सकेको खण्डमा यो प्रथा समाजबाट हट्ने देखिन्छ ।

### ग) बालविवाह :

कानुनले विवाह गर्नको लागि मिल्ने भनेर तोकेको उमेर भन्दा कम उमेरमा गरिने विवाह बालविवाह हो । कानुनले तोकेको उमेर अर्थात २० वर्ष पछि मात्र विवाह गर्नु पर्दछ। २० वर्षभन्दा कम उमेरमा केटा र केटीलाई विवाह गरिदिएमा बालविवाह मानिन्छ। यसलाई कानुनले अपराध मानेको छ। कानुन अनुसार केटा वा केटीको संरक्षकको मञ्जुरी भएपनि नभएपनि २० वर्ष उमेर पूरा हुनुपर्छ । कानुनले तोकेको उमेर पूरा नहुँदासम्म विवाह गर्न वा गराउन हुँदैन । बालविवाह गरेको थाहा पाएमा थाहा पाएको मितिले तिन महिना भित्र थाहा पाउने जो कसैले पनि उजुरी गर्न सक्दछ। बालविवाहको उजुरी नजिकैको प्रहरी चौकीमा दिनु पर्दछ। बालविवाह गर्ने र गराउने कसुर गर्ने व्यक्तिलाई तिन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिबाना हुन्छ।

### बालविवाहका असरहरु :

- शिक्षाको अवसरबाट वञ्चित हुने ।
- आर्थिक रुपमा विपन्न हुने
- सानो उमेरमा गर्भवती हुँदा पाठेघरको समस्या देखिने ।
- सानो उमेरमा परिवारको बोझ थपिने हुँदा मानसिक तनाव हुने ।
- परिवारमा घरेलु हिंसाका घटनाहरु घट्ने, सम्बन्ध विच्छेद पनि हुनसक्ने ।

### बालविवाह न्युनिकरणका उपायहरु :

- शिक्षा र जनचेतना जागरण ।
- कडा कानुनी प्रावधान र परिपालना ।
- अनुचित सामाजिक व्यवहारलाई निरुत्साहित गर्ने ।
- अभिभावकहरुलाई सचेत बनाउने ।

### घ) बहुविवाह :

कुनै पनि कारणले विवाहित पुरुषले आफ्नो पत्नी जीवित रहँदै वा कुनै कारणले सम्बन्ध विच्छेद नहुँदै अर्को महिलासँग विवाह गर्दछन् भने त्यसलाई बहुविवाह भनिन्छ । नेपालको कानुन मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ मा बहुविवाह गर्न नहुने भनेर उल्लेख गरिएको छ र यसको उपदफा ४ मा कसैले बहुविवाह गरे वा गराएमा १ वर्षदेखि ५ वर्षसम्म कैद र १० हजार रुपैयाँदेखि ५० हजार रुपैयाँसम्म जरिबाना हुने कुरा उल्लेख गरिएको छ । यसैको उपदफा ५ मा यस किसिमको विवाह स्वतः बदर हुने छ भन्ने कुरा उल्लेख गरिएको छ । बहुविवाह कसैले गरेको छ भन्ने कुरा अनुसन्धान गर्ने व्यक्तिले थाहा पाएको ३ महिनाभित्र उजुरी गर्नु पर्छ । उजुरी नजिकैको प्रहरी कार्यालयमा गर्नुपर्दछ । बहुविवाहका कारण मानिसहरुको घरमा झैझगडा, अशान्ति हुने गरेको छ । हाम्रो समाजबाट यस्तो कुप्रथालाई हटाउनको लागि कानुनमा भएको व्यवस्थाका बारेमा जानकारी, शिक्षाको प्रवन्ध र कानुनको कडा कार्यान्वयन गर्नु पर्दछ ।

### ङ) दाइजो प्रथा :

विवाहको समयमा दुलही पक्षले दुलहा पक्षलाई राजीखुसी, सहमति, दबाब वा अनुरोधमा प्रदान गर्ने नगद, जिन्सी, धनसम्पत्ति र सामग्रीलाई दाइजो भनिन्छ । दाइजो लिनेदिने चलन कुनै न कुनै स्वरुपमा विगतदेखि नै चलिआएको छ । हिजोआज यस्तो व्यवहारलाई इज्जत वा प्रतिष्ठासँग जोडी प्रतिस्पर्धा गर्नाले समस्या विकराल बन्दै गएको छ । यसबाट सामाजिक सन्तुलन र सद्भाव कायम गर्न बाधा पुगेको छ । फलस्वरुप, दाइजोको विषयलाई आधार बनाई महिला हिंसा, घरेलु हिंसा, पारिवारिक विखण्डन, आत्महत्या जस्ता घटनाहरु घटिरहेका छन् ।

दाइजो लिनेदिने चलनले तराई र सहरीकरण भएका क्षेत्रहरु धेरै प्रभावित छन् । दाइजो दिन नसक्ने परिवारमा छोरीको विवाह हुन कठिन हुने तथा दाइजो नल्याउने बुहारीमाथि पारिवारिक हिंसा हुने क्रम बढ्दो स्थितिमा रहेको भेटिन्छ । नेपालमा दाइजो प्रथालाई निराकरण गर्नका लागि धेरै प्रयासहरु भएका छन् । मुलुकी अपराध संहिता, २०७४ ले दाइजो प्रथालाई विवाह सम्बन्धी कसुरको रुपमा मानेको छ । विवाह भन्दा अगाडि दाइजोको विषयमा लेनदेन भयो भने ३ वर्ष कैददेखि ३० हजार रुपैयाँसम्म जरिबाना हुने र विवाहपछि पनि लेनदेन भएमा ५ वर्ष कैद र ५० हजार जरिबाना हुने व्यवस्था छ । नेपालमा कानुनका विषयमा जानकारी नहुनु, अशिक्षा जस्ता कारणले दाइजो लिनेदिने

प्रचलन बढ्दो क्रममा छ । दाइजो प्रथालाई न्यूनीकरण गर्नका लागि हरेक नागरिकले सु-सभ्य समाज बनाउन सङ्गठित भई दाइजो लिनेदिने विरुद्ध लाग्नुपर्छ । शिक्षा र चेतना जागरण, सङ्गठित सोच र कार्यक्रम सञ्चालन, कडा कानुनी प्रवन्ध जस्ता कार्यबाट यस विरुद्धको अभियानलाई सशक्त बनाउन जरुरी छ ।

### च) गौना प्रथा :

यो प्रथा तराईमा बसोबास गर्ने मधेसी, मुसलमान समुदायमा प्रचलित प्रथा हो । यस समुदायमा छोरीहरु महिनावारी नहुँदै बालविवाह (पैपुज्जी) गर्ने प्रचलन रहेको छ । केटीलाई केटाको घरमा लगी विवाह (पैपुज्जी) गरिन्छ । विवाहपश्चात् केटीलाई पुनः माइतीमै फिर्ता लिएर आउने प्रचलन छ । माइतीमा ल्याइएको छोरीको उमेर परिपक्व भएपछि पण्डितलाई तिथि हेर्न लगाई नक्षेत्रको अवस्थितिलाई आधार मानेर पण्डितको निर्देशनअनुसार गौनाको तिथि र मिति तोकिन्छ । मिति तोकिएपछि दुलहा पक्षका मानिसहरु दुलहीको घरमा गरगहना, कपडा लगायतका उपहारहरु लिएर उत्सवसाथ दुलहीलाई दुलहाको घरमा लिएर जाने प्रचलन रहेको छ । विवाहपछि पहिलो पटक बेहुलाको घरमा बेहुली जाने प्रथालाई गौना भनिन्छ । गौनाको प्रक्रिया सबै पूरा गरी सकेपछि बेहुलीलाई पुनः माइतीमै ल्याउने चलन रहेको छ ।

यसरी सानै उमेरमा विवाह गर्ने र विविध कारणले गौना हुन नसकेमा धेरै समस्याहरु सिर्जना हुन सक्छन् । सानै उमेरमा विवाह हुँदा पढ्ने लेख्ने अवसरबाट बञ्चित हुने गर्दछन् । उमेर पुगेर आफ्नो जीवनसाथी छनौट गर्ने अधिकारबाट पनि बञ्चित हुन्छन । हाम्रो समाजमा परम्परागत सोचाइका कारण अझै पनि यो प्रथा प्रचलनमा रहेको छ । कतिपय शिक्षित समाजमा यो प्रथा घट्दो क्रममा पनि छ । यस प्रथालाई सुधार गर्न समुदायका मानिसहरुमा शिक्षा र चेतनाको विकास, बाल अधिकार प्रवर्धन, कानुनको उचित कार्यान्वय गर्नुपर्ने देखिन्छ ।

### छ) थौना प्रथा :

यो प्रथा पनि मधेसी र मुसलमान समुदायमा प्रचलित प्रथा हो । यस समुदायमा छोरीहरुलाई सानै उमेरमा विवाह (पैपुज्जी) गरिदिने र विस्तारै उमेर बढ्दै गएपछि विवाहपछिका प्रक्रिया पूरा गर्ने प्रचलन रहेको छ । यस समुदायमा बाल विवाह गरिएका

छोरीहरु माइतीमै बस्ने र परिपक्व भएपछि पण्डितले तिथि हेरी गौना गर्ने चलन छ । गौनाको तीन दिनपछि सांस्कारिक प्रक्रिया पूरा गरेपछि छोरीलाई पुनः माइतिमै ल्याउने र गौना गरेको एक वर्षभित्र वा एक वर्षमा कुनै कारण विशेषले हुन नसकेमा बिजोर वर्षमा राहु ग्रहको अवस्थिति अनुसार पण्डितले तिथि र मिति तय गरेपछि थौनाको प्रक्रिया पूरा गर्ने प्रचलन रहेको छ । थौना गर्दा दुलहा आफ्नै घरमा बस्ने र केटा पक्षका आफन्त इष्टमित्रहरु केटीको घरमा अघिल्लो दिन पुगी रातभर खानपान गरेर भोलिपल्ट केटाको घरबाट लगेका पाहुर जस्तैः भेली, बतासा, पुरी लगायतका मिष्ठान्नहरु गाउँभरि बाँडिदिन्छन् । केटीको बिदाइ हुने समयमा गाउँभरिका आफन्तहरु जम्मा भइ यथाशक्य धान, गहुँ, मकै लगायतका अनाजहरु आँगनमा जम्मा गरिदिन्छन् । यसरी जम्मा भएको अनाज बोरामा भरेर दुलहीको साथमा पठाएर बिदाइ गरिन्छ । यस प्रक्रियाबाट छोरीलाई दोस्रो पटक दुलहाको घरमा जाने प्रथालाई थौना प्रथा भनिन्छ ।

आजभोलि यस समुदायमा विवाहमा धेरै प्रक्रिया पूरा गर्दा बढी खर्चिलो र झन्झटिलो हुने हुँदा केटा पक्ष र केटी पक्षको सहमतिमा गौना गरेको भोलीपल्ट नै थौना गर्ने पनि प्रचलन चलेको छ । अझै शिक्षित परिवारमा उमेर पुगेर विवाह गर्दा गौना, थौनाका प्रक्रियाहरु विवाहकै समयमा नै हुने गरेका छन् । शिक्षा र चेतनाको विकाससँगै यस्ता प्रथाहरुमा सुधार आइरहेको पाइन्छ ।

**क्रियाकलाप :**

१) गुलरिया नगरपालिकाभित्र रहेका सामाजिक समस्याहरुको बारेमा छलफल गरी निराकरणका लागि आवश्यक उपायहरुको सूची तयार गरी कक्षामा टाँस्नुहोस् ।

२) तपाईंको समाजमा रहेका कुनै सामाजिक समस्याका बारेमा निबन्ध लेखी शिक्षकको सहयोगमा स्थानीय पत्रिकामा प्रकाशित गर्नुहोस् ।

**अभ्यास :**

१) सामाजिक समस्या भन्नाले के बुझिन्छ ? छोटकरीमा उल्लेख गर्नुहोस् ।

२) बालविवाह रोक्न अपनाउनु पर्ने उपायहरु बुदाँगत रुपमा प्रस्तुत गर्नुहोस् ।

३) दाइजो प्रथालाई किन सामाजिक समस्याका रुपमा लिइन्छ ? आफ्नो विचार उल्लेख गर्नुहोस् ।

४) गौना, थौना प्रथाले समाजमा कस्तो प्रभाव पारेको छ ? उल्लेख गर्नुहोस् ।

५) सरकारले कमैया प्रथाको अन्त्यको घोषणा गरेपनि कमैयाहरुको समस्या समाधान किन भएको छैन ? कारण उल्लेख गर्नुहोस् ।

# एकाइ 3

# स्थानीय पेसा, व्यवसाय र प्रविधि



**सिकाइ उपलब्धि:**


- परम्परागत तथा आधुनिक सिपबिच तुलना गरी फाइदा र बेफाइदाहरू बताउन,
- स्थानीय घरायसी प्रयोजनका सामग्रीहरूको परिचय तथा स्रोतबारे भन्न,
- नगरपालिकाभित्र गरिने विशेष नगदेबाली यसको पकेट क्षेत्रको कारण सहित पहिचान गर्न,
- उत्पादित वस्तुहरूको बजारीकरणका लागि संभावित व्यापारिक केन्द्रहरूको पहिचान गर्न,
- परम्परागत यातायातका साधन निर्माणको आधारभूत सिपबारे बताउन र
- फ्रेस हाउस तथा डेरी व्यवसाय र यसको महत्त्वका बारेमा बताउन

# पाठ १ परम्परागत तथा आधुनिक सिप

## १.१ परम्परागत सिप

क) दिइएका चित्रहरू केसँग सम्बन्धित छन् ?

ख) तल दिइएका सामग्रीहरूमध्ये हराउन (लोप) हुन लागेको आधारमा क्रम निर्धारण गर्नुहोस् ।



आजका मानिसको सभ्यता भनेको जङ्गली युगबाट ढुङ्गे युग हुँदै क्रमिक रुपमा विकास हुँदै आएको हो । परापूर्व कालमा मानिसका आवश्यकताहरु पनि सीमित थिए । मानिसहरु झुण्ड झुण्डमा बस्ने गर्दथे । उनीहरूको. सोच्न सक्ने क्षमता पनि त्यति विकसित हुन सकेको थिएन । त्यसैले उनीहरुको जीवनशैली पनि सोही अनुसारको थियो । घुमन्ते, फिरन्ते जीवनशैली अपनाउँदै उनीहरु जङ्गलमा बस्ने, घुम्ने र कन्दमूलहरु खाने गर्दथे । रुखको बोक्रालाई लुगाकपडा बनाएर विस्तारै आफ्नो शरीर ढाक्दै गर्दा उनीहरूले जङ्गली जनावरहरु मारेर खान सिके । आगोको आविष्कार भएपछि उनीहरुले जनावरको मासु पोलेर खान थाले । वास्तवमा आगोको प्रयोग हुन थालेपछि मानिसको जीवनशैलीमा निकै ठूलो परिवर्तन आयो । परनिर्भर जीवनशैलीबाट मानिस आत्मनिर्भरतातर्फ उन्मुख हुन

थाल्यो। मानिसले खेतीपाती गर्न सिक्यो भने समाजको स्थापना गरेर सामाजिक जीवनशैलीको शुरुवातसँगै खेतीपातीका लागि आवश्यक पर्ने घरेलु औजारहरु निर्माण गर्न थाल्यो ।

धातु पत्ता नलागुन्जेलसम्म मानिसले ढुङ्गाका हातहतियारहरु निर्माण र प्रयोग गर्न थाल्यो । जब धातुको आविष्कार भयो तब मानिसले धातुको प्रयोग गरेर भाला, खुकुरी, हँसिया, फरुवा, खुर्पी, कुटो, कोदालो, बञ्चरो, चुलेसी, ओखल, खँड्कुलो, ढिकी, जाँतो, आरा, करौंती, छिना, घन आदि सामग्रीहरू बनाउन थाल्यो । धातुका भाँडाहरू जस्तै: कसौंडी, भड्डु, दिउरी, दाबिलो, कर्चुलो, सनासो, ओदान, चिम्टा, ढुङ्ग्रो, ताप्के, कराई आदि निर्माण र प्रयोग गर्न थालियो । यसका साथै डोको, नाम्लो, डाली, खैंचा, ढडिया, जाल, थुन्से, भकारी, डेहेरी, मुदुस (सन्दुक), लिस्नो (भऱ्याङ्ग), ठेकी, मदानी, ढुङ्ग्रो, हलो, जुवा, दाँते, हैँगा (लिँड्को), हुक्का, चिलिम लगायतका सामग्रीहरु समेत बनाउन थाल्यो । खासगरी तराईमा लहरी, लढिया, डुङ्गा, टाँगा बनाएर स्थानीय यातायातका लागि प्रयोग गर्न थालियो ।

यसरी मानिसले परम्परादेखि निर्माण गर्दै आएका सामग्रीहरु जसले हाम्रा दैनिक जीवनका कामहरुलाई सहज, सरल र छिटो तरिकाले सम्पन्न गर्न मद्दत गरिरहेका छन् । सस्तो, काममा सहजता र आफ्नो अनुकूलतामा काम गर्न सकिने भएकाले नै परम्परागत प्रविधिको प्रयोग गरी बनाइएका सामग्रीहरू आजसम्म पनि प्रयोग गरिँदै आएको छ । ढिकी, जाँतो, ओखल, कोल जस्ता केही परम्परागत प्रविधिको प्रयोग गरी बनाइएका उपकरणहरु अहिले करिब लोप हुने अवस्थामा पुगेका छन् । यस्ता मौलिक पहिचानका परम्परागत सामग्रीहरुको संरक्षण गरेर उपयुक्त सामग्रीहरुलाई निरन्तर प्रयोग गरिनु पर्दछ भने वर्तमान परिवेश अनुसार अनुपयुक्त लागेका सामग्रीहरूलाई हाम्रा पूर्वजहरूले दिएको अमूल्य निधिका रुपमा संरक्षण गरिनु पर्दछ ।

हाम्रो गुलरिया नगरपालिकामा खासगरी आदिवासी जनजातिहरूले परम्परागत सिपको प्रयोग गरी विभिन्न वस्तुहरु उत्पादन गर्ने गरेको पाइन्छ । यस्ता प्रविधिहरू विभिन्न जातजाति तथा समुदायका मौलिक पहिचान पनि हुन् । थारु समुदायमा जाल, हेल्का, डेलिया, चिउँढी, खोँघिया, ढिकी, चकिया, बेना, बिर्रा, ढकिया, चण्डोल, कोल जस्ता हस्तकलाका सामग्रीहरू पनि स्थानीय सिप तथा प्रविधिको प्रयोग गरी निर्माण गरिएका हुन्छन् । त्यसैगरी यहाँका मधेसी समुदायमा पनि आ-आफ्नो परम्परा र प्रचलन अनुसारका सामग्रीहरु उत्पादन गर्दै आएको पाइन्छ ।

### १.२ आधुनिक सिपहरू :

आधुनिक प्रविधिको उपयोग गर्ने तौरतरिकालाई नै आधुनिक सिप भनिन्छ । आधुनिक सिपको प्रयोगबाट मानिसले सहजै आफ्नो दैनिक जीवनमा आइपर्ने समस्याहरुको समाधान गर्नुका साथै आयआर्जनको पाटोलाई सबल बनाउन सक्दछन् । परम्परागत विधि र तरिकाभन्दा पछिल्लो पुस्ताहरूमा आधुनिक उपकरणहरुको प्रयोगका कारण आधुनिक सिपहरु निकै लोकप्रिय हुँदै गएका छन् । आधुनिक उपकरणहरूको प्रयोग गरेर लुगा सिलाउन, तेल उत्पादन गर्न, पाउरोटी, बिस्कुट, चाउमिन लगायतका तयारी वस्तु तथा खाद्य पदार्थहरूको उत्पादन गर्न सकिन्छ । यसरी आधुनिक उपकरण तथा सिपको उपयोग गरेर उत्पादन गरिएका वस्तुहरूलाई उपभोग मात्र नभएर विक्री गरेर पनि प्रसस्त आयआर्जन गर्न सकिन्छ ।

### १.३ परम्परागत तथा आधुनिक सिपबिच तुलना

हाम्रा पूर्वजहरूले आविष्कार गरेका सिपहरुलाई नै परम्परागत सिप भनिन्छ भने वर्तमान समयमा मेसिन तथा उपकरणहरूको उपयोगबाट गरिने कामहरूलाई आधुनिक सिप भनिन्छ । उदाहरणका लागि पूर्वजहरूले मसला पिस्नका लागि लोहोरो र सिलौटोको प्रयोग गर्ने गरेका थिए भने वर्तमान समयमा विद्युतबाट सञ्चालन हुने उपकरणहरूको प्रयोगले व्यापकता पाएको छ । यसका कारण आजका मानिसहरु आफूभन्दा पनि मेसिन उपकरणहरूको उपयोग गरेर काम गर्न लालायित छन् । छोटो समयमा बढी लाभ लिन सकिने, श्रम पनि निकै कम लाग्नुका साथै आधुनिक प्रविधियुक्त सिपको प्रयोग गरेर उत्पादन गरिएका वस्तु तथा सामग्रीहरू निकै आकर्षक टिकाउ र कम लागत पर्ने गरेका छन् ।

**परम्परागत सिपका फाइदाहरू :**

- हाम्रा पुस्ताहरूले सिर्जना गरेका सिपहरूको संरक्षण र सम्बर्द्धन हुँदा हाम्रो मौलिक पहिचान जीवित रहन्छ ।
- शारीरिक गतिविधि हुने भएकाले व्यक्ति स्वस्थ्य हुने हुँदा स्वस्थ समाजको निर्माणमा सहयोग पुग्ने ।

**परम्परागत सिपका बेफाइदाहरू :**

- कुनै कार्य गर्दा लामो समय लाग्ने ।
- बढी शारीरिक श्रमको प्रयोग गर्नुपर्ने भएकाले थकान बढी हुने ।
- प्रयोग गर्दा सावधानी नअपनाउँदा दुर्घटना हुन सक्ने ।

**आधुनिक सिपका फाइदाहरू :**

- कुनै पनि कामलाई सहज र छिटो बनाउने ।
- आकर्षक सामग्रीहरु निर्माण गर्न सहयोग पुग्ने ।
- प्रविधिको प्रयोग हुने भएकोले शारीरिक श्रम नहुने ।
- न्यून जनशक्तिबाट काम गर्न सकिने ।

**आधुनिक सिपका बेफाइदाहरू :**

- इन्धनको आवश्यकता पर्ने भएकोले वातावरण प्रदूषित हुने समस्या ।
- प्रविधिको प्रयोग गर्न विशेष सिपको आवश्यकता ।
- प्रयोगमा त्रुटि हुँदा वा सावधानी नहुँदा ठूलो जनधनको क्षति हुने ।
- परम्परागत प्रविधि विस्थापित भई लोप हुने सम्भावना ।
- मौलिक पहिचान हराउने प्रवल सम्भावना ।

## अभ्यासः

१. सिप भनेको के हो ? परम्परागत सिप भन्नाले के बुझ्नुहुन्छ ? उदाहरण सहित लेख्नुहोस् ।
२. आधुनिक सिप अन्तर्गत के कस्ता सिपहरु पर्दछन् ?
३. परम्परागत तथा आधुनिक सिपका फाइदा तथा बेफाइदाहरू उल्लेख गर्नुहोस् ।

## क्रियाकलाप

१. तपाईको गाउँ वा समुदायमा परम्परागत सिपको प्रयोग गरेर बनाइएका सामग्रीहरूको सोधखोज गरी सूची तयार गर्नुहोस् ।
२. शिक्षकको उपस्थितिमा "परम्परागत प्रविधि कि आधुनिक प्रविधि" विषयमा कक्षामा वादविवाद कार्यक्रम गर्नुहोस् ।

## परियोजना कार्य :

तपाईले आफ्ना पूर्वजहरूबाट सिकेको कुनै सिपको प्रयोग गरी तयार गरेका वस्तुहरूलाई कक्षामा प्रदर्शन गर्नुहोस् ।

स्थानीय सिप र श्रमको प्रयोग गरेर परम्परादेखि नै विभिन्न वस्तुहरू निर्माण गरिँदै आएको पाइन्छ। यस प्रकारका सामग्रीहरुको प्रयोगबाट दैनिकी सहज बन्ने र हाम्रो घर तथा समुदायमा आइपर्ने सानातिना कामहरु सहजै गर्नका लागि सघाउ पुग्दछ। स्थानीय प्रविधिहरू स्थानीय आवश्यकता र कच्चा पदार्थहरूको उपलब्धतामा भर पर्दछ। जुन स्थानमा जस्तो कच्चा पदार्थहरू उपलब्ध हुन्छ सोही अनुसारका स्थानीय सामग्रीहरुको निर्माण तथा प्रयोग गरिन्छ। उदाहरणका लागि पहाडमा निगालो पाइने हुनाले डोको, नाम्लो, डाला, स्याखु, छत्री, थुन्से आदि निगालोबाट बनाइएको हुन्छ भने तराई क्षेत्रमा बाँस पाइने भएकाले बाँसबाट नै यस्ता सामग्रीहरू निर्माण गरिने गरिएको छ। यसप्रकार एक स्थानमा तयार गरिएका स्थानीय सामग्रीहरुलाई अर्को स्थानमा पुऱ्याएर आयआर्जन गर्न सकिन्छ। पहाडी क्षेत्रहरुमा अम्रिसो प्रशस्त पाइने भएकाले अम्रिसोको कुचो बनाइन्छ र तराईमा उपलब्ध गराइन्छ। यसरी स्थानीय स्रोत सामग्रीहरूको माध्यमबाट आफ्नै सिपको भरपुर प्रयोग गरेर तयार गरिएका सामग्रीहरू प्रयोग गर्न सजिलो र सानातिना कामहरूमा हामीलाई सघाउ पुग्ने भएकाले निकै लोकप्रिय छन् जसका कारण सदियौँदेखि प्रयोग हुँदै आएका यसप्रकारका सामग्रीहरू अहिलेको आधुनिक प्रविधिको युगमा पनि उत्तिकै सर्वप्रिय छन्। जसमध्ये हामी डोको, नाम्लो र डोरी बनाउने तरिका र आवश्यक कच्चा पदार्थहरूका बारेमा यहाँ छलफल गर्नेछौँ।

### २.१ डोको



नेपाल लगायत भारतको हिमाचल प्रदेश, उत्तराखण्ड, जम्मू कश्मिर, सिक्किम, पश्चिम बङ्गाल, आसाम र पञ्जाव राज्यमा अनि भुटानमा समेत अझै पनि यो भारी बोक्ने प्रमुख साधन हो। डोकोलाई नाम्लोले लपेटेर नाम्लोको फेर टाउकोमा राखेर अथवा खकन्ता लगाएर खकन्ता कुममा लगाएर भारी बोकिन्छ। डोको बाँस अथवा निगालोको कप्टेरा र चोयाबाट बनाईने एक प्रकारको भारी बोक्नलाई प्रयोग हुने साधन हो। यो स-साना पशुपन्छी छोप्न

पनि प्रयोग गरिन्छ । यो हेर्दा सोली आकारको हुन्छ तर फेदको चौथाई भागबाट माथि चोया बुन्दा प्वाल रहने गरेर बुनिएको हुन्छ । यसको फेद साधारणतया आयताकार हुन्छ ।

**डोको निर्माणका लागि आवश्यक सामग्रीहरू :**

बाँस वा निगालो, चक्कु, हँसिया, खुकुरी

**डोको बुन्ने तरिका :**

- पाकेको हरियो बाँस वा निगालोलाई फेदैबाट काट्ने ।
- आँख्लाहरु फालेर सकेजति लामा आधा इन्च चौडाइ भएका चोयाहरु निकाल्ने ।
- चोयाहरू एकमाथि अर्को खप्ट्याएर सुरुमा आसन बुन्नु पर्दछ ।
- त्यसपछि यसको छेउको भाग उठाएर बुन्दै लगेर करिब ३/४ फिट वा आवश्यकता अनुसारको उचाइ बनेपछि यसको बिट मार्नु पर्दछ ।
- तल्लो भाग अलिक बलियो बनाउनका लागि आसन लगाउनु पर्दछ र छेउको भाग बलियो बनाउनका लागि खुट्टा (बाँस चिरेर बनाइन्छ) राखिन्छ । आवश्यकता अनुसार ६ देखि ८ ओटासम्म खुट्टाहरु राखिन्छ ।

**सावधानी :**

- बाँस काट्दा परिपक्व भएको मात्रै काट्ने ।
- चोया निकाल्ने हतियार धारिलो हुनु पर्दछ ।
- चोया निकाल्दा सावधानी अपनाउनु पर्दछ नभए हात काटिने सम्भावना हुन्छ ।
- डोको बुनिसकेपछि स-साना बाँसका टुक्राहरूको उचित व्यवस्थापन गर्नु पर्दछ ।

## २.२ नाम्लोः



नाम्लो भारी बोक्दा प्रयोग हुने चोया, छाला, प्लाष्टिक, बोरा तथा डोरीबाट हातले बुनेर तयार गरिने कृषि औजार हो । यसरी फरक फरक सामग्रीहरुबाट नाम्लो बनाउन सकिएतापनि यसको बुन्ने विधि एउटै हुन्छ । नाम्लोको अगाडि जोडिने चौडा आकारको सामग्रीलाई पातो भनिन्छ । यसैसँग जोडिएको डोरीलाई

'बरियो' भनिन्छ। त्यसैले नाम्लो पातो र बरियोको संयुक्त रुप हो। पातोमा बरियो लगाएपछि नाम्लो भारी बोक्नको लागि तयार हुन्छ । नाम्लोको बनोट एक डोरी जस्तै आकारको हुन्छ । नाम्लोलाई डोरीकै रूपमा समेत प्रयोग गर्न सकिन्छ। मुख्यगरी नाम्लोको प्रयोग भारी बोक्नका लागि गरिन्छ। डोको, थुन्से, डालो लगायत अन्य सामग्रीलाई नाम्लोले बाँधेर भारीका रूपमा बोकिने गरिन्छ।

**नाम्लो निर्माणका लागि आवश्यक सामग्रीहरु :**

खाप सियो, डोरी, बाँस, चोया, बोरा, प्लास्टिक, बाबियो आदि वा आवश्यकता र उपलब्धता अनुसार के को प्रयोग गरी बनाउने हो त्यही सामग्री आवश्यक पर्दछ।

**नाम्लो बुन्ने तरिका :**

- सुरुमा कानो बाट्ने ।
- पातो बुन्दै जाने ।
- करिब एक हात जति पातो बुनिसकेपछि अर्को भागमा पनि कानो बाट्ने ।
- पातो तयार भएपछि एकतर्फको कानोमा स्थायी रुपले बरियो बलियोसँग बाँध्ने ।

**सावधानी :**

- बुन्दा आफूले प्रयोग गरेका धारिला औजारबाट पातोलाई बचाउने ।
- गाँठो भरपर्दो र कसिलो तरिकाले बनाउने ।
- सियो वा कुनै हतियार प्रयोग गर्दा सावधानी अपनाउने ।

## २.३ डोरी/पगाहा/तोरणः



डोरी अत्यन्तै बढी प्रयोग गरिने घरेलु सामग्री हो । पहिले डोरी हातले बुनेर बनाइन्थ्यो भने आजभोलि हातले बुन्नुका साथै मेसिनबाट पनि तयार गरिएका डोरीहरु पाइन्छन् । पहिले पहिले पाट (सनपाट) बाट बनाइएका डोरीहरू लडियामा राखेर अनाजसँग साटेर लिने प्रचलन थियो । डोरीको मोटाइ र बनाइने सामग्रीका

आधारमा यसलाई विभिन्न नामले पुकारिन्छ । बाबियो अर्थात् बनकसबाट बाटेर हातले बनाइने भएकाले यसलाई हतेउरी पनि भनिन्छ। डोरीलाई बारबेर गर्न, कुनै वस्तु सरसामान बाँध्नका लागि प्रयोग गरिन्छ । आजभोलि बनकस, पाटबाट बनाइएका डोरीहरुभन्दा नकुहिने र लामो समयसम्म प्रयोग गर्न सकिने भएकाले प्लास्टिकका डोरीहरू नै व्यापक रुपमा प्रयोग हुँदै आएको छ। हाम्रो गुलरिया नगरपालिकामा विशेष गरी थारु तथा मधेसी समुदायमा डोरी बनाउने प्रचलन रहेको छ। जङ्गलबाट बाबियो (बनकस) ल्याएर बनाउने प्रचलन यद्यपि अहिले पनि छँदैछ तर पहिले पहिले यस क्षेत्रमा गरिने सनपाटको खेती हराउँदै गएको छ । त्यसैले पाटका डोरीहरु दूर्लभ हुँदै गएका छन् ।

**डोरी निर्माणको लागि आवश्यक सामग्रीहरु :**

बनकस (बाबियो), सनपाट, केतुकी, जटा, प्लास्टिक आदि ।

**डोरी निर्माणको विधि :**

- हातले आवश्यकता अनुसार बनकस लिने यसलाई दुई भागमा राखेर राम्ररी खुट्टाले अड्याएर हातमा पोयाहरु लिएर दुबै हातको माध्यमबाट बटार्ने ।
- आवश्यकता अनुसार डोरीको लम्बाई तयार गर्ने ।

### क्रियाकलाप

१. तपाईंको गाउँठाउँमा स्थानीय प्रविधिको प्रयोग गरी तयार गरिएको सामग्रीहरु के के छन् ? तिनीहरूको सूची तयार गर्नुहोस् ।

### अभ्यासः

१. डोको बुन्दा आवश्यक पर्ने सामग्री सहित बुन्ने तरिका र सावधानीहरू उल्लेख गर्नुहोस् ।

२. नाम्लो भनेको के हो ? यसका भागहरू लेख्नुहोस् । नाम्लो बनाउन आवश्यक सामग्रीहरू लेख्नुहोस् ।

### परियोजना कार्यः

१. तपाईंको गाउँघरमा डोको, नाम्लो बनाउने कोही व्यक्तिहरुसँग भेटघाट गर्नुहोस् र उनीहरुसँग बसेर यस्ता सामग्री बनाउने सिप सिक्नुहोस् र बनाउने प्रयास गर्नुहोस् । (सुरक्षाका सावधानीहरू अपनाउनुहोला ।)

२. तपाईंले जान्नुभएको सिप प्रयोग गरेर तयार गर्नुभएका स्थानीय प्रविधिका सामग्रीहरुलाई कक्षामा प्रदर्शन गर्नुहोस् ।

# पाठ ३

## हाम्रो कृषि प्रणाली


खैरीमा गरिएको खुर्सानी खेती

कृषि एउटा कला हो, विज्ञान हो जसका माध्यमबाट हामीले विभिन्न खाद्यान्न लगायतका वस्तुहरूको उत्पादन गर्छौं । त्यसका लागि विभिन्न विधिहरूको आवश्यकता पर्दछ । कृषिविना मानवको अस्तित्त्व संभव हुन सक्दैन । मानिसलाई आफ्नो जीवन निर्वाह गर्नको लागि आवश्यक पर्ने खाद्य तत्त्व, पौष्टिक तत्त्व सम्पूर्ण हामीले कृषिको सहायताले उत्पादन गर्न सक्छौं जस्तै : खाद्यतत्त्व, दुध, माछा, मासु आदि । नेपाल कृषि क्षेत्रमा यति धेरै सम्भाव्यताको देश विश्वमा नै एकमात्र हो जहाँ उच्च हिमाली भेगमा पशुपालन, पहाडी भेगमा फलफूल खेती र तराईमा खाद्यान्न उत्पादन हुन्छ । कृत्रिम तरिकाले बालीजन्य र पशुजन्य उत्पादन गर्नु भनेको कृषि हो । कृषिकर्म खेत वा वारीमा अन्न रोपी त्यसलाई गोडमेल गरेर उब्जाउने काम हो । पशुपालन, बाली उत्पादन, मत्स्य पालन र अन्य जीवजन्तुको पालन वा खेतीपातीलाई नै समग्र रुपमा कृषि भनिन्छ । नेपाली समाजलाई नियालेर हेर्ने हो भने सबै भन्दा भरपर्दो पेसा कृषिलाई मान्न सकिन्छ । धेरै नेपालीको जीविकोपार्जनको बलियो आधार कृषि नै हो । मानव सभ्यताको विकासक्रमसँगै परम्परागतरुपमा खेतीपातीको सुरुवात भएको पाइन्छ । कतिपय मुलुकहरूले कृषिलाई आधुनिक स्वरुपमा रुपान्तरण गरिसकेका छन् भने कतिपय अझै पनि परम्परागत तथा जीवन निर्वाहमुखी कृषि पेसा मै सीमित रहेका छन् । नेपाल कृषिमा आधुनिकता तर्फ बढिरहेता पनि अधिकांश क्षेत्रमा परम्परागत कृषि प्रणाली जीवन निर्वाहको रुपमै अगाडि बढिरहेको छ । कृषि नेपालको लागि मुख्य पेसा भएपनि यतिबेला यो देश वार्षिक रुपमा खाद्यान्न आयात गर्नु पर्ने अवस्थामा पुग्नु निकै दुःखलाग्दो कुरा हो ।

नेपालमा उत्पादन हुने प्रमुख खाद्य वाली जस्तै धान, मकै, कोदो, गहुँ लगायतका अन्य अन्न समेत विदेशबाट आयात हुन थालेको छ। नेपालमा कृषिको सन्दर्भमा सकारात्मक कदम नचालिएको पनि होइन तर विगत केही वर्ष यता केही कृषकले यस पेसालाई आधुनिक र व्यावसायिक रुपमा लैजाने अनुकरणीय प्रयास गरेका छन् । यस्ता प्रयासहरूले हालको कृषि बजारमा केही मात्रामा भएपनि स्थान लिएको छ । केही अपवादलाई छोडेर नेपाली कृषिले अझै पनि युवा वर्गलाई आकर्षित गर्न सकेको छैन । जसको फलस्वरुप दिनहुँ हजारौंको सङ्ख्यामा युवा रोजगारीकै खोजीमा खाडी मुलुक तथा अन्य मुलुक जान बाध्य छन् । जस मध्ये केहीले त विदेशमा कृषि मजदुरकै रुपमा काम गरिरहेका छन् । सरकारले युवा वर्ग लक्षित कृषि कार्यक्रमलाई प्रभावकारी बनाउन नसक्दा यो समस्या निम्तिएको हो । जुन राष्ट्रकै गहन चुनौती बन्न पुगेको छ ।

गुलरिया नगरपालिकाको भूभाग कृषिका लागि निकै उपयोगी छ । यहाँको बलौटे र मलिलो माटो भएका क्षेत्रहरुलाई पूर्ण रुपमा सदुपयोग गरेर प्रशस्त कृषि उपजहरु उत्पादन गर्न सकिने सम्भावना रहेको छ । मौसमी तथा बेमौसमी खेतीको प्रचुर सम्भावना यस क्षेत्रमा रहेको छ । गुलरिया नगरपालिकाको छेउ भएर बग्ने सरयू (बबई नदी) ले बनाएको बगरमा यहाँका किसानहरूले पछिल्लो समयमा सक्रिय रुपमा बगर खेती गरिरहेका छन् । यो निकै सकारातमक पक्ष हो । त्यसैगरी खैरापुर, खैरी, पण्डितपुर लगायतका क्षेत्रहरु त बलौटे माटो भएका कारण खुर्सानी, ममफली, तरबुजा, खरबुजा, काँक्रा, लौका, करेला, बरेला, खेक्सी जस्ता कृषि उपजहरुका लागि निकै उपयोगी मानिन्छन् ।

गुलरिया नगरपालिकाका खैरापुर, पण्डितपुर, खैरी, गुलरिया गाउँ, बालापुर, सुहेलवा, पर्सिया, कटि, बेचैपुर, बगही, लालपुर, गणेशपुर आदि क्षेत्रहरु कृषि उपज उत्पादनका दृष्टिकोणले महत्त्वपूर्ण क्षेत्रहरु हुन् । किसानहरूले आफूलाई खानका लागि उत्पादन गर्ने उपजहरुलाई खाद्यबाली भनिन्छ भने उत्पादन गरेर त्यस प्रकारका उपजहरू विक्री गरी नगद आम्दानी गर्न सकिने बालीहरुलाई नै नगदे बाली भनिन्छ । गुलरिया नगरपालिकाका नगदेबालीहरुमा खासगरी खुर्सानी, ममफली, तरबुजा, खरबुजा, उखु आदि हुन् । यी उत्पादनहरूबाट किसानले आम्दानी लिन सक्दछन् । यसरी उत्पादित उपजहरूलाई स्थानीय बजारमा समेत विक्री गरेर आम्दानी लिन सकिन्छ । गुलरियामा खासगरी ममफली, खुर्सानी तथा बगरखेतीबाट उत्पादन गरिएका तरबुजा, खरबुजाबाट पनि किसानहरुले मनग्य आय आर्जन गरिरहेका छन् । हामी गुलरिया नगरपालिकामा नगदे बालीको रुपमा खेती गरिने खुर्सानी, ममफली र तरबुजा खेतीको बारेमा यहाँ पढ्छौं ।

### ३.१ खुर्सानी खेती:



खुर्सानी पिरो स्वाद हुने एक किसिमको फल हो । धेरैले खुर्सानी स्वादका लागि खाने गरेका छन् । खुर्सानीको पिरो तत्त्वलाई क्याप्सिसिन र त्यो वनस्पतिलाई क्याप्सिकम भनिन्छ । ग्रीक भाषाको टोक्ने वस्तु बुझाउने शब्दबाट यो नाम बनेको हो । खुर्सानी पोर्चुगाली र स्पेनी अन्वेषकहरू मार्फत एसिया महाद्वीप छिचोलेको हुनुपर्छ भन्ने मान्यता छ । खुर्सानी धेरै थरीका हुन्छन् । डल्ले, अकबरे, ज्यानमारा, जिरे आदि असाध्यै पिरो वर्गमा पर्दछ । अलि साना खालका खुर्सानीमा झनि, चुच्चे, घोक्रे आदि पनि छन् । 'सानो खुर्सानी पिरो' भन्ने उखानै छ । खुर्सानीको सेवनले चिसोबाट बच्न, तौल घटाउन, खाना पचाउनुका साथै क्यान्सरसँग लड्न समेत सहयोग गर्दछ ।

खुर्सानी नेपालको जुनसुकै क्षेत्रमा फलाउन सकिन्छ । गुलरिया नगरपालिकाको खैरापुर, खैरी र पण्डितपुर गाउँहरु खुर्सानीका लागि पकेट क्षेत्र हुन् । खुर्सानी गर्मी वा न्यानो मौसममा लगाइन्छ । यो हिउँदे बालीका रुपमा लगाइन्छ । खासगरी १८ देखि ३५ डिग्री सेल्सियस सम्मको तापक्रम उपयुक्त मानिन्छ । गुलरियामा यसको खेती खासगरी असारको पहिलो हप्तामा बिउ राखिन्छ । १ महिनामा खुर्सानीको बेर्ना तयार भएपछि रोप्नका लागि माटो निकै खुकुलो बनाउनु पर्दछ । त्यसपछि करिब १ फिटको दुरीमा राम्रोसँग तयारी गरिएको बारीमा बिरुवा रोपिन्छ । बलौटे माटोमा पानीको खासै आवश्यकता नपर्ने भएकोले खुर्पीको मद्दतले झार निकालेर बढीमा दुईपटक गोडमेल गर्ने गरिन्छ ।

असोजदेखि फल लाग्छ र टिप्न सकिन्छ । राम्रोसँग उत्पादन भएको खण्डमा १ कठ्ठामा ७ क्विन्टलसम्म फलाउन सकिन्छ । केही वर्षअघि धानसँग साटेर खुर्सानी बेचिन्थ्यो भने हाल नगदे बालीको रुपमा रुपान्तरण भएको अवस्था छ । खुर्सानीलाई व्यावसायिक रुपमा खेती गर्न सक्ने हो भने गुलरिया नगरपालिकाको मुख्य आम्दानीको स्रोत बनाउन सकिन्छ ।

**क्रियाकलाप :**

दिइएको क्यूआर स्क्यान गरी गुलरियाको खैरीमा गरिने खुर्सानी खेतीका बारेमा प्राप्त जानकारीहरु टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

### ३.२ ममफली खेतीः



चलनचल्तीको भाषामा बदाम भनिएतापनि स्थानीय भाषामा यसलाई ममफली भनिन्छ । नेपालको पहाडी क्षेत्रमा उत्पादन हुने बदाम अलिक ठूलो हुन्छ भने तराईमा हुने अलिक सानो हुन्छ। गुलरिया नगरपालिकामा पनि ममफलीको खेती गर्ने गरिएको छ । यो खासगरी बलौटे माटोमा हुने खेती हो । यसको बिउ रोप्ने महिना असार हो । प्रति कठ्ठा एक किलोग्राम बिउ आवश्यक पर्दछ । ममफलीको बिउ तयार गर्नका लागि पुष्टिएका फलको बाहिरी बोक्रा निकालेर तयार गरिन्छ। १ पटक गोडमेल गरी झार निकालिदिने र माटो खुकुलो पार्ने काम गर्नुपर्छ। यसरी असारमा रोपिएको बिउ कात्तिक महिनादेखि खनेर उत्पादन लिन सकिन्छ। बजारमा काँचो (नभुटेको) ममफली प्रति किलोग्राम एक सयदेखि एक सय पचास रुपैयाँसम्ममा विक्री गरिन्छ भने यसलाई भुटेपछि प्रति किलोग्राम करिब दुई सयदेखि दुई सय पचास रुपैयाँसम्ममा बिक्री गरिन्छ । ममफलीलाई चाकु, लड्डु, घाँजीमा मिलाउन, विभिन्न मसला, मिठाइ तथा खाद्य पदार्थहरुमा प्रयोग गरिन्छ ।

### ३.३ खरबुजा/तरबुजा खेती



विनिता गोडियाको घर गुलरिया नगरपालिका वडा नम्वर ३ खैरीमा पर्छ । वहाँले आफ्नो बाल्यकालदेखि नै खरबुजा खेती गरेको स्मरण गर्नुहुन्छ । वहाँ आफैं संलग्न भएर खरबुजा खेती गर्दै आउनुभएको २५ वर्ष जति भयो । आफ्नो बारीमा वहाँले नियमित रुपमा हरेक सिजनमा खरबुजा लगाएर आम्दानी लिँदै आउनुभएको छ। यस कार्यबाट वहाँ निकै सन्तुष्ट हुनुहुन्छ। परिवारमा ८८ वर्षीय बुबा पनि साथमै हुनुहुन्छ। वहाँ पनि आफ्नो सन्तानहरुले सफलतापूर्वक कृषि कर्म गरिरहेको देखेर निकै खुशी हुनुहुन्छ ।

माघ महिनामा नै वहाँले गुलरिया बजारको एग्रोभेटबाट खरबुजाको बिउ ल्याएर लगाउनुहुँदो रहेछ । प्रत्येक बिउलाई दुई मिटरको फरकमा लगाउनुहुँदो रहेछ । बगर

खेती भएकोले रासायनिक र घरको मल राखेर गोडमेल गर्नुहुँदो रहेछ । उपलब्ध भएसम्म तीनपटक पानी दिएपछि करिब तीन महिनापछि अर्थात बैशाखतिर यसले फल दिन शुरु गर्ने रहेछ । विनिताको खेतमा लगाइएको खरबुजा उज्ज्वल र कालो गरी दुईथरीका रहेछन् । घरमै आएर किनिदिने हुनाले अहिले बजारमा बेच्न बोकेर जान नपर्दो रहेछ ।

## ३.४ उखु खेती :



उखु महत्त्वपूर्ण नगदे बाली हो । उखु, चिनी, मिस्री, सख्खर आदि गुलियो पदार्थको कच्चा पदार्थ हो । उखुको रसलाई रासायनिक परिवर्तन गरेर उक्त वस्तुहरूको उत्पादन गरिन्छ । नेपालमा पनि प्रायः तराईमा कृषकहरूले उखु खेती गर्दै आएका छन् । नेपालमा उखुको अनुसन्धान केन्द्र बाराको जितपुरमा छ । गुलरिया नगरपालिकामा पनि उखुको खेती गरिन्छ । तर पहिलेको तुलनामा अहिले उखु खेतीमा कमी आएको छ । यसको कारण भनेको उखुबाट उत्पादन गरिने चिनी, सख्खर (भेली) उत्पादन गर्ने उद्योग कलकारखानाहरूको अभाव हो । तथापि केही कृषकहरूले भने जेनतेन उखु खेतीलाई निरन्तरता दिँदै आएको पाइन्छ । गुलरियाका खैरापुर, कटि, पर्सिया, तुलसीपुर, सुहेलवा, चौगुर्जी लगायतका क्षेत्रहरुमा उखुको खेती गरिँदै आएको छ । तराईमा गर्मीको मौसममा उखुको जुसमा बरफ, कागतीको रस, पुदिना, काला नमक (बिरे नुन) मिसाएर पिउने चलन रहेको छ ।

उखु खेतीमा अरु खेती जस्तो धेरै चोटी जमीनको खनजोत गरी रहन पर्दैन । एक पटकमा जमीन खनजोत गरेर उखु खेती गरिएमा कम्तिमा पनि तीन वर्षसम्म त्यसै एक पटक खनजोत गरिएको जमीनबाट उत्पादन लिन सकिन्छ । अरु खेती जस्तो पटक पटक गोडमेलको झन्झट पनि उखु खेतीमा कम पर्ने भएकाले यसमा धेरै कम मिहिनेत लाग्दछ ।

उखु एक नगदेबाली भएका कारण यसको उत्पादनसँगै तुरुन्त नगद पैसा कृषकहरूले प्राप्त गर्न सक्छन् । अरु खेती जस्तो भण्डारण आदिको झन्झट पनि छैन । साथै उखुबाट ग्रामीण क्षेत्रमै यसको खुदो तथा सख्खर बनाएर बिक्रीवितरण गर्न सकिन्छ । खासगरी माघी अर्थात् माघे संक्रान्तिमा उखुबाट बनाइएको भेलीको माग निकै हुने गरेको छ । यसका साथै

ठूला उद्योगहरूमा चिनी उत्पादनका लागि कच्चा पदार्थको रूपमा समेत उखुको प्रयोग हुन्छ । विभिन्न पूजाआजामा पनि उखुलाई पवित्र प्रसादका रुपमा प्रयोग गरिन्छ ।

## क्रियाकलाप :

शिक्षकसँग सरसल्लाह गरी १०/१० जनाको समूह बनाएर आफ्नो विद्यालयको बगैंचामा एउटा सानो क्षेत्रमा खुर्सानी, ममफली तथा तरबुजा खेती गर्नुहोस् ।

## अभ्यासः

१. **'गुलरिया नगरपालिका बगर खेतीका लागि उपयुक्त रहेको छ ।'** यस भनाईलाई उदाहरण सहित प्रष्ट पार्नुहोस् ।

२. खुर्सानी खेतीको महत्त्वबारे एउटा निबन्ध लेख्नुहोस् ।

३. तरबुजा खेतीको परिचय दिनुहोस् ।

४. ममफली खेती कसरी गरिन्छ ? ममफली खेती गर्दा ध्यान दिनुपर्ने कुराहरु लेख्नुहोस् ।

५. बगर खेती गुलरिया नगरपालिकाको लागि किन महत्त्वपूर्ण छ ?

## परियोजना कार्यः

शिक्षकसँग समन्वय गरी गुलरिया नगरपालिकामा बगर खेती गरिने कुनै एक स्थलको स्थलगत अवलोकन भ्रमण गरी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

# पाठ ४ कृषि उत्पादन र बजारीकरण



कृषकहरु आफूले उत्पादन गरेका खाद्यान्न तथा नगदेबालीहरू व्यावसायिक रुपबाट उत्पादन गर्ने गरेका छन्। गुलरियाका ग्रामीण क्षेत्रहरुमा विगतदेखि नै खाद्यबालीका रुपमा धान, मकै, गहुँ, दलहनका रुपमा मसुरो, रहर, चना, केराउ, मुङ, भटमास, राज्मा र त्यसैगरी तेलहनबालीका रुपमा तोरी, लाहा, आलस आदि उत्पादन गर्ने गरिएको छ।

## ४.१ स्थानीय उत्पादनहरू

गुलरिया नगरपालिकामा खासगरी कृषिजन्य, पशुजन्य उत्पादनहरू गरिने गरिएको छ। कृषिजन्य उत्पादनहरुमा खाद्यान्न तथा तरकारीहरू, बेमौसमी तरकारी, नगदे बाली तथा बगर खेतीबाट उत्पादन गरिने खरबुजा, लौका, करेला, खेक्सी, बरेला, परवर लगायत पशुजन्य उत्पादनमा दुध तथा दुग्धजन्य पदार्थहरू र मासु तथा मासुजन्य पदार्थहरु पर्दछन्। गुलरिया नगरक्षेत्रमा केही व्यक्तिगत रुपमा तथा समूहगत रुपमा पशुपालन समेत गरिएको छ।

## ४.२ बजारीकरण

कृषकहरूले कुनै पनि वस्तुहरूको उत्पादन गर्नु मात्रै ठूलो कुरा होइन । उत्पादन गरिएका वस्तुहरूले उचित बजार बजार पाउनु पर्दछ। किसानका व्यावसायिक उत्पादनहरूले बजार नपाउँदा तथा आयातित उत्पादनहरूले बजार लिँदा स्थानीय

कृषकहरू निकै मारमा पर्ने गरेका हामीले विभिन्न सञ्चार माध्यमहरूबाट जानकारी पाउँदै आएका छौँ । त्यसैले उत्पादित वस्तुहरूलाई बजारीकरण गर्नका लागि मात्र नभएर यस्ता वस्तुहरूको सुरक्षित भण्डारणमा विशेष ध्यान पुऱ्याउन सकेको खण्डमा अपेक्षित आयआर्जनका साथै किसानहरूको जीवनस्तर सुधार गर्न सकिन्छ ।

### ४.३ स्थानीय हाटबजारहरू

गुलरिया नगरपालिकाको स्थानीय उत्पादनहरूलाई उपभोक्ताहरूसम्म पुऱ्याउनका लागि खासगरी दुईओटा हाटबजारहरू रहेका छन् । जसमा गुलरिया हाटबजार र पर्वतीया हाटबजार रहेका छन् । गुलरियाको हाटबजार हप्ताको दुई दिन अर्थात् प्रत्येक मङ्गलबार र शनिबार लाग्ने गरेको छ भने पर्वतीया हाटबजार प्रत्येक हप्ताको शुक्रबार लाग्ने गरेको छ । यी हाटबजारहरूमा स्थानीय कृषकहरूले उत्पादन गरेका विभिन्न कृषि उपजहरूका साथै अन्य तयारी सरसामानहरू तथा घरेलु प्रयोजनका सामग्रीहरूको बिक्री गरिँदै आइएको छ । यसका अलावा विभिन्न मेला, जात्रा र पर्वहरुमा समेत स्थानीय उत्पादनहरूले बजार पाउँदै आएका छन् ।

### ४.४ स्थानीय सङ्कलन केन्द्रहरू

किसानले उत्पादन गरेका विभिन्न उत्पादनहरूलाई सङ्कलन गरेर बजारसम्म पुऱ्याउनका लागि सङ्कलन केन्द्रको आवश्यकता पर्दछ । गुलरिया नगरपालिकामा उत्पादित कृषि उपजहरू सङ्कलनका लागि गुलरिया नगरपालिकाको बसपार्क नजिकै एउटा सङ्कलन केन्द्र रहेको छ। यस्ता केन्द्रहरुमा भण्डारण गर्दा सुरक्षित तरिकाले र लामो समयसम्म राख्न सकिने र नबिग्रिने तरिकाबाट भण्डारण गर्नु पर्दछ ।

**अभ्यास :**

१. कृषि उत्पादन अन्तर्गत के-कस्ता उत्पादनहरू पर्दछन् ? सूची तयार गर्नुहोस् ।

२. गुलरिया नगरपालिकाका कृषि उत्पादनको बजारीकरणमा देखिएका समस्या तथा चुनौतीहरूबारे लेख्नुहोस् ।

**क्रियाकलाप**

आफ्नो विद्यालयमा साथीहरुसँगको सहकार्य र शिक्षकको सरसल्लाहमा तपाईंको क्षेत्रमा उपयुक्त हुने कम्तीमा एउटा कृषि उपज उत्पादन गर्नुहोस् ।

**परियोजना कार्यः**

गुलरिया नगरपालिकामा लाग्ने कृषि हाटबजारको अवलोकन भ्रमण गरी व्यावसायी तथा उपभोक्ता सबैसँग गरेको कुराकानीका आधारमा एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

# परम्परागत यातायातका साधनहरू

सडक यातायातको सुविधा हुनुपूर्व नेपालमा विभिन्न वैकल्पिक यातायातका साधनहरुको प्रचलन थियो । विकट ठाउँहरूमा घोडा, खच्चरहरुलाई यातायातको लागि उपयोग गरिन्थ्यो भने केही सुविधा भएका स्थानहरुमा टाँगा, बग्गीमा समेत यातायात गर्ने गरिन्थ्यो । नेपालका दूर्गम क्षेत्रहरूमा अझै पनि सवारीका लागि यस्ता साधनहरूको प्रयोग गरिन्छ । तराईमा टाँगा, लडिया, डनलप लगायतका साधनहरू विभिन्न सरसामानहरूको ओसारपसार गर्नका लागि तथा मानिसहरूले एक स्थानबाट अर्को स्थानमा जानका लागि प्रयोग गर्ने गर्दछन् । यी सामग्रीहरूको प्रयोग गर्दा वातावरणीय प्रदुषण नहुने भएकोले पनि फाइदाजनक छन् । तर इन्धनयुक्त सवारी साधनजस्तो छिटो नहुने भएकोले यस्ता साधनहरुको प्रयोगमा कमी र पछिल्लो समयमा ब्याट्री, बिजुली तथा इन्धनबाट सञ्चालन हुने सवारी साधनले गर्दा यस प्रकारका परम्परागत साधनहरूको प्रयोगमा कमी आउनुका साथै झण्डै लोप हुने अवस्थामा पनि पुगेका छन् ।

### ५.१ एक्का/टाँगा :



टाँगा एउटा घोडाले तानेर गुड्ने सवारी साधन हो । यसमा दुईओटा पाङ्ग्राहरू रहेका हुन्छन् । गुलरिया नगरपालिकामा पहिले पहिले यसको प्रयोग निकै हुने गर्दथ्यो । अहिले पनि गुलरियादेखि मुर्तिहासम्म आवतजावत गर्नका लागि मानिसहरु यसको प्रयोग गर्दछन् । तर आजभोलि विद्युतीय तथा इन्धनबाट सञ्चालन गर्न सकिने सवारी साधनहरुको बढ्दो प्रयोगका कारण यसको प्रयोगमा कमी आएको छ । आजभोली भट्टामा इँटा तथा माटो बोक्नका लागि यसको प्रयोग गरिन्छ ।

## ५.२ बयलगाडी/लडिया :



एक जोडी गोरु वा राँगाले तानेर खासगरी नेपालको तराई क्षेत्रमा प्रयोग हुने परम्परागत यातायातको साधन तथा सरसामानहरू बोक्नका लागि व्यापक रुपमा प्रयोग गरिने साधनमा पर्ने सवारी साधन बयलगाडी अर्थात् लडिया हो । यो पूर्ण रुपमा काठद्वारा बनाइएको हुन्छ । पहिले पहिले बिरामीहरू बोक्न, विवाहका लागि वरवधु बोक्ने साधनको रुपमा यसकै प्रयोग गरिन्थ्यो । यसलाई डोरीले वरिपरिबाट कसिएको हुन्छ । करिब तीनदशक अघिसम्म भने काठकै चक्काको प्रयोग गरिँदै आएकोमा त्यसपछि भने टायरको चक्का राख्न थालियो । यसरी काठको चक्काको लडिया हाल विस्थापित भैसकेको अवस्था छ । यो लोप भैसकेको छ । यदाकदा प्रयोगमा रहेपनि अबका पुस्ताले फोटो र सङ्ग्रहालयमा मात्र देख्ने अवस्था रहेको छ । टायरको चक्का भएका डनलपहरू (डल्लप) भने गुलरियाको ग्रामीण क्षेत्रमा सरसामानहरू बोक्न प्रयोग गरिन्छ ।

### अभ्यास:

१. परम्परागत यातायातका साधनहरू वातावरणीय हिसाबले निकै उपयुक्त छन् तर यिनीहरूको प्रयोगमा कमी आउनुका साथै केही साधनहरू लोप हुने अवस्थामा पुगेका छन् । यसका कारणहरू पहिचान गरी यसको संरक्षणका उपयुक्त उपायहरू सुझाउनुहोस् ।

२. टाँगा र बयलगाडाको परिचय दिनुहोस् ।

### परियोजना कार्य:

तपाईंको समुदायमा टाँगा वा बयलगाडा मध्ये कुनै एकको अवलोकन गरी यसका विभिन्न भागहरू तथा यसको निर्माणबारे गाउँका जानकार व्यक्तिलाई सोधेर प्रतिवेदन तयार गर्नुहोस् ।

# पाठ ६ पशुजन्य उत्पादन



नेपालको कूल कृषि गार्हस्थ उत्पादनमा करिव २७ प्रतिशत योगदान तथा कुल गार्हस्थ उत्पादनमा १३ प्रतिशत योगदान रहेको पशुपालन क्षेत्रले नेपाली समाजमा बहुआयामिक महत्त्व राख्दछ । पशुपालन क्षेत्रको विकासका लागि पशु स्वास्थ, पशु प्रजनन, पशु आहारा र वजार व्यवस्थापन महत्त्वपूर्ण क्षेत्रका रुपमा लिइन्छ । पशुपालनमा लाग्ने लागतको करिब ७० प्रतिशत खर्च लाग्ने गरेको पशु आहारा व्यवस्थापन हाल नेपालमा पशुपालनको मुख्य चुनौतिको रूपमा रहँदै आएको छ । व्यावसायिक तथा आधुनिक पशुपालनको विकास गरी पशु तथा पशुजन्य उत्पादन र उत्पादकत्व वृद्दि गर्न गुणस्तरीय पशु आहाराको उपलब्धता सुनिश्चित गर्न अपरिहार्य भएको छ । पशुपालन व्यवसायलाई दिगो तथा प्रतिस्पर्धी बनाई त्यसबाट उच्चतम प्रतिफल हासिल गर्न सन्तुलित तथा गुणस्तरीय पशु आहाराको उपलब्धता सुनिश्चित, पशुपालन क्षेत्रको बढ्दो व्यवसायीकरण संगै ठुलो परिमाणमा तयारी दाना, दानाका लागि कच्चापदार्थ तथा फिड सप्लिमेन्टहरुको आयातबाट सिर्जित व्यापार घाटामा कमि ल्याउन आत्मनिर्भर पशु आहारा प्रणालीको आवश्यकता महसुस गरिएको छ ।

गुलरिया नगरक्षेत्रमा व्यक्तिगत तथा समूहगत रुपमा पशुपालन गरिएको पाइन्छ । खासगरी पशुपालनबाट दुधजन्य र मासुजन्य पदार्थहरू उत्पादन गरिन्छ । गुलरिया नगरपालिकाका बजार क्षेत्रमा फ्रेस हाउस तथा डेरी व्यवसायहरू सञ्चालन हुँदै आएको पाइन्छ ।

## ६.१ फ्रेस हाउसः



नेपाल मासु र मासुजन्य उत्पादनका लागि प्रशस्त सम्भावना भएको क्षेत्र हो । नेपाली मासु चीन, भारत र थाईल्यान्डसम्मले रुचाएको पाइन्छ । यद्यपि यसको विकास र आधुनिकीकरणका लागि यथोचित सरकारी सहयोग भने सधैं उपेक्षाको विषय रहिआएको छ ।

नेपालमा सबैभन्दा सर्वसुलभ र लोकप्रिय मासु कुखुराको मासु हो । अन्य मासुको तुलनामा कुखुराको मासु धेरै सस्तो र स्वस्थकर मानिन्छ । यसलाई प्रवर्धन गर्न सके अझै विकास र निर्यातको सम्भावनाको ढोका खोलेर देशको अर्थतन्त्र विस्तार गर्न सकिन्छ । गुलरिया नगरपालिका अन्तर्गत मुख्य बजार क्षेत्रमा दर्जन बढी फ्रेस हाउसहरू सञ्चालनमा रहेका छन् भने खुला रुपमा सञ्चालन गरिएका मासु विक्री केन्द्रहरू गाउँघरतिर पनि प्रशस्तै देख्न सकिन्छ । यस्ता फ्रेस हाउसहरू सञ्चालन गरेर मात्रै हुँदैन यसको नियमित सरसफाइ, मासुको गुणस्तर, दरभाउ आदि पक्षहरूको नियमित अनुगमन हुनु अत्यावश्यक छ ।

हाम्रो देशको अवस्थालाई हेर्दा शिक्षा, प्रविधि, खानी वा अन्य कुनै पनि क्षेत्र तत्कालै अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने अवस्थामा छैनन् । तर कृषि, फलफूल, खाद्य तथा मासु र मासुजन्य पदार्थको उत्पादन तथा स्तरीकरण छोटो समयमा गर्न सकिने भएकाले यसको वैज्ञानिक व्यवस्थापनमा जोड दिनु आवश्यक देखिन्छ ।

पशुपालन तथा मासुको बिक्रीवितरणमा प्रभाव पार्ने धेरै तत्त्वहरू हुने भएकाले पशुको आहार, सुधारिएको गोठ, उन्नत जातको व्यवस्थापन, पशु बिमा, विभिन्न रोगहरूको प्रकोप न्यूनीकरणका लागि समयमै उपचार सेवा, निःशुल्क विशेषज्ञ सेवा जस्ता पक्षहरूमा आम कृषकहरूलाई प्रोत्साहन दिनु जरुरी देखिन्छ ।

## ६.२ डेरी व्यवसाय



गुलरिया नगरपालिका दुध उत्पादनका लागि निकै महत्त्वपूर्ण क्षेत्र हो । नगरक्षेत्रमा बसोबास गर्ने यादव समुदायमा गाईभैंसीको पालन गर्ने प्रचलन सदियौं पुरानो

हो । वर्तमान समयमा गाई तथा भैंसीको पालन व्यावसायिक रुपमा गरिँदै आएको पाइन्छ। पछिल्लो समय दुध तथा दुग्धजन्य पदार्थ र यसको महत्त्व बढेको छ। दुधमा पाइने क्याल्सियम तत्त्वका कारण शरीरमा रहेको हाड बलियो बनाउने तथा शरीरलाई रोगसँग लड्ने प्रतिरक्षा क्षमता दिने भएकोले पनि दुध र यसबाट बनेका उत्पादनहरू जस्तै : दही, मोही, घिउ, पनिर, रसबरी, चिज, खुवा, कुराउनी, छुर्पी आदि लगायतका उत्पादनहरूको बिक्रीमा वृद्धि भएको पाइन्छ । अझ गर्मीको मौसममा दही, मोही, लस्सी, आइसक्रिम लगायतका उत्पादनको माग निकै हुने गरेको हुँदा यस्ता उत्पादनहरूको वृद्धि गरी कृषक तथा व्यवसायीहरूले लाभ लिन सक्दछन् ।

स्वस्थ दुध तथा दुग्धजन्य पदार्थलाई कसरी उपभोक्तामाझ पुऱ्याउने भन्ने सवालमा भने निकै ध्यान दिनु जरुरी हुन्छ । किनभने दुध तरल पेय पदार्थ भएकाले पशुपालन, सरसफाइ, घाँस, दानाको व्यवस्थापनमा विशेष सुरक्षा सावधानी अपनाउनु आवश्यक हुन्छ । यसका साथै दुधलाई सङ्कलन केन्द्रसम्म पुऱ्याउँदा र त्यसपछि यसको सुरक्षित भण्डारणमा पनि ध्यान दिनु अत्यावश्यक हुन्छ। गुलरिया नगरपालिकामा व्यवस्थित तवरले केही डेरी उद्योगहरू सञ्चालनमा रहेका छन् ।

**अभ्यास :**

१. गुलरिया नगरपालिको सन्दर्भमा पशुजन्य उत्पादन र यसको महत्त्वबारे लेख्नुहोस् ।

२. पशुजन्य उत्पादनलाई स्वस्थकर तरिकाले आम उपभोक्ताहरूसम्म पुऱ्याउनका लागि के कस्तो सावधानी अपनाउन आवश्यक हुन्छ ? कारण सहित लेख्नुहोस् ।

**परियोजना कार्य :**

तपाईंको समुदायमा रहेको कुनै फ्रेस हाउस वा डेरी व्यवसायमा जानुहोस् । निम्न बुँदालाई आधार मानी एउटा प्रतिवेदन तयार गर्नुहोस् ।

- उत्पादन स्थल
- उत्पादन परिमाण
- भण्डारणको व्यवस्था
- दैनिक उत्पादन तथा बिक्रीको अवस्था
- चुनौती/समस्याहरु
- सुझावहरू

# एकाइ ४

# हरियाली विद्यालय र स्वच्छ नगर

**सिकाइ उपलब्धि :**

१. विद्यालय रहेको समुदाय स्वच्छ राख्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न,

२. हरियाली नगर निर्माणमा विद्यार्थी इको क्लबको भूमिका पहिचान र अवलम्बन गर्न,

३. हरियाली नगर निर्माणका लागि आवश्यक आधारभूत पक्षको पहिचान गर्न,

४. ठोस फोहोर व्यवस्थापन अन्तर्गत बिन कम्पोस्टिङ तथा पिट कम्पोस्टिङ गर्ने प्रक्रियाको अभ्यास गर्न ।

# पाठ १ स्वच्छ समुदाय

१) विद्यालय रहेको समुदाय स्वच्छ राख्न विद्यार्थीहरूले के कस्ता क्रियाकलापहरू गर्न सक्छन् ?

२) तलको चित्रमा के-के काम भइरहेको छ ? टिपोट गर्नुहोस् ।





आज शुक्रबारको दिन । हरेक शुक्रबार जस्तै आज पनि विद्यार्थीहरू सहकार्यकलाप अन्तर्गत विद्यालय रहेको समुदाय स्वच्छ राख्न विभिन्न काममा जुटेका छन् । जुन ५ विश्व वातावरण दिवसको अवसर पारेर विद्यालयमा इको क्लब, बाल क्लब एवम् जुनियर रेडक्रस सर्कलको अगुवाइमा समुदाय सरसफाइ, वृक्षारोपण, सिँचाइ तथा जनतेतनामूलक कार्यक्रम सञ्चालन गरिएको छ । "स्वच्छ समुदाय, स्वच्छ विद्यालय" लेखिएको ब्यानर अगाडि लगाएर विद्यार्थीहरु समुदायतर्फ अगाडि बढ्छन् । विद्यालय इको क्लबको अनुरोधमा जिल्ला वन कार्यालय बर्दियाले उपलब्ध गराएका विभिन्न जातका विरुवाहरू समुदायका विभिन्न क्षेत्रहरू जस्तै : सडक किनारा, सार्वजनिक स्थल, खुल्ला चौर तथा स्वास्थ्य चौकी र वडा कार्यालय रहेको स्थलमा रोपिँदै छ । इको क्लबका केही विद्यार्थीहरू रोपिएका विरुवामा पानी सिँचाइ गर्न व्यस्त छन् । विद्यालयका शिक्षक, कर्मचारीहरू समेत समूह विभाजन गरेर विद्यार्थीहरूसँग काम गरिरहनुभएको छ ।

बाल क्लबको नेतृत्वमा समुदायमा रहेका खाल्डाखुल्डीहरूमा माटो भर्ने काम हुँदैछ । शिक्षकको निर्देशनअनुसार पानी जम्ने तथा आवतजावतमा अप्ठ्यारो भएका सडक

छेउछाउमा विद्यार्थीहरु माटो पटानी गरेर बराबर पार्दैछन् । समुदायमा रहेका पानी जम्ने ठाउँहरू पुर्नाले वर्षातको बेलामा हुने विभिन्न सरुवा रोगबाट बच्न सकिन्छ भन्ने कुरा विद्यार्थीहरूले राम्ररी बुझेका छन् ।

त्यसैगरी जुनियर रेडक्रस सर्कलका विद्यार्थीहरू समुदायमा रहेका फोहरजन्य वस्तुहरु सङ्कलनमा जुटेका छन् । विद्यालयमा रहेका डस्टविनमा फोहोरहरू जम्मा गरेका छन् । कुहिने फोहोर र नकुहिने फोहरलाई छुट्टाछुट्टै सङ्कलन गरी नगरपालिकाले उपलब्ध गराइएको ट्र्याक्टरमा राखिएको छ ।

आफू बस्ने समुदाय स्वच्छ र सफा राख्न आफैं सहभागी हुन पाउँदा विद्यार्थीहरू निकै दङ्ग छन् । अर्कोतिर समुदाय सरसफाइमा विद्यालयका शिक्षक र विद्यार्थीहरूले गरेको विभिन्न क्रियाकलाप देखेर समुदायका मानिसहरू पनि हातेमालो गर्दै सहभागी भएका छन् ।

### अभ्यासः

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

१) स्वच्छ र हराभरा समाज निर्माणमा विद्यार्थीको भूमिका बुँदागत रुपमा लेख्नुहोस् ।

२) विद्यालय र समुदायबिचको अन्तर्सम्बन्धको चर्चा गर्नुहोस् ।

३) हरियाली नगर निर्माणमा समुदायले के-कस्ता क्रियाकलाप सञ्चालन गर्न सक्छन् ? लेख्नुहोस् ।

### क्रियाकलाप

१) शिक्षकको सहयोगमा “**स्वच्छ समुदाय, स्वच्छ विद्यालय**” लेखेका प्लेकार्ड लिएर विद्यालय क्षेत्र रहेको समुदाय परिक्रमा गर्नुहोस् ।

२) नगरपालिका भित्र सडक निर्माण चौडा गर्दा सडक छेउछाउमा रहेका रुखविरुवा बचाउन अनुरोध गर्दै नगर प्रमुखलाई एउटा निवेदन लेख्नुहोस् ।

# पाठ ७ इको क्लब




१) हरित नगर निर्माणमा विद्यार्थीको भूमिका के-के हुन सक्छ ?

२) इको क्लब भनेको के हो ?

सलिना हाटबजारबाट तरकारी किनेर घरतिर फर्कदै थिईन्। बाटोमा उनले **'गुलरिया गाथा'** पढाउने शिक्षकलाई भेटिन् । सरले आज विद्यालय नआउनुको कारण सोध्नुभयो । सलिनाको आमा बिरामी भएकाले आमाको रेखदेख गर्नको लागि उनी विद्यालय नआएको कुरा बताइन्। उनी कक्षा ८ की जेहेन्दार विद्यार्थी हुन्। विद्यालयमा आजको पढाइ छुटेकोमा उनी चिन्तित थिइन्। शिक्षकलाई केहीबेर पर्खन भनी गुलरिया गाथा विषयमा आज के पढाउनुभयो भनेर जान्न खोजिन्। शिक्षकले आज कक्षामा इको क्लबको बारेमा पढाइ भएको कुरा भन्नु भयो । तत् पश्चात् सलिना र शिक्षक बिचको छोटो कुराकानी यसप्रकार रहेको छ ।

**सलिना :** सर नमस्कार ।

**शिक्षक :** नमस्कार सलिना ।

**सलिना :** विद्यालय इको क्लब भन्नाले के बुझिन्छ सर ?

**शिक्षक :** विद्यार्थीमार्फत जैविक विविधता र पर्यावरण संरक्षणलाई प्रभावकारी बनाउन हरियाली विद्यालय, हरियाली नगर निर्माणका लागि हरेक विद्यालयमा शिक्षक र विद्यार्थी रहेको संगठनलाई नै विद्यालय इको क्लब भनिन्छ । वातावरण

संरक्षणमा विद्यालय तहका बालबालिकाहरूको प्रत्यक्ष सहभागिता अभिवृद्धि गर्ने महान उद्देश्यले इको क्लबको अवधारणा अगाडि सारिएको छ ।

**सलिना :** विद्यालय इको क्लबको गठन प्रक्रियाका बारेमा पनि बताइदिनुस् न सर !

**शिक्षक :** यो विद्यार्थीको एक स्वतन्त्र समूह वा संगठन हो । आ-आफ्नै तरिकाले निश्चित मापदण्ड र नियमका आधारमा इको क्लब गठन गर्न सकिन्छ । प्रथम पटक सबै विद्यार्थी तथा शिक्षकहरूको आपसी छलफलबाट इको क्लब गठन गर्नु पर्छ । क्लबको एक कार्य समिति हुन्छ जसमा सभापति, उपसभापति, सचिव, कोषाध्यक्ष र सदस्यहरु सहित ७ देखि १५ जनासम्म रहन्छन् । तर क्लबको संरक्षणका क्रियाकलापमा विद्यालयका सबै विद्यार्थीहरू सहभागी हुन्छन् । विद्यालयका प्रधानाध्यापक क्लबको संरक्षक रहने व्यवस्था छ । त्यसैगरी विद्यालयका दुईजना शिक्षक क्लबको सल्लाहकार रहेको हुनु पर्दछ ।

**सलिना :** हरित नगर निर्माणमा विद्यार्थीको भूमिकाको बारेमा पनि स्पष्ट पारिदिनुहोस् न !

**शिक्षक :** तपाईंले निकै महत्त्वपूर्ण प्रश्न सोध्नुभयो । ल सुन्नुहोस्, अहिले जताततै वातावणमा असर देखिएको छ । यस्तो बेलामा हामीले हातेमालो गरेनौँ भने हाम्रा सन्तानले दुःख पाउँछन् । त्यसैले विद्यार्थीमार्फत संरक्षण र चेतना परिवार र समाजमा फैलाउन सकेमा समग्र पृथ्वीको स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ । विद्यार्थी विद्यालय र समाजका साझा सदस्य भएकाले उनीहरूले हरित नगर निर्माणमा महत्त्वपूर्ण भूमिका खेल्न सक्दछन् । विद्यार्थीलाई वातावरणीय क्रियाकलापमार्फत समुदायमा घुलमिल गराई वातावरणमैत्री व्यवहार विकास गर्न तथा शैक्षिक संस्था, परिसर र सेवा क्षेत्रमा व्यापक हरियाली प्रवर्धन गर्न नेपाल सरकारले वि.सं. २०७५ साल कात्तिक १५ गते हरित विद्यालय निर्देशिका जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

**सलिना :** सरले बाटोमै भएपनि समय दिई विद्यालय इको क्लब र हरित नगर निर्माणमा विद्यार्थीको भूमिका प्रष्ट पारिदिनुभएकोमा धन्यवाद ।

**शिक्षक :** आफूले जानेको कुरा बताउने मौका दिएकोमा तपाईंलाई पनि धन्यवाद ।

## अभ्यासः

### तलका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।

१. विद्यालय इको क्लब भनेको के हो ?

२. विद्यालय इको क्लबको गठन प्रक्रिया लेख्नुहोस् ।

३. हरित विद्यालय कार्यक्रम कार्यान्वयन निर्देशिका कहिले र किन जारी गरियो ?

४. विद्यालयमा इको क्लबले गर्ने कामहरूको सूची तयार गर्नुहोस् ।

## क्रियाकलाप

१. विद्यालय सेवाक्षेत्र वरिपरि रहेका सडक किनारालाई हरियाली बनाउने उद्देश्यले समाजका अग्रज व्यक्तिसँग समन्वय गरी विभिन्न जातका विरुवाहरू रोप्नुहोस् र संरक्षणका उपायहरू अवलम्बन गर्नुहोस् ।

# पाठ ३ हरियाली नगर निर्माणका आधारभूत कार्यहरू

१) नगरमा हरियाली प्रवर्धन गर्ने उपायहरू भन्नुहोस्,

२) घर, विद्यालय, सरकारी कार्यालय तथा उद्योगधन्दाबाट निस्कने फोहोर पानीलाई व्यवस्थापन गर्ने तरिकाहरू भन्नुहोस् ।



संघीयताको कार्यान्वयनसँगसँगै हरेक स्थानीय तहहरूले हरियाली नगर निर्माणलाई जोड दिएको पाइन्छ । "हरियाली नगर निर्माण वातावरण समृद्धिको आधार" भन्ने आदर्श वाक्यलाई आत्मसात् गर्दै पालिकाहरूले हरित नगर निर्माणका लागि अभियान नै चलाएका छन् । हरियाली नगर निर्माणका लागि निम्नानुसारका आवश्यक आधारभूत पक्षहरूलाई उचित तरिकाले व्यवस्थापन गर्न सके सुन्दर र स्वच्छ नगरको परिकल्पना पूरा हुन सक्छ ।

## हरियाली प्रवर्धन

स्वच्छ र हराभरा नगर निर्माणको आधारलाई मूर्त रुप दिन नगर वृक्षारोपण कार्यलाई योजनावद्ध रुपमा अगाडि बढाउनु पर्ने हुन्छ । गाउँ, नगर, टोल, सडक किनारा, विद्यालय, सार्वजनिक जमिन, सरकारी कार्यालय जस्ता क्षेत्रहरूमा ठाउँ अनुसार उपयुक्त

जातको विरुवा छनोट गरी उपयुक्त मौसममा रोपण गर्नु पर्दछ । नगरभित्र सबै पक्ष र सरोकारवालाहरुसँग हातेमालो गर्दै भू-वनोट, तापक्रम, मौसमी अवस्था जस्ता वातावरणीय पक्षहरूलाई मध्यनजर गर्दै विभिन्न जातका बोटविरुवाहरू रोप्नु पर्दछ । गुलरिया नगरपालिकाले एकीकृत फोहोर व्यवस्थापन कार्यविधिमा एक घर दुई विरुवा रोप्ने कुरा उल्लेख गरेको छ ।

## इको क्लब

इको क्लबलाई हरियाली नगर निर्माणको महत्त्वपूर्ण आधारको रुपमा लिइन्छ । हरेक विद्यालयमा जस्तै टोल, वडा एवम् नगर स्तरमा इको क्लबहरु गठन गरी जैविक पर्यावरण संरक्षण गर्न सकिन्छ । विरुवा रोपेर मात्र हुँदैन त्यसको आवश्यक संरक्षण र अपनत्व लिने निकाय भनेको समुदायमा रहेको इको क्लब हो । इको क्लबलाई सक्रिय बनाइ जिम्मेवार बनाउन सके मात्र नगरको हरियाली प्रवर्धनको अभियानले मूर्त रुप लिन सक्छ ।

## पानी व्यवस्थापन तथा सरसफाइ

विरुवा रोपिसकेपछि त्यसलाई समय समयमा पानी सिँचाइ गर्नु पर्दछ । विरुवालाई छिटो हुर्कन र बढ्नको लागि पानीको साथै गोडमेल गरी माटोलाई खुकुलो बनाउनु पर्छ । आवश्यक मात्रामा मलजल गरी बारबेर समेत गर्नुपर्ने हुनसक्छ । सबै ठाउँमा सहजरुपमा पानीको व्यवस्थापन गरी सिँचित गर्नाले विरुवाको जराले माटोबाट पानी र लवणयुक्त तत्त्वहरु सोसेर पातसम्म पुऱ्याउँछ र हर्लक्क बढ्न मद्दत पुग्छ ।

त्यसैगरी विरुवाको वरिपरि गोडमेल गरी झारपातलाई हटाउनु पर्छ । हरेक वर्ष विरुवाका अनावश्यक हाँगाविँगा काँटछाँट गर्दा विरुवा छिटो बढ्नुका साथै आकर्षक पनि देखिन्छ । यसरी गोडमेल र काँटछाँट गरी निस्केका झारपात, हाँगाविँगा र पातपतिङ्गरलाई आवश्यक व्यवस्थापन गरी सोही विरुवाको लागि कम्पोस्ट मल तयार गर्न सकिन्छ । त्यसैले विरुवाको वरिपरि सरसफाइ र पानी व्यवस्थापनलाई महत्त्वपूर्ण पक्ष मानिन्छ ।

## फोहोरमैला व्यवस्थापन

नगरक्षेत्रबाट निस्कासन हुने सबैखाले फोहोरलाई उचित तरिकाले व्यवस्थापन गरी स्वच्छ र सुन्दर नगर निर्माण गर्न सकिन्छ । सबैखाले फोहोरले नगरलाई कुरुप बनाउँदछ

भने दूर्गन्ध फैलिइ महामारीको रुप लिन सक्छ। तसर्थ नगर क्षेत्रमा कम फोहोर उत्पादन हुने विकल्पको बारेमा जनस्तरमा जनचेतना जगाउनु पर्दछ। घर, विद्यालय, स्वास्थ्य चौकी, हाटबजार, सरकारी कार्यालय, पसल उद्योगधन्दा जस्ता ठाउँहरुबाट निस्कने फोहोरलाई उपयुक्त तरिकाले व्यवस्थापन गर्नु पर्दछ। फोहोरमैला सङ्कलन गरी कुहिने फोहोरबाट जैविक मल समेत बनाउन सकिन्छ।

**अभ्यासः**

**तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।**

१. हरियाली नगर निर्माणका आधारभूत पक्षहरूको छोटकरीमा वर्णन गर्नुहोस्।

२. हरियाली नगर निर्माणमा इको क्लबको भूमिका उल्लेख गर्नुहोस्।

३. फोहोरमैला व्यवस्थापनका कुनै पाँचओटा चुनौतीहरू टिपोट गर्नुहोस्।

# पाठ ४ फोहोर व्यवस्थापन

१) तलको चित्रमा के कुरा देख्नुहुन्छ ?

२) फोहोर व्यवस्थापनका तरिकाहरू भन्नुहोस् ।





सातौं घण्टी बज्नासाथ गुलरिया गाथा पढाउने शिक्षक कक्षा आठमा प्रवेश गर्नुहुन्छ । कक्षामा सबै विद्यार्थीहरू दुई समूहमा विभाजित भइ छलफल गरिरहेका छन् । शिक्षकले हिजो नै कक्षाका सबै विद्यार्थीहरूलाई दुई समूहमा विभाजन गरी ठोस फोहोर व्यवस्थापन अन्तर्गत विन कम्पोस्टिङ र पिट कम्पोस्टिङको बारेमा परियोजना कार्य दिनुभएको थियो । विद्यार्थीले गरेको अध्ययन, अनुसन्धान, सोधखोजबाट आएका छलफलको निचोडलाई दुबै समूहका टोलीनेताहरूले पालै पालो प्रस्तुत गर्दैछन् ।

### समूह 'क'

हाम्रो समूहलाई ठोस फोहोरमैलाको व्यवस्थापन अन्तर्गत बिन कम्पोस्टिङ विधि परेको थियो । बिन कम्पोस्टिङ विधि भनेको सङ्कलित फोहोरलाई ड्रम, बाल्टी, टिन, बाँटा जस्ता भाँडामा भरेर राख्ने हो । त्यसरी भरेर राखिएका भाँडाहरूमा माथिबाट माटोले छोपी समय समयमा पानीले भिजाइन्छ । लगभग तीन महिनापछि उक्त भाँडामा राखिएको फोहोर कुहिएर कम्पोस्ट मलको रुपमा परिणत हुन्छ । जाडोको तुलनामा गर्मीको मौसममा उक्त फोहोर छिटो कुहिएर प्राङ्गारिक मल बन्दछ । फोहोरमैलाबाट कम्पोस्ट मल बनाउँदा ५५ देखि ७० डिग्री फरेनहाइटसम्मको तापक्रमको आवश्यकता पर्दछ । यसरी भाँडामा कुहाएर तयार भएको कम्पोस्ट मल तरकारी, फलफूल एवम् अन्य विरुवाहरूको लागि

प्रयोग गर्न सकिन्छ । विशेष गरी गाईभैंसीको गोबर मल नपाइने सहरबजारका घरहरूमा कौसी तरकारी तथा फलफूल किसानहरूले फोहोर व्यवस्थापनको यो विधिलाई प्रयोगमा ल्याएको पाइन्छ । एकातिर घरबाट निस्कने फोहोर सजिलै व्यवस्थापन हुने अर्कोतिर कम्पोष्ट मल बनाई तरकारी तथा फलफूल खेती गर्न सकिने बिन कम्पोस्टिङ विधि अपनाई आफ्नो नगरको वातावरण स्वच्छ, सफा र हराभरा बनाउन सकिन्छ ।

**समूह 'ख'**

हाम्रो समूहलाई ठोस फोहोर व्यवस्थापनको पिट कम्पोस्टिङ विधि परेको थियो । हाम्रो समूहका साथीहरूबिच भएको छलफल, अध्ययन, अनुसन्धान र अवलोकनपश्चात् निकालिएको निष्कर्षलाई म यहाँ प्रस्तुत गर्दैछु । विशेषगरी यो विधि सहरबजारको तुलनामा गाउँघरतिर बढी प्रयोगमा ल्याइन्छ । जसअनुसार घर, विद्यालय वा बजारक्षेत्रबाट सङ्कलित फोहोरलाई करिब तीन फिट गहिरो र आवश्यकता अनुसारको चौडाइ र लम्बाइ भएको खाल्डो जमिनमा बनाइ फोहोरजन्य वस्तुले भरिन्छ । माथिबाट हल्का रुपमा माटोले पुरेर पानीले भिजाइन्छ । यसरी खाल्डोभित्र राखिएका जैविक वस्तुहरू कुहिएर कम्पोस्ट मलमा परिणत हुन्छ । अब उक्त जैविक मललाई खेतीपातीको लागि प्रयोगमा ल्याइन्छ । ठूलोमात्रामा सङ्कलन हुने फोहोरलाई यो विधिद्वारा सजिलै व्यवस्थापन गर्न सकिन्छ । फोहोरमैला व्यवस्थापनको पिट कम्पोस्टिङ विधिले रासायनिक मलको प्रयोगलाई कम गर्दै जैविक खेती गर्न प्रोत्साहन गर्दछ ।

गुलरिया नगरपालिकाले सन्तोषी सामुदायिक वन क्षेत्रमा डम्पिङ साइटको निर्माण गरी नगरक्षेत्रबाट उत्सर्जन फोहोरलाई सङ्कलन गरी ग्रेडिङपश्चात् जैविक फोहोरलाई पिट कम्पोस्टिङ विधिबाट फोहोर व्यवस्थापन गरेको पाइन्छ । गुलरिया नगरपालिकाले एकीकृत फोहोर व्यवस्थापन कार्यविधि तयार गरी नगरभित्रको फोहोरलाई करिव दुई करोडको लागतमा डम्पिङ साइटको निर्माण गरी सञ्चालनमा ल्याई त्यस स्थानबाट तयार गरिएको जैविक मललाई बिक्री गरी आम्दानीको स्रोत वृद्धि गर्ने लक्ष्य कार्यविधिमा राखिएको छ ।

अभ्यासः

तलका प्रश्नहरूको उत्तर लेख्नुहोस्।

१) बिन कम्पोस्टिङ र पिट कम्पोस्टिङ विधिमध्ये तपाईंलाई कुन विधि मन पऱ्यो र किन ?

२) 'फोहोरबाट मोहर' भन्ने भनाइलाई स्पष्ट पार्नुहोस् ।

३) गुलरिया नगरपालिकाले फोहोर व्यवस्थापनमा अपनाएको तरिका अझै प्रभावकारी बनाउन के गर्नु पर्ला ? लेख्नुहोस् ।

क्रियाकलाप

१) गुलरिया नगरपालिकाको डम्पिङ साइट (फोहोर व्यवस्थापन स्थल) को स्थलगत अवलोकन गरी आवश्यक सुझावहरू दिनुहोस् ।

# एकाइ ५

# विपद् सावधानी र सुरक्षा व्यवस्थापन



**सिकाइ उपलब्धि :**

- स्थानीय स्तरमा हुने विपद् व्यवस्थापनमा सहभागी हुन ,
- नगरस्तरमा प्रकोप व्यवस्थापनका लागि गरिएका अभ्यासहरुको जानकारी हासिल गर्न र सहभागी हुन ,
- विपद् व्यवस्थापनमा रेडक्रसको भूमिका थाहा पाउन ,
- सवारीचालक अनुमतिपत्र प्राप्त गर्नका लागि आवश्यक प्रकृयाका बारेमा बताउन,
- विपद्मा मनोपरामर्श, विपद् व्यवस्थापन र जोखिम न्यूनिकरणमा स्थानीय तहको भूमिकाका बारेमा भन्न ।

# पाठ १

## विपद्

विपद् आकस्मिक रुपमा कुनै पनि घटनाहरुबाट जनधनको क्षति हुनुलाई विपद् भनिन्छ । भूकम्प, बाढी पहिरो, हुरीवतास, असिना, चट्याङ् आदि सबै प्राकृतिक विपद् हुन । गैर प्राकृतिक विपद् मानविय गतिविधिले गर्दा हुने विपद् हो । आगलागी, डढेलो जस्ता विपद्हरु हाम्रो असावधानीले सिर्जित हुन्छन् । यिनलाई गैर प्राकृतिक विपद् भनिन्छ । प्राकृतिक विपद्लाई मानिसले रोक्न सक्दैन । मानिसले यसबाट हुन सक्ने क्षतिलाई घटाउन भने सक्छ । यस्तो क्षति घटाउनका लागि गरिने विभिन्न प्रकारका क्रियाकलापलाई विपद् व्यवस्थापन भनिन्छ ।

विपद्ले जनधन तथा मानव निर्मित संरचनामा व्यापक क्षति पुऱ्याउँछ । विपद् आउन नदिन जोखिमलाई तुरुन्तै नियन्त्रण गर्नु पर्दछ । प्रकोप कति खेर आउँछ, कसैलाई पनि थाहा हुदैन । यसले जोखिम निम्त्याउँछ । यो जोखिमलाई विपद्मा परिणत हुन नदिनु नै प्रकोप व्यवस्थापन हो । यसका लागि सबैले आ-आफ्नो क्षेत्रबाट जनचेतना फैलाउनु आवश्यक छ । हामीहरु सबैको मनमा उब्जने प्रश्न हो, विपद् व्यवस्थापन कसरी गर्ने ? विपद् व्यवस्थापनका निम्ति हामीले विभिन्न उपाय अवलम्बन गर्न सक्छौं । जसरी देश विकासमा नागरिकको महत्त्व हुन्छ, त्यसरी नै यसको जिम्मेवारी पनि हामी सबैले नै वहन गर्नु पर्ने हुन्छ । हामीले सुरक्षित स्थान पहिचान गरी पारिवारिक योजना बनाएर कार्यान्वयन गर्न सक्छौं । यस्तै कार्य गर्नाले नै विपद् व्यवस्थापन हुन्छ । पूर्व तयारी, विपद् हुँदा के गर्ने, खोज, उद्धार, पुनर्निर्माण र पुनः स्थापना विपद् चक्रमा पर्छन् । हामी आफूले जाने बुझेपछि अरुलाई पनि सिकाउनु पर्छ । हामी सक्रिय भएर चेतनामूलक कार्यक्रम सञ्चालन गर्न लाग्नुपर्छ । हामी आजको सूचना विस्तारको युगमा रेडियो टेलिभिजन सामाजिक सञ्जाल आदि मार्फत यस सम्बन्धी सूचना सम्प्रेषण गरी विपद् आउनु पूर्व नै सावधानी अपनाउन सक्छौं । विपद् व्यवस्थापनमा अझै पनि थुप्रै चुनौतिहरु छन् । सबै सरोकारवालाहरुलाई विपद् व्यवस्थापनमा संलग्न गराउन सक्यौं भने मात्र यस कार्यको निम्ति कोसेढुङ्गा सावित हुन सक्छ ।

## १.१ विपद् व्यवस्थापनमा हाम्रो भूमिका

विपद् व्यवस्थापनमा शिक्षक विद्यार्थी र अभिभावकहरुको पनि महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्ता विपद् आउनुभन्दा अगाडि र विपद्को समयमा र त्यस पश्चात के गर्ने भनी आवश्यक पूर्व योजना गर्नु विपद् व्यवस्थापनको पाटो हो । वास्तवमा विपद्बाट कसरी बच्ने भन्ने उपाय र यसको न्यूनीकरण गर्न हाम्रो भूमिका कस्तो हुनु पर्छ भन्नु नै विपद् व्यवस्थापन हो ।

क) हामीले सुरक्षित स्थान पहिचान गरी घरको नक्साङ्कन गर्ने ।

ख) पारिवारिक योजना बनाएर कार्यान्वयन गर्ने ।

ग) छरछिमेक गाउँघरमा गई सबैलाई सचेत गराउने ।

घ) सामुहिक रुपमा बालक्लब, आमासमूह, विभिन्न गोष्ठीका माध्यमद्वारा समुदायमा जनचेतना फैलाउने ।

ङ) घर वा वस्ती नजिक रहेका जोखिम पत्ता लगाउने ।

च) सुरक्षित ठाउँको पहिचान गर्ने ।

छ) प्राथमिक उपचारका सामग्रीको व्यवस्था मिलाउने ।

ज) नदी किनारमा तटबन्धन निर्माण गर्ने ।

झ) विपद्का सम्भावित क्षेत्रहरु पहिचान गरी छलफल गर्ने ।

ञ) विपद्मा परेकालाई उद्धार र सहयोग गर्ने ।

## १.२ विपद् व्यवस्थापनमा स्थानीय तहको भूमिका :

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विपद् व्यवस्थापनको जिम्मेवारी स्थानीय तहसमेतलाई तोकेको छ । यस सन्दर्भमा व्यवस्थापकीय सिद्धान्तमा आधारित भई स्थानीय सरकारहरूले उपयुक्त व्यवहारिक कदम चाल्नुपर्ने हुन्छ । योजनाले गन्तव्यसम्म पुग्ने मार्ग निर्धारण गर्छ । योजना बनेपछि लक्ष्य एवम् उद्देश्य हासिल गर्न गाह्रो, अप्ठ्यारो र अलमल हुँदैन । काम विवादरहित बनाउन पनि सहयोग पुग्छ । सम्भावित समस्या, बाधा-व्यवधान सुल्झाउन सहज हुन्छ । गुलरिया नगरपालिकामा पनि वन वातावरण तथा विपद् व्यवस्थापन समिति अन्तर्गत विपद् शाखाले विपद् प्रतिकार्य योजना निर्माण गर्नुका साथै पालिकाभित्रका सम्भावित विपद्को पूर्वजानकारी गराउँछ ।

यसैगरी उद्धार, राहत, पुनर्स्थापना, पुनर्निर्माण, पूर्वावस्था सुधार र विकासका लागि गर्नुपर्ने तयारीको खाका पनि प्रस्तुत गर्छ । विपद्पछिको पुनर्निर्माणलाई आविष्कार र आधुनिकीकरणको अवसरका रूपमा लिनुपर्छ ।

विपद् स्वभावत: आकस्मिक नै हुन्छ । आकस्मिक व्यवस्थापन सामान्य एवम् नियमित कार्यप्रक्रियाले मात्र पुग्ने प्रकृतिको मात्र पनि हुँदैन । योजना बनाउने र कार्यान्वयन गर्ने सबल, सक्षम, स्वतन्त्र र प्रभावकारी संस्थागत र साङ्गठनिक संरचना पनि चाहिन्छ ।

विपद् व्यवस्थापनमा स्थानीय सरकार जिम्मेवार निकाय हो । त्यसैले विपद् व्यवस्थापनमा पालिकाहरुको महत्त्वपूर्ण भूमिका हुन्छ । विपद् व्यवस्थापनमा स्थानीय सरकारको भूमिका यस प्रकार रहेको हुन्छ ।

क) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा वस्तीहरुको पहिचान र स्थानान्तरण

ख) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन अनुगमन र नियमन ।

ग) स्थानीय तटबन्धन, नदी कटान नियन्त्रण तथा नदि व्यवस्थापन

घ) स्थानीय आपत्कालीन कार्य सञ्चालन ।

ङ) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन

च) विपद् अनुमान गरी सम्बन्धित सरोकारवालाई सूचना गर्ने ।

**अभ्यासः**

१) विपद् भनेको के हो ?

२) गैरप्राकृतिक विपद् भनेको के हो ?

३) तपाईको समुदायमा कस्ता कस्ता विपद् हुन सक्छन ? सूचि बनाउनुहोस् ।

४) विपद् व्यवस्थापनमा शिक्षक, विद्यार्थी र अभिभावकहरुको कस्तो भूमिका हुन्छ ? लेख्नुहोस् ।

५) विपद् व्यवस्थापनमा स्थानीय तहको कस्तो भूमिका हुन्छ ?

**परियोजना कार्यः**

गुलरिया नगरपालिकामा हुने गरेका प्राकृतिक तथा गैरप्राकृतिक विपद्हरुको पहिचान गरी विपद्मा स्थानीय तहले गरेका उद्धार तथा राहतका कार्यहरू समेटी प्रतिवेदन तयार गर्नुहोस् ।

# प्रकोप व्यवस्थापन

सामान्यतया प्रकृतिमा आउने विनाशकारी हलचल, रोग महामारी, महाविपत्तिलाई प्रकोप भनिन्छ । प्राकृतिक प्रकोप पनि विभिन्न प्रकारका हुन्छन् जस्तैः आँधीबेहरी, बाढी, भूकम्प, रोग, महामारी आदि । मानिसको नियन्त्रणभन्दा बाहिर हुने भएकाले प्रकोपबाट बच्न अपनाउनुपर्ने सावधानी नै प्रकोप न्यूनीकरणको सर्वोत्तम उपाय हो । भूकम्प, बाढी, पहिरो र कोरोना भाइरसको संक्रमण हामीले भोगिसकेका छौं । प्रकोपको जोखिमबाट बच्न वा क्षतिलाई न्यूनीकरण गर्न प्रकोपको प्रकृतिअनुसार सावधानी अपनाउन जरुरी छ भन्ने कुरा सबैमा जानकारी हुनु आवश्यक छ ।

## ३.१ भूकम्प :

पृथ्वीको भित्री भागमा हुने हलचलबाट तरङ्ग उत्पन्न भई पृथ्वीको सतह हल्लिने क्रियालाई भूकम्प भनिन्छ । पृथ्वीको भित्री भागमा रहेका ठूला ठूला चट्टानी प्लेटहरु आपसमा हलचल भएर भूकम्प जान्छ । भूकम्पलाई नियन्त्रण गर्न नसकिए पनि हामी सचेत भयौं भने यसको असर भने कम गर्न सकिन्छ । जसका लागि हामीहरुले भूकम्प प्रतिरोधात्मक घर बनाउने, घर बनाउँदा गुणस्तरीय सामग्रीको प्रयोग गर्ने, दक्ष प्राविधिकको सहयोग लिने, सम्भव भएसम्म घर कम्पाउण्डभित्रै खाली जग्गा राख्ने, उपलब्ध भएसम्म गाउँटोलमा सार्वजनिक स्थल (खुला चौर) छुट्याउने, भूकम्प आइरहेका बेला घरको मजबुत स्थलको आडलाग्ने, नभाग्ने, भूकम्प रोकिनासाथ नजिकको खाली स्थानमा पुग्ने, घर विद्यालय वा कार्यालयमा बढी आवतजावत हुने स्थानमा माथिपट्टिको भागमा गह्रौं चिजबस्तु नराख्ने आधारभूत मान्यतालाई पालन गरिए भूकम्पबाट हुने क्षतिलाई कम गर्न सकिन्छ ।

## ३.२ बाढी

नदी वा खोलामा पानीको मात्रा, जल सतह स्वाभाविक वा अस्वाभाविक रुपमा बढ्नुलाई बाढी भनिन्छ । बाढी अधिक मात्रामा पानी एकत्र हुनु हो । सामान्यतया वर्षा याममा अत्याधिक पानी परेपछि नदीमा बाढी आउँछ । बाढी नियन्त्रण  र रोकथामका लागि बाढी पूर्व सूचना दिने प्रणाली स्थापना गर्ने, वृक्षारोपण गर्ने, बाढी जोखिम भएको स्थानमा

वस्ती नबसाउने, तटवन्ध निर्माण गर्ने, पानीको सतह बढ्दा सूचना दिने साइरनको व्यवस्था गर्ने, नदी स्रोतको जथाभावी उत्खनन नगर्ने जस्ता पूर्व सावधानी अपनाउन सकिन्छ ।

**अभ्यासः**

१) प्रकोप भनेको के हो ?

२) भूकम्प भनेको के हो ?

३) हामीहरुले भूकपम्का असरहरु कम गर्न के के गर्न सक्छौं ?

४) बाढी भनेको के हो ?

५) बाढी नियन्त्रण र रोकथाम गर्न कस्ता कस्ता उपायहरु अपनाउन सकिन्छ ? लेख्नुहोस् ।

**परियोजना कार्यः**

समूहगत रुपमा तपाईंको समुदायमा बाढी नियन्त्रण र रोकथामका लागि भएका कार्यहरूको अवलोकन गरी प्राप्त विवरणहरुलाई समेटी एउटा प्रतिवेदन तयार गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# मनोपरामर्श

मनोपरामर्श कुराकानीका माध्यमबाट मानसिक समस्या भएका व्यक्तिलाई संवेगात्मक सहयोग दिँदै समस्या समाधानका लागि उपायहरु खोज्न सहयोग पुऱ्याउने एउटा प्रक्रिया हो । जसमा मनोपरामर्शकर्ता र सेवाग्राहीबिचको सम्बन्ध एक आपसमा आदर, मैत्रीपूर्ण, सहयोगपूर्ण र विश्वासिलो हुनुपर्छ ।

मनोपरामर्श मनोवैज्ञानिक सहयोग विधि हो । जसमा तालिम प्राप्त परामर्शकर्ताले सेवाग्राहीको भावनात्मभक तथा सामाजिक समस्याहरुको असर कम गर्न र त्यसलाई सजिलो बनाउने उपायहरुको खोजी गर्न सेवाग्राही र मनोपरामर्शकर्ता दुबैले संयुक्त प्रयास गर्दछन् । विपद्को समयमा मनोसामाजिक असरहरु थुप्रै हुन्छन् । बाढी, भूकम्प, आगलागी लगायतका विपद्ले मानिसलाई मनोसामाजिक असर परेको हुन सक्दछ । यस्तो अवस्थामा सहयोगको भावना भएका जो कोहीले पनि यस सम्बन्धी प्रशिक्षण लिएर मनोपरामर्श सेवा प्रदान गर्न सक्छन् ।

## ४.१ घटना अध्ययन :

मिति २०७२ सालको असार महिनाको अन्तिम सातामा आएको बाढीले गुलरियाको बालापुर गाउँ पुरै डुवानमा पऱ्यो । विहानपख गाउँले सुतेकै समयमा बाढी पसेकाले गाउँलेहरुले आफ्नो सरसामान केही पनि जोगाउन सकेनन् । रमित थारु बाढीबाट ज्यान जोगाउँदै बाँच्न सफल भएका थिए । उनी गाउँकै विद्यालयमा कक्षा ८ मा अध्ययन गर्थे । उनको घरमा बाढी पसेर भएका सरसमान, खाद्यान्न, अन्नवालीमा नोक्सानी पुऱ्याएको थियो । रमितले आफ्नो कापी, किताब, झोला र लुगा कपडा केही पनि जोगाउन सकेनन् । बाढीले गाउँमा ठूलो धनजनको नोक्सानी गऱ्यो । रमित थारुको परिवार अरु गाउँलेहरूसँगै गाउँ नजिकको विद्यालयमा बाढीबाट जोगिन आश्रय लिन पुगे । त्यो त्रासदीपूर्ण घटना व्यहोरेका उनी निकै दुःखी र त्रसित थिए । उनी किताब, कापी, झोला सबै बाढीमा बगेको कुराले निकै चिन्तामा थिए । चिन्ताका कारणले उनी एक्लै बस्ने, अरुसँग नबोल्ने, टोलाइरहने, सोचमग्न हुने, एकोहोरो हुने, निन्द्रा नलाग्ने र रिस उठ्ने समस्याले ग्रसित हुन पुगे । उनको समस्या उनी अध्ययन गर्ने विद्यालयका शिक्षकहरूलाई जानकारी भयो । त्यसपछि शिक्षकहरू उनलाई भेट्न पुग्नुभयो । उनले शिक्षकहरूसँग आफ्नो घर पूर्णरुपमा

नष्ट भएको, खानेकुरा, किताब, कापी झोला सबै बाढीले बगाएकोले अब घरमा कसरी बस्ने, मेरो किताब, कापी, झोला केही छैन मैले कसरी पढने ? भन्ने जस्ता समस्याहरू राखे । यिनै समस्याहरुको कारणले उनमा मानसिक समस्या देखा परेको उनका गुरुहरूले सहजै बुझ्नुभयो । उनले दर्शाएका समस्याहरुको समाधानका लागि स्थानीय तह, रेडक्रस र अन्य संघसंस्थाबाट सहयोग हुन्छ भनी गुरुहरूले सम्झाउँदा रमितको मुहारमा केही खुसीको सञ्चार भएको देखियो । उनको अवस्थाबारे बुझ्न जानुभएका उनका शिक्षकहरूले केही खानेकुरा, कापी किताब उपलब्ध गराइदिने बताउनुभयो । वहाँहरुको वचनबाट उनमा दुःख, कष्ट र चिन्तामा भएकाहरूलाई सहयोग गर्ने पनि छन् भन्ने सकारात्मक सोच जागृत भयो । रमितका थप मानसिक समस्याहरू समाधानका लागि तालिम प्राप्त मनोपरामर्शदातालाई बोलाई समाधान गर्ने प्रयास गरियो । मनोपरामर्श दाताले रमितको समस्या र चिन्ताको विषय सुन्नुभयो । उनलाई सम्झाउँदै भन्नुभयो, “सरकार, नगरपालिका र अन्य संस्थाले तिमी र तिम्रो परिवारलाई राहत, खाद्यान्न, अध्ययन सामग्रीहरु र नोक्सानी भएका सामानको लगत सङ्कलन गरी आर्थिक सहयोग गर्ने छ ।” वहाँले भन्नुभएको एक सातामै रमितलाई विभिन्न शैक्षिक सामग्रीहरुका साथै विभिन्न सहायता सामग्रीहरु पनि प्राप्त भयो । त्यसपछि उनी विपद्को त्रासदीलाई भुलेर सबैसँग बोल्ने, मिलेर बस्ने, हाँस्ने आफूले देखेका कामहरु गर्न थालेका छन् । आजभोलि उनी नियमित रुपमा विद्यालय पनि जाने गरेका छन् । शिक्षकहरूको सहयोग र मनोपरामर्शदाताको परामर्शपछि उनको जीवनमा आएको परिवर्तनले विद्यालयका शिक्षकहरू, साथीहरू र उनका परिवार तथा छरछिमेकीहरु पनि निकै खुसी छन् ।

## अभ्यास :

१) मनोपरामर्श भनेको के हो ?

२) मनोपरार्श कसले दिने गर्दछ ?

३) रमित किन दुःखी भएका थिए ?

४) बाढीका कारणले रमितको घरमा के कस्तो नोक्सानी भएको थियो ?

## क्रियाकलापः

१) विपद्मा परेकाहरुलाई तपाइँ के कसरी सहयोग पुऱ्याउन सक्नुहुन्छ ? टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

२) कक्षामा मनोपरामर्शदाताको भूमिका गर्दै बाढी वा अन्य कुनै विपद् भोग्नु परेको साथीलाई परामर्श दिएको अभिनय गर्नुहोस् ।

# पाठ ४

## सवारी चालक अनुमतिपत्र





सवारी साधानहरु जस्तैः जीप, कार, ट्र्याक्टर, ट्रक, बस, भ्यान, मिनीबस, मोटरसाइकल, स्कुटर, अटोरिक्सा, टेम्पो जस्ता सवारीसाधन चलाउन दिइने अनुमति पत्रलाई सवारी चालक अनुमति पत्र भनिन्छ । सवारी चालक अनुमतिपत्र नभएका व्यक्तिले सवारीसाधन चलाउन पाउँदैनन् । यदि कुनै व्यक्तिले विना सवारी चालक अनुमतिपत्र सवारीसाधन चलाएमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को परिच्छेद १० सजाय सम्बन्धी व्यवस्था महलको दफा १६० बमोजिम रु. ५००।- देखि २,०००।- सम्म जरिबाना हुन्छ ।

### ५.१ सवारी चाल अनुमति प्राप्त गर्ने आधारहरू

क) मोटर साइकलका लागि १६ वर्ष उमेर पूरा भएको ।

ख) मझौला र साना सवारीका लागि १८ वर्ष उमेर पूरा भएको ।

ग) ठुला सवारीका लागि उमेर २१ वर्ष पुगी सानो सवारी चलाएको २ वर्ष पूरा गरेको ।

घ) ६० वर्ष उमेर पुगेको कुनै पनि व्यक्तिलाई कुनै पनि सवारी साधन अनुमतिपत्र दिइने छैन ।

सबै सवारी चालकहरूले सवारीसाधन लिएर कहिँ कतै जाँदा अनिवार्य रुपमा आफ्नो नाममा जारी भएको सवारी चालक अनुमतिपत्र तथा सवारी साधनको दर्ता, नवीकरण सम्बन्धी सम्पूर्ण आवश्यक कागजातहरू साथमा बोकेर हिँड्ने बानी गर्नु पर्छ । सवारी चलाउँदा सडक सुरक्षा र यस सम्बन्धी नियमहरूको पूर्ण पालना गर्नु पर्दछ ।

## ५.२ ट्राफिक सङ्केत :




सवारी चालक अनुमतिपत्र प्राप्त गर्नका लागि विभिन्न ट्राफिक नियम तथा सङ्केतका बारेमा ज्ञान हुनु जरुरी छ । जसले सवारी साधन सुरक्षित तरिकाले चलाउन र दुर्घटनाबाट सुरक्षित रहनका लागि मद्दत गर्दछ । यति मात्र नभएर सडकमा यात्रा गर्ने जो कोहीले पनि ट्राफिक चिह्न तथा सडक ट्राफिक सङ्केतहरूको बारेमा ज्ञान लिनु आवश्यक हुन्छ । जसले गर्दा कहाँबाट बाटो काट्ने ? कतिबेला बाटो काट्ने ? कुन सङ्केतको अर्थ के हो ? भनी जानकारी प्राप्त गर्दा सडक दूर्घटनालाई न्यूनीकरण गरी सुरक्षित यात्रा गर्न सकिन्छ ।

## ५.३ सवारी चालक अनुमतिपत्र :



कुनै पनि सवारी चलाउनका लागि यातायात व्यवस्था विभागले जारी गरेको सवारी चालक अनुमतिपत्र लिनु पर्दछ । यसरी अनुमतिपत्र प्राप्त गर्नका लागि लिखित तथा प्रयोगात्मक परीक्षा पास गर्नु पर्दछ । यसका लागि यातायात व्यवस्था विभागको वेबसाइटका माध्यमबाट आवश्यक विवरणहरु प्रविष्टि गरी फाराम भर्नु पर्दछ । परीक्षा तोकिएको दिनमा गएर लिखित परीक्षा दिनु पर्दछ ।

क) लिखित परीक्षामा सवारी तथा यातायात व्यवस्था सम्बन्धी कानुनी प्रावधान, ट्राफिक नियमको पालना तथा सवारी साधनको प्राविधिक पक्ष सम्बन्धी सामान्य व्यवहारिक ज्ञानका विषयवस्तु समेटी पुर्णाङ्क १०० रहने गरी ४/४ अङ्कका जम्मा २५ओटा वस्तुगत बहुवैकल्पिक प्रश्नहरु सोध्ने गरिन्छ ।

ख) लिखित परीक्षा प्रयोजनका लागि यातायात व्यवस्था विभागले ५०० ओटा वस्तुगत बहुवैकल्पिक प्रश्नको सङ्ग्रह प्रकाशन गर्नेछ र सोही सङ्ग्रहबाट मात्र सम्बन्धित कार्यालयले लिखित परीक्षाको प्रश्नपत्र तयार गरी सोध्ने गर्दछ ।

ग) लिखित परीक्षाको समय ३० मिनेटको हुने व्यवस्था रहेको छ ।

घ) लिखित परीक्षामा न्यूनतम ६० (साठी) अङ्क प्राप्त गर्ने परीक्षार्थी उत्तीर्ण हुनेछ ।

ङ) अनलाइन माध्यमबाट समेत लिखित परीक्षा सञ्चालन गर्न सक्ने व्यवस्था छ ।

## ५.४ प्रयोगात्मक परीक्षा :

सवारी चालक अनुमतिपत्र लिनका लागि लिखित परीक्षा उत्तीर्ण भएका व्यक्तिलाई प्रयोगात्मक परीक्षामा समावेश गरिनेछ ।

यस पाठको प्रारम्भमा दिइएका चित्रअनुसारका प्रयोगात्मक परीक्षास्थलमा मोटरसाइकल, स्कुटर र मोपेडका लागि लिइने प्रयोगात्मक परीक्षाका चरणहरु यस प्रकार छन् :

क) घुमाउरो आठ परीक्षण

ख) साँघुरो फलेक

ग) घुम्ती परीक्षण

घ) ट्राफिक सङ्केत परीक्षण

ङ) उबड खाबड परीक्षण

च) उकालो परीक्षण

छ) व्यवहारगत पक्षको समग्र परीक्षण

यि माथिका प्रयोगात्मक परीक्षाका चरणहरु नियमपुर्वक ढङ्गले सवारीसाधन चलाउन सफल भई ७० अङ्क प्राप्त गरेमा उत्तिर्ण भएको मानिनेछ । तत्पश्चात् उक्त व्यक्ति सवारी चालक अनुमतीपत्र प्राप्त गर्न सफल भएको मानिनेछ ।

## ५.५ स्मार्ट लाइसेन्स :




बायोमेट्रिक र सेक्युरिटी चिप्ससहितको मेसिनले पढ्न सक्ने क्रेडिट कार्ड आकारको विद्युतीय सवारी चालक अनुमतीपत्रलाई स्मार्ट लाइसेन्स भनिन्छ । यसमा चालकसँग सम्वन्धित फोटोसहितका विवरण देखिने गरी राखिएका हुन्छन । यसमा जडान गरिएको धातुको चिपमा

चालकको बायोमेट्रिक्स डिटेलसहितका विवरण र सवारी साधनसँग सम्बन्धित डाटाहरु भण्डारण गरिएका हुन्छन । चालक ट्राफिक कारबाहीमा परेको विवरण समेत त्यहाँ इन्ट्री गरिन्छ । अर्थात स्मार्ट कार्डलाई रिडर मेसिनमा राख्नासाथ चालक र सवारीका सम्पूर्ण विवरणसँगै कारबाहीमा परेको रेकर्ड समेत हेर्न सकिन्छ । स्मार्ट लाइसेन्स पोलिकार्बोनेट पेपर (कार्वन एसिड र फिनोलको मिश्रणबाट बनेको पोलिस्टर पेपर) बाट बनेको हुन्छ जसलाई आगो र पानीले हानी पुऱ्याउँदैन ।

**अभ्यास :**

१) सवारी चालक अनुमतिपत्र भनेको के हो ?

२) मोटरसाइकलको सवारी चालक अनुमतिपत्र लिन कति वर्ष उमेर पुगेको हुनुपर्छ ?

३) ट्राफिक सङ्केतका ६ ओटा चित्रहरु बनाउनुहोस् ।

४) प्रयोगात्मक परीक्षाका कतिओटा चरणहरु छन् ?

५) स्मार्ट लाइसेन्स कस्तो किसिमको पेपरबाट बनेको हुन्छ ?

**परियोजना कार्य :**

सवारीचालक अनुमतिपत्र लिनका लागि आवश्यक प्रक्रियाहरुबारे जान्न www.dotm.gov.np वेबसाइटमा जानुहोस् र टिपोट गरी कक्षामा प्रस्तुत गर्नुहोस् ।

# एकाइ ६

## हाम्रा सम्पदाहरू

**सिकाइ उपलब्धि :**

- स्थानीय सम्पदाको संरक्षण र विकासमा स्थानीय व्यक्ति तथा सङ्घ संस्थाहरुको भूमिका बताउन,
- जिल्ला तथा प्रदेश स्तरमा भएका सम्पदाहरुको पहिचान गर्न ।



# पाठ १

## स्थानीय सम्पदा



स्थानीय स्तरमा आर्थिक, सांस्कृतिक, ऐतिहासिक र धार्मिक महत्त्व राख्ने सम्पदाहरु स्थानीय सम्पदाहरु हुन्। बर्दिया जिल्लामा रहेका पालिकाहरुमध्ये गुलरिया नगरपालिका प्राकृतिक स्रोतसाधनमा समृद्ध पालिका हो । प्रकृतिमा उपलब्ध स्रोतसाधनहरुलाई प्राकृतिक सम्पदा भनिन्छ। जस्तै : नदी, खोला, ताल, वनजङ्गल, पहाड आदि प्राकृतिक सम्पदा हुन् । त्यसैगरी हाम्रा चालचलन रीतिरिवाजसँग सम्बन्धित सम्पदा सांस्कृतिक सम्पदा हुन्।

### १.१ कृष्णसार संरक्षण क्षेत्र

बर्दिया जिल्लाको खैरापुर क्षेत्रमा प्राकृतिक अवस्थामा रहेको दुर्लभ वन्यजन्तु कृष्णसारको संरक्षणका लागि गुलरिया नगरपालिका अन्तर्गतको १६.९५ वर्ग कि.मि. क्षेत्रलाई नेपाल सरकारले वि.सं. २०६५ फागुन २३ गते कृष्णसार संरक्षण क्षेत्रको रूपमा घोषणा गरेको हो । कुल क्षेत्रफल मध्ये कृष्णसारको वासस्थान क्षेत्र ५.२७ वर्ग कि.मि. र वरिपरिको प्रभावित क्षेत्र ११.६८ वर्ग कि.मि. रहेको छ।

वि.सं. २०३१ सालमा बर्दिया वन्यजन्तु आरक्ष स्थापना भएको समयमा बाँके, बर्दिया जिल्ला लगायत समग्र नेपालबाटै कृष्णसार लोप भइसकेको आशङ्का गरिएको थियो । बर्दियामा वन्यजन्तु आरक्ष (हाल बर्दिया राष्ट्रिय निकुञ्ज) स्थापना गरिएपछि वि.सं. २०३२ असोजमा बाँके, बर्दियामा कृष्णसार बाँकी छन् कि भन्ने बारे खोजी गरियो। त्यसबेला बर्दिया जिल्ला गुलरिया नगरपालिका स्थित खैरी पण्डितपुरको जङ्गल किनार आवादी क्षेत्रमा एउटा सिङ भाँचिएको एउटा बुढो भाले, एउटा वयस्क भाले, तीनओटा पोथी र चार बच्चाहरू समेत जम्मा नौओटा कृष्णसार फेला परेका थिए। यसरी फेला परेका कृष्णसारको पूर्ण संरक्षणको लागि तत्कालै वन विभागको सशस्त्र सुरक्षा गार्ड खटाई कृष्णसार संरक्षण चौकी खडा गरिएको थियो। सोही प्रयासको फलस्वरूप नेपालका संरक्षित क्षेत्रहरुमा कृष्णसार वृद्धि भईरहेको छ। यसै सन्दर्भमा कृष्णसारको संरक्षण गर्न

अति आवश्यक देखिएकाले कृष्णसार संरक्षण क्षेत्रको स्थापना गरिएको हो ।

कृष्णसार खुला घाँसे मैदान अर्थात् दुबो र काँसको मैदानमा बस्न रुचाउँछ । त्यसैले आवादी छेउमा घरपालुवा जनावर गाई, भैंसी, भैंडाबाख्राहरू सँगसँगै चर्ने र बस्ने गर्दछ। यिनीहरूको निरन्तर अवलोकन गरी सङ्ख्या अद्यावधिक गर्ने गरिएको छ। कृष्णसार संरक्षण क्षेत्रलाई व्यवस्थित गर्ने सिलसिलामा आवश्यक भौतिक निर्माण तथा वासस्थान व्यवस्थापनका कार्यहरू भइरहेका छन् । संरक्षण क्षेत्र व्यवस्थापन योजना बनाई भविष्यमा यसको संरक्षण र व्यवस्थापनको जिम्मेवारी स्थानीय समुदायलाई हस्तान्तरण गर्ने योजना रहेको छ ।

**कृष्णसार संरक्षणको लागि स्थानीय तहको भूमिका**

- लोपोन्मुख प्रजाती भएकोले कृष्णसारको सुरक्षित वासस्थानको ब्यवस्थापनमा जोड दिने ।
- चोरी शिकार नियन्त्रण गर्न कडा कानुन बनाएर लागु गर्ने ।
- आहाराको लागि वर्षे तथा हिउँदे घाँस लगाउने र पिउने पानीको लागि स-साना पोखरी बनाउने ।
- दुर्लभ प्रजाति भएकोले यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार प्रसार गराउने ।
- आन्तरिक पर्यटकहरुलाई न्यूनतम शुल्क लगाई प्राप्त रकम कृष्णसार संरक्षणमा खर्च गर्न लगाउने ।
- कृष्णसार क्षेत्र मानव वस्तीको बिचमा भएकोले चौकीदार तथा हेरालुको व्यवस्था गर्ने र वरिपरि तारबार गर्ने ।
- बाढी प्रभावित क्षेत्र भएकोले बाढीबाट जोगाउन ठाउँठाउँमा माटोको ढिस्को बनाउने ।
- कुकुरहरुले आक्रमण गर्ने हुँदा भुस्याहा कुकुरहरु नियन्त्रण गर्ने ।
- कृष्णसारको महत्त्व दर्शाउन जनचेतनामूलक कार्यक्रमहरु समुदायमा सञ्चालन गर्ने ।

## १.२ सरयू नदी (भादा):



नदी नियन्त्रण गर्न तटबन्ध

लुम्बिनी प्रदेशको दाङ जिल्लामा उद्‌गमस्थल भई अन्य स-साना खोलाहरु मिसिदै बबई खोला बन्दछ । सल्यानबाट आएको शारदा खोला मिसिएपछि यसको आकार बढ्दै जान्छ । दाङ सल्यान हुदै बर्दियामा प्रवेश गरेपछि यो बबई नदीको नामले चिनिन्छ भने हाम्रो गुलरिया नगरपालिकामा यसलाई भादा नदीको नामले चिनिन्छ । त्यसैगरी भारतमा पुगेपछि यसलाई सरयू नदी भनिन्छ । पहिले हाम्रो जिल्लामा पनि यसलाई सरयू नदी भनिन्थ्यो । वि.सं. २००७ साल तिरको बाढीमा यसले स्थान परिवर्तन गरी भादा कुलोमा प्रवेश गरेकोले यसलाई भादा नदी भन्न थालियो । नदीको बहाव रहेको पूराना स्थानहरुलाई अहिले पनि सरयू नदी भनिन्छ । धार्मिक दृष्टिकोणले अत्यन्तै महत्त्वपूर्ण मानिने यो नदीले बर्दिया जिल्लाका सबै पालिकाहरुमा सिँचाइ र कृषि उत्पादनका लागि योगदान पुर्‍याएको छ । नदीको पानीलाई सिँचाइ, मत्स्यपालन कार्यमा उपयोग गरिएको छ । तर वर्षामा आउने बाढीले जनधनको क्षति समेत हुने गरेको छ ।

**नदीको संरक्षणमा स्थानीय तह तथा संघ संस्थाहरुको भूमिका :**

- सरयू नदी धार्मिक महत्त्व बोकेको सम्पदा भएकोले यसको संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने ।
- नदीको अतिक्रमण रोक्न आवश्यक नियम कानुन निर्माण गर्ने ।
- जथाभावी ढुङ्गा बालुवा निकाल्न प्रतिवन्ध लगाउने ।
- नदीको दुबै तर्फ गुणस्तरीय तटबन्धन गर्ने र तटबन्धन माथि बाटो निर्माण गरी गुच्छे जरा हुने वनस्पतिहरु रोपण गरी यसको सुन्दरतालाई बढाउने ।
- पानी बढी भएको स्थानमा गोही तथा मत्स्यपालन गरी पर्यटकहरुलाई थप आकर्षण गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने ।
- नदीले धार्मिक तथा पौराणिक महत्त्व बोकेको कुरालाई आधुनिक सञ्चार प्रविधिको प्रयोग गरी प्रचार प्रसार गर्ने ।
- र्‍याफ्टिङ तथा डुङ्गा सयरको व्यवस्था गरी पर्यटन प्रवर्धनमा टेवा पुर्‍याउने ।

## अभ्यासः

### तलका प्रश्नहरुको छोटो उत्तर दिनुहोस्।

क) प्राकृतिक सम्पदा र सांस्कृतिक सम्पदा विच फरक छुट्याउनुहोस् ।

ख) दुर्लभ वन्यजन्तु कृष्णसारका कुनै दुईओटा विशेषता लेख्नुहोस् ।

ग) कृष्णसार संरक्षणको लागि स्थानीय तहको कुनै दुईओटा भूमिका लेख्नुहोस् ।

घ) सरयू (भादा) नदीको महत्त्व दुईओटा वुँदामा लेख्नुहोस् ।

ङ) सरयू नदीको संरक्षणमा स्थानीय तहले खेल्नुपर्ने कुनै दुईओटा भूमिका लेख्नुहोस् ।

## परियोजना कार्यः

कक्षाका सबै साथीहरु कक्षा शिक्षकसँग कृष्णसार संरक्षण क्षेत्र र सरयू (भादा) नदी अवलोकन गरी प्रतिवेदन तयार पार्नुहोस् ।

### २.१ बर्दिया राष्ट्रिय निकुञ्ज:




सुरुमा कर्णाली वन्यजन्तु आरक्षको रूपमा स्थापित यो निकुञ्जपछि बर्दिया वन्यजन्तु आरक्ष बन्यो भने वि.सं. २०४५ मङ्सिर २० गते बर्दिया राष्ट्रिय निकुञ्जको रूपमा घोषणा गरिएको हो। बर्दिया जिल्लाका कर्णाली र बबई नदीका केही भाग समेत समेटेको यो निकुञ्ज तराईका राष्ट्रिय निकुञ्जहरूमध्ये सबैभन्दा ठूलो हो। यसको कुल क्षेत्रफल ९६८ वर्ग किलोमिटर रहेको। यस निकुञ्जको मध्यवर्ती क्षेत्र वि.सं. २०५३ मा घोषणा भएको थियो। सुरुमा ३२७ वर्ग किलोमिटर क्षेत्रफल समेटेर घोषणा भएको मध्यवर्ती क्षेत्र सन् २०१० मा १८० वर्ग किलोमिटर थप गरी सुर्खेत तर्फ विस्तार गरिएको छ। हाल यसको कुल क्षेत्रफल जम्मा ५०७ वर्ग किलोमिटर रहेको छ। निकुञ्ज अन्तर्गत चुरेको माथिल्लो भागतिर केही सल्लाका जङ्गलहरू छन् भने तराईको धेरैजसो भाग सालको जङ्गलले ढाकेको र बिच बिचमा घाँसे मैदान रहेको छ। पाटे बाघ, एक सिङ्गे गैंडा, चितुवा, घोडा, गधा, जरायो, चित्तल, लगुना, बाह्रसिङ्गा र जंगली हात्ती लगायत ५६ प्रजातिका स्तनधारी वन्यजन्तुहरु लगायत चराचुरुङ्गी पाइन्छन्। जलचरहरूमा घडियाल गोही, मगर गोही, सोंस र विभिन्न प्रजातिका माछा यहाँ पाइन्छन्।

यस निकुञ्जमा हालसम्म ४३८ थरी रैथाने र बसाइँ सरी आउने चराहरूको अभिलेख गरिएको छ। पर्यटनको प्रचुर सम्भावना रहेको यस निकुञ्जमा वर्षेनी पर्यटकको सङ्ख्या बढिरहेको छ।

### २.२ कर्णाली पुल

नेपालको लामो पुल मध्येको एक हो जुन कर्णाली नदी माथि चिसापानीमा अवस्थित छ। यो पूर्व-पश्चिम राजमार्ग (साविक महेन्द्र राजमार्ग) को भाग हो जसले नेपालको लुम्बिनी र सुदुर पश्चिम प्रदेशलाई नेपालको अन्य भागसँग जोड्ने गर्दछ। यसको

निर्माण सन् १९९३ मा पूरा भएको हो । यो तार पुल (Cable-stayed bridge) हो जसको बिचमा ठुलो खम्बा हुन्छ र त्यसमा स्टिलका तारहरू बाँधेर ट्रस (Truss) लाई अड्याइएको हुन्छ । यो ५०० मिटर लामो तथा १० मिटर चौडा छ । बिचको खम्बाको एक भागतिर ३२५ मिटर छ भने अर्को भाग तिर १७५ मिटर छ । यसको निर्माणमा ३,८७० टन स्टिल प्रयोग गरिएको छ । यसको निर्माण जापानको कावासाकी हेवी इन्डस्ट्रिजले गरेको हो ।



कैलालीको लम्की चुहा नगरपालिका वडा नम्बर ३ चिसापानी स्थित पूर्वपश्चिम राजमार्गबाट सुदूरपश्चिमलाई जोड्ने कर्णाली नदीको पुल जीर्ण बन्दै गएको छ । पर्यटकीय हिसाबले समेत महत्त्वपूर्ण मानिएको कर्णाली पुल नियमित मर्मतसम्भार तथा रेखदेखको अभावमा जीर्ण बन्दै गएको हो । नियमित मर्मतसम्भार र रङरोगन नहुँदा पर्यटकीय महत्त्व बोकेको कर्णाली पुल जीर्ण बन्दै गइरहेकोले समयमै मर्मतसम्भार गर्नुपर्ने देखिन्छ ।

नेपालका विभिन्न जिल्लासहित आन्तरिक र बाह्य पर्यटकहरु चिसापानी पुल हेर्न आउने गर्दछन् । उनीहरु एसियाकै नमुना पुल हेर्नका लागि स-परिवार चिसापानी आउने गर्दछन् । साथै कर्णाली पुलमा फोटो खिच्ने, कर्णालीको चिसो हावामा रमाउने गर्दछन् ।

## २.३ बढैया तालः



बर्दिया जिल्लाका विभिन्न सम्पदा अन्तर्गत बढैया ताल पनि एक प्रमुख सम्पदा हो । बढैया ताल बर्दिया जिल्लाको तत्कालीन सोरहवा र मानपुर (मैनापोखर) गाउँ विकास समितिको सिमानामा अवस्थित ताल हो । हाल यो ताल बढैयाताल गाउँपालिकामा पर्दछ । साइवेरियाबाट हरेक वर्ष असङ्ख्य हाँस चराहरु विचरणका लागि आउने बढैया ताल आदिवासी थारु वस्तीको बिचमा छ । थारु भाषाको बढीया शब्द अपभ्रंस भएर बढैया भएको हो भन्ने भनाइ रहेको छ । बढीया शब्दको अर्थ राम्रो अथवा सुन्दर भन्ने हुन्छ । यसैगरी ठूलो ताल भएकाले पनि यसलाई थारु भाषामा बढ्रैया अर्थात् ठूलो ताल भनी नामाकरण गरिएको भन्ने

भनाइ पाइन्छ । धार्मिक दृष्टिकोणले अत्यन्तै पवित्र मानिने यो ताल करिव ११० विगाहा क्षेत्रफलमा फैलिएको छ । समुन्द्र सतहवाट करिव १४६ मिटर उचाईमा रहेको यो तालको दक्षिणी किनारामा देवीको मन्दिर देउठन्ना छ र यो ताल बर्दिया जिल्लाको सबैभन्दा ठूलो ताल हो ।

नेपालकै ठुलो पर्यटकीय सिमसार क्षेत्र बढैयातालले संरक्षण पाएको छैन । चीन हुँदै विभिन्न देशबाट आगन्तुक तथा स्थानीय चार सय प्रजातिका चरा हिउँदमा फुल पार्न र बच्चा कोरल्न आउँछन् । यहाँ तीनमहिना बस्ने चरामा साइबेरियाली सारस, मैना, जुरेली, धोबीन, राजलाहाँचे, क्राउन, चखेवा, कर्‍याङकुरुङ लगायत चरा र तीन सय जातका माछामा रोही, प्रह्नी, नैनी, सिलभर, कमनकार्प लगायत छन् । तिनलाई हेर्न स्वदेशी तथा विदेशी पर्यटक आउँछन् । यहाँ कमलको फूल फुलेको हुन्छ । एक सय दश बिघाको ताल चुरे पहाडको डाँडाबाट हेर्दा सेतो थालजस्तै टलक्क टल्किएको देखिन्छ । बर्दिया जिल्लाकै ठूलो सिमसार क्षेत्र बढैयातालमा कहिले पनि पानी सुक्दैन । सो ताल सरकारले संरक्षण गर्नुपर्नेमा नगरेकाले मानव अतिक्रमण बढेको छ । हाल बढैयाताल गाउँपालिकाले संरक्षणको प्रयासस्वरुप भ्यू टावर तथा नजिकै वनभोज स्थल समेत निर्माण गरेको छ ।

**अभ्यासः**

**छोटो उत्तर दिनुहोस् ।**

क) बर्दिया राष्ट्रिय निकुञ्जको कुनै दुईओटा विशेषता लेख्नुहोस् ।


ख) कर्णाली पुलको पर्यटकीय महत्त्व लेख्नुहोस् ।

ग) बढैयातालको मुख्य विशेषता लेख्नुहोस् ।

**परियोजना कार्यः**

बढैयातालको महत्त्व र संरक्षणको आवश्यकता शीर्षकमा कक्षामा साथीहरुको समूह बनाई छलफल गर्नुहोस र पालैपालो प्रस्तुत गर्नुहोस् ।

### ३.१ पाण्डवेश्वर (धारापानी) मन्दिरः



पाण्डवेश्वर मन्दिर लुम्बिनी प्रदेश अन्तर्गत दाङको घोराही उपमहानगरपालिका वडा नम्बर ५ को धारापानी गाउँमा पर्छ । यो मन्दिर समुद्र सतहबाट ६३३ मिटर उचाइमा रहेको छ । यसको दक्षिणमा चुरे पहाड, उत्तरमा सरयू गंगाको उद्‍गम नदी, पूर्वतर्फ घना जङ्गल र पश्चिमतर्फ धारापानी गाउँ पर्दछ । आज भन्दा २०० वर्ष पहिला गुरुवा गाउँका चौधरीहरु धानको बिउ दबाउन प्रयोग गरिने काठ काट्ने क्रममा जङ्गल जाँदा एउटा साजको रुख दिनभर काट्दा समेत नकाटिएपछि अर्को दिन जाँदा काटेको घाउ पुरिएर जस्ताको त्यस्तै देखेपछि सबै अचम्मित भएर यहाँ के रहेछ भनी पातपतिङ्गर सफा गरेर हेर्दा शिवलिङ्ग र सानो गहिरो जलकुण्ड फेला परेको थियो भन्ने भनाइ छ ।



हाल पाण्डवेश्वर मन्दिरको बिच भागमा दिव्य शिवलिङ्ग रहेको छ । पाण्डवेश्वर मन्दिरभित्र रहेको दिव्य शिवलिङ्ग पाँच हजार वर्ष अघिको अनुमान गरिएको छ । भगवान् शिव देवाधिदेव हुनु भएकाले यस क्षेत्रमा सबै देवीदेवताहरु र गङ्गाजी आई बास गरेका हुन्छन् भन्ने शास्त्रहरुमा भनाइ छ । यस मन्दिरमा आएर भक्तजनहरु शिवलिङ्गको दर्शन गरेर गएपछि मानसिक र शारीरिक पीडा कम भएको बताउँछन् । धारापानी शिव धाम (पाण्डवेश्वर धाम) मा विश्वकै सबैभन्दा अग्लो त्रिशुल निर्माण गरिएको छ । उक्त त्रिशुल निर्माण गर्ने क्रममा निकै नै चमत्कारी घटनाहरु भएको प्रत्यक्षदर्शीहरु बताउँछन् ।

त्रिशुल निर्माण गर्ने क्रममा मन्दिरदेखि पूर्व दक्षिण कोणमा खनेर जमिन समतल बनाउने कार्य हुँदै गर्दा साज र सालको रुख डोजरले उखेल्ने क्रममा सालको रुख उखेलिएको

तर साजलाई पटक पटक प्रयास गर्दा पनि नउखेलिएको बरु उल्टै डोजरको दाँत भाँचिएको रोचक घटना रहेको र उक्त साजको रुख भएको ठाउँमा डेढ फुट लामो गोजर नाग आएर आधा घण्टासम्म रुखको वरिपरि घुमिरहेको थियो । ढलेको रुख पुन यथास्थानमा आएर बसेपछि हाल सो वृक्ष भएको ठाउँमा वरिपरी बेरेर सो स्थानमा दैवीशक्ति रहेको विश्वासमा पूजाआजा गर्ने गरिएको छ ।

धारापानी पाण्डवेश्वर महादेवधामको अर्को रोचक पौराणिक किम्बदन्ति पनि रहेको छ । सत्ययुगमा पाण्डवहरु स्वर्ग जानेबेला यहीँ बास बसेर ज्योतिर्लिङ्ग स्थापना गरेकाले पाण्डवेश्वर महादेव नामाकरण गरिएको धार्मिक मान्यता रहेको छ । हवन कुण्डको पश्चिमतर्फको खोल्सामा पाँच पाण्डव, द्रौपदी र कुकुरको आकृति भएका ढुङ्गा एकै स्थानमा रहेका छन् ।

ज्योतिर्लिङ्ग भएको शिलामा पादुका, बाघका आँखा, नाग, सागरको चित्र अङ्कित छ, भने त्यहाँ रहेको कुण्डमा भ्यागुता र सर्पसँगै बस्ने गरेको बेलाबखत बाहिर निस्कने र फेरि भित्र पस्ने गरेको प्रत्यक्षदर्शीहरुको भनाइ रहेको छ । यस कुण्डमा जति पानी हालेपनि कहिल्यै नभरिएको अनौठो तथ्य छ । कुण्डको वास्तविक गहिराइ हालसम्म पनि पत्ता लाग्न सकेको छैन । कुण्डमा पानीको स्रोत र निकासबारे अहिलेसम्म यथार्थ जानकारी पाइएको छैन ।

## ३.२ बागेश्वरी मन्दिरः



लुम्बिनी प्रदेश बाँके जिल्लाको सदरमुकाम नेपालगन्जमा अवस्थित बागेश्वरी मन्दिर हिन्दु धर्मावलम्बीहरुको महत्त्वपूर्ण शक्तिपीठको रुपमा रहेको छ। प्यागोडा शैलीमा निर्मित यस मन्दिरमा विभिन्न देवीदेवताहरुका मुर्तिहरु छन् । यहाँ सतीदेवीको जिब्रो पतन भएकोले यसलाई वाकेश्वरी भनियो र पछि वाकेश्वरी भन्ने शब्द अपभ्रंश भइ बागेश्वरी बनेको हो र यसै ठाउँको नामबाट जिल्लाको नाम बाँके रहन गएको हो भन्ने जनविश्वास रहेको छ । यहाँ मन्दिर र मूर्तिको स्थापना प्राचीन कालमा भएको र मर्मतसुधार दिग्विजय सिंहले

गराएका थिए भन्ने कुरा इतिहासवाट थाहा पाउन सकिन्छ। मन्दिरको वरिपरि भैरव, काली, सिंह आदिका मूर्ति र मन्दिर पनि छन्। यहाँको नाग मन्दिरमा नाग पञ्चमीको दिन विशेष पूजा गरिन्छ। बागेश्वरी मन्दिर मध्य तथा सुदुर पश्चिम नेपालको मुख्य धार्मिक स्थल हो। यो नेपालगञ्जको मध्य भागमा पर्दछ। यहाँ दूर्गा भवानीको प्रसिद्ध मन्दिर र आराध्यदेव महादेवको प्रतिमा छ। सतीदेवीको देहान्त भएपछि पीडामा रहेका महादेवले सतीदेवीको शव बोकेर भौंतारिएका बेला सतीदेवीका शरीरका अङ्गहरु पतन भएको धार्मिक मान्यता छ। त्यसबेला शव यात्राका क्रममा सतीदेवीको जिब्रो पतन भएको ठाउँमा कालान्तरमा बागेश्वरी मन्दिर स्थापना भएको शास्त्रहरुमा उल्लेख छ।

जनश्रुतिअनुसार २ हजार वर्ष अगाडि पशुपतिनाथबाट फर्केका तपस्वीहरु यहाँ राती बास बसेका थिए। बास बस्ने क्रममा सपनामा दर्शन दिएकी देवीले मेरो जिब्रो यहीँ पतन भएको हो भनेर खाल्डो देखाईन्। पछि हेर्दा त्यहाँ रहेको शक्तिपीठ तपस्वीहरुले फेला पारेपछि सबैको फलिफाप हुने भन्दै स्थानीयवासीसँग मिलेर मन्दिर निर्माण गरेको जनविश्वास छ। यहाँ रहेको जुँगे महादेवको मुर्ति नेपालमै एक मात्र हो। यो प्राचीन मूर्तिलाई वि.सं. २००५ साल तथा वि.सं. २०३० सालमा जिर्णोद्धार गरी आजको अवस्थामा ल्याईएको हो। ठूलो पोखरीको बिचमा रहेको नेपालको एक मात्र जुङ्गे महादेवको मुर्तिको दर्शन गर्न नेपालगञ्ज आउनेहरूको सङ्ख्या हरेक वर्ष बढिरहेको हुन्छ। यस मन्दिर परिसरमा विवाह मण्डप, गणेश पूजन, रामजानकी मन्दिर, हनुमानगढी, राधाकृष्ण मन्दिर, सन्तोषी माता लगायत देवाधिदेव महादेवको मूर्ति तथा सांस्कृतिक स्थल समेत रहेका छन्। साथै यहाँ सानो पार्क समेत छ। यहाँ बसोबासका लागि पर्याप्त होटलहरु पनि छन्। यस मन्दिरमा वि.सं. २०७९ माघ महिनादेखि 'महाआरती' गर्ने गरिएको छ जसमा हजारौं भक्तजनहरुको घुईंचो लाग्दछ। सम्बन्धित निकायबाट यसको प्रचारप्रसारका लागि ठाउँ ठाउँमा जानकारी लेखिएका बोर्ड, पोष्टर, पम्प्लेट, ब्रोसर आदिको व्यवस्था गर्नु आवश्यक देखिन्छ।




### ३.४ बाँके राष्ट्रिय निकुञ्ज :

नेपाल सरकारले बाघ संरक्षणका लागि अन्तर्राष्ट्रिय समुदायसँग गरेको प्रतिवद्धताअनुरूप बाघको वासस्थान र जैविक मार्ग संरक्षण गर्ने उद्देश्यले

वि.सं. २०६७ आषाढ २८ गते बाँके, दाङ र सल्यान जिल्लाको ५५० वर्ग किलोमिटर क्षेत्र समेटी नेपालको दशौँ राष्ट्रिय निकुञ्जको रूपमा बाँके राष्ट्रिय निकुञ्जको स्थापना गरिएको हो । यस निकुञ्जको पूर्वी सिमाना शिवखोला, पश्चिम कोहलपुर सुर्खेत राजमार्ग, उत्तर चुरे पर्वत र दक्षिण पूर्व-पश्चिम राजमार्ग रहेको छ ।

यो निकुञ्ज पाटेबाघ र हात्तीको महत्त्वपूर्ण वासस्थानको रूपमा रहेको छ । निकुञ्जभित्र वन्यजन्तु आवतजावतमा अप्ठेरो पर्ने महादेवपुरी क्षेत्र पनि पर्दछ। यहाँ जैविक विविधताको दृष्टिले ८ओटा इकोसिष्टम, १२४ वनस्पति प्रजाति, ३२ प्रजातिका स्तनधारीहरू, ३०० भन्दा बढी प्रकारका चराको प्रजातिहरू, ५८ प्रजातिका माछाहरू, २२ सरीसृप तथा ६ प्रकारका उभयचरहरू पाइन्छन् । सन् २०१८ को बाघ गणना अनुसार यस निकुञ्जमा २५ओटा पाटे बाघ रहेका छन् । त्यसैगरी यस क्षेत्रमा ११ प्रजातिका दुर्लभ तथा सङ्कटापन्न स्तनधारीहरू र ५० प्रजातिका अन्तर्राष्ट्रिय स्तरमै दुर्लभ चराहरू रेकर्ड गरिएका छन् । बाँके, दाङ र सल्यान जिल्लाको ३४३ वर्ग कि.मि. क्षेत्रलाई समेटेर निकुञ्जसँगै यसको मध्यवर्ती क्षेत्रको पनि घोषणा भएको थियो । यी क्षेत्रहरुमा झण्डै ४३,००० मानिसहरूको बसोबास रहेको छ । यो निकुञ्ज पश्चिममा बर्दिया राष्ट्रिय निकुञ्जसँग जोडिएको हुँदा ठुला वन्यजन्तुको लागि एकदमै महत्त्वपूर्ण वासस्थानको रूपमा रहेको छ ।

### ३.५ लुम्बिनी



लुम्बिनी भगवान् गौतम बुद्धको पवित्र जन्मस्थल हो । इसापूर्व ५६३ मा लुम्बिनीको सुन्दर र पवित्र बगैँचामा माता मायादेवीको कोखबाट शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्म भएको थियो । गौतम् बुद्धको जन्म हुनासाथ सात पाइला हिँडेको कुरा शास्त्रहरुमा उल्लेख छ । यसको अर्थ के हो भने उनले आमाको गर्भमै बुद्धत्व प्राप्त गरिसकेका थिए । सो ठाउँ नेपालको लुम्बिनी प्रदेशको रुपन्देही जिल्लामा अवस्थित रहेको छ । लुम्बिनी नेपालको एउटा प्रसिद्ध तीर्थस्थल र पर्यटकीय स्थल हो । यहाँ विश्वभरिबाट धेरै मानिसहरु गौतम बुद्ध जन्मेको ठाउँ अवलोकन गर्न आउँछन् । इसापूर्व २४९ मा सम्राट अशोकले यस स्थलको तीर्थाटन गरेका थिए र यस तीर्थाटनको संस्मरणमा अभिलेख पनि कुँदाएका थिए । यी कुराको जानकारी इसाको पाँचौँ शताब्दीमा

आएका चिनीयाँ यात्री त्सेङ साई, पायिहयान र सातौँ शताब्दीमा आएका अर्का चिनियाँ यात्री हु येन्साङले विस्तृत रुपमा आफ्नो यात्रा विवरणमा गराएका थिए । सन् १८९६ मा पूरातात्त्विक अन्वेषणका क्रममा सम्राट अशोकद्वारा राखिएको अशोक स्तम्भ र त्यसमा राखिएको अभिलेख भेटियो । त्यसमा उक्त ठाउँको नाम लुम्बिनी भनेर उल्लेख भएको पाईन्छ। यस अभिलेखबाट गौतम बुद्धको जन्मस्थल लुम्बिनी भएको पहिचान भई विश्वभर स्थापित भयो। धार्मिक महत्त्व एवम् ऐतिहासिक पृष्ठभूमिका कारण बौद्ध धर्मावलम्बीहरुका लागि लुम्बिनी अत्यन्तै महत्त्वपूर्ण तीर्थस्थल हो। मायादेवी र भगवान् बुद्धप्रति आस्था राख्ने भएकाले हिन्दु धर्मावलम्बीहरुको लागि समेत लुम्बिनी महत्त्वपूर्ण धार्मिक गन्तव्य बनेको छ। सन् १९९७ देखि यो स्थल विश्व सम्पदा सूचीमा समेत सूचिकृत भएको छ। हरेक वर्ष संसारभरबाट लाखौंको सङ्ख्यामा तीर्थालु पर्यटकहरु तथा अध्ययनकर्ताहरु लुम्बिनीको भ्रमण गर्छन् । हाल यस क्षेत्रमा लुम्बिनी बौद्ध विश्वविद्यालय सञ्चालनमा रहेको छ।

**परियोजना कार्यः**

तपाईँको समुदाय वा नगर क्षेत्रमा रहेको कुनै एक सम्पदाको बारेमा प्रचारात्मक लेख लेखी शिक्षकको सहयोगमा स्थानीय पत्रिकामा प्रकाशन गर्नुहोस् । त्यसलाई पत्रिकाको नाम र मिति सहित काटेर फाइलिङ गरी राख्नुहोस् ।

# सम्पदाको संरक्षण

सम्पदाहरु हाम्रा धरोहर हुन् । हाम्रो परिचयका आधारस्तम्भहरु हुन् । हाम्रा पुर्खाले बनाइदिएका र हाम्रा लागि छोडिदिएका विकासका पूर्वाधार हुन् । त्यसैले यिनीहरुको संरक्षण गर्नु प्रत्येक व्यक्ति समुदाय र राष्ट्रको जिम्मेवारी हो । स्थानीय सम्पदाहरुले हाम्रो स्थानीय पहिचान दिन्छन् । त्यसैले हामीले स्थानीय स्तरबाटै संरक्षणको प्रयास गर्नु पर्दछ । स्थानीय सम्पदाको संरक्षण र विकासमा स्थानीय व्यक्ति र सङ्घसंस्थाको भूमिकालाई निम्नानुसार उल्लेख गरिएको छ ।

## ४.१ स्थानीय व्यक्तिहरुको भूमिका :

- स्थानीय सम्पदाको महत्त्व आफूले बुझ्ने र अरुलाई बुझाउने ।
- स्थानीय सम्पदाको संरक्षणमा प्रत्येक व्यक्तिले सहभागिता जनाउने ।
- स्थानीय सम्पदाको संरक्षणका लागि योजना बनाउने काममा टोल छिमेक र समुदायमा सकृय सहभागिता जनाउने ।
- स्थानीय सम्पदा वरपर प्रदुषण नगर्ने, सम्पदालाई हानी नोक्सानी पुग्ने कार्य नगर्ने र अरुलाई पनि गर्न नदिने ।
- आर्थिक, सांस्कृतिक र प्राकृतिक महत्त्वका सम्पदाको समय-समयमा भ्रमण तथा अवलोकन गर्ने र अरुलाई पनि अवलोकनका लागि प्रोत्साहन गर्ने ।

## ४.२ स्थानीय संघसंस्थाको भूमिका :

- स्थानीय सम्पदाको संरक्षणका लागि विशेष योजना निर्माण गरी लागु गर्ने ।
- स्थानीय सम्पदाको संरक्षणका लागि स्थानीय स्तरमा आवश्यक पर्ने नीति नियम बनाउन स्थानीय तहलाई सहयोग गर्ने ।
- स्थानीय तहले सरोकारवालाको सुझाव सल्लाह तथा सहभागितामा विभिन्न नीति नियम बनाई लागु गर्ने ।

- आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षित गर्नेखालका योजना बनाई लागु गर्ने ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा स्थानीय तहका सम्पदाको संरक्षण र विकासका विषयवस्तु समावेश गरी पठनपाठन गराउने ।
- स्थानीय सम्पदाको संरक्षणका र विकासका लागि गरिएका कार्यहरुको समय समयमा अवलोकन तथा समीक्षा गर्ने ।
- सम्पदाको संरक्षणका र विकासका लागि प्रदेश सरकार तथा नेपाल सरकारसँग आवश्यक समन्वय गर्ने ।

### क्रियाकलाप

तपाईँको समुदायमा रहेका स्थानीय सम्पदा संरक्षण विकासमा तपाईँको भूमिका के-के हुन सक्छ ? समूहगत रुपमा छलफल गर्नुहोस् र कक्षामा प्रस्तुत गर्नुहोस् ।